विश्वासीहरूको निम्ति लेखिएको

पवित्र बाइबलको टिप्पणी

# उपदेशकको पुस्तकको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2017 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:
**जीवन मार्ग प्रकाशन**
**पी.ओ. बोक्स नं. २३**
**पी.ओ. कालिम्पोङ्ग - ७३४३०१**
**दार्जीलिङ्ग, पश्चिम बंगाल**
**भारत**

Please visit our webpage for additional literature.
These publications are available as pdf files from:
www.nbcinepal.org
or write to: nbcinepal@gmail.com

Printed at:

# उपदेशकको पुस्तकको भूमिका

*'म उपदेशको पुस्तकजस्तै उत्कृष्ट अरू कुनै पुस्तक जान्दिनँ, जुन पुस्तकले यसले जस्तै नाशवान् मानिसको पीड़ा र सुखको रसवान् चित्रण र विस्तृत सर्वेक्षण गर्छ; किनकि यस पुस्तकले मानिसको सफलता-असफलताको सठीक मूल्याङ्कन गर्छ; योजस्तै उच्च उदासीपन कुनचाहिँ पुस्तकमा छ होला ? मेरो विचारमा, योजस्तै शक्तिशाली, अदम्य कुनै कविताको रचना नै छैन, जुन रचना हामीलाई आत्मिक प्रकाश दिनमा योभन्दा बढ़ी सक्षम हुन्छ ।'*

श्री ई. सी. स्टेडम्यान

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

उपदेशकको पुस्तकचाहिँ पवित्र बाइबलको एकै पुस्तक हो, जसको अद्वितीय गुण र स्तरको विषयमा कहिल्यै कुनै प्रश्न उठेन । तर यसका लेखक, यसको लेख्ने मिति, यसको विषयवस्तु र सिद्धान्त, अँ, प्रायः यसको सबको सब एउटा विवादको विषय बनेको छ ।

यस पुस्तकले परमेश्वरको वचनको बाँकी भागसँग टक्कर खाएको जस्तै लाग्ने कारण हामीले यसको मानवीय तर्कमा खोज्नुपर्छ, किनकि यस पुस्तकले केवल 'सूर्यमनि'को दृष्टिकोण प्रस्तुत गर्छ । यसकारण उपदेशकको पुस्तक बुझ्ने कुञ्जी-शब्दचाहिँ 'सूर्यमनि' नै हो; 'सूर्यमनि' भन्ने वाक्यांश यस पुस्तकको सबैभन्दा महत्त्वपूर्ण शब्द हो । यो शब्द यस पुस्तकमा उनन्तीस पल्ट प्रयोग गरिएको छ; यसबाट लेखकको सामान्य दृष्टिकोण यही हुँदो रहेछ भन्ने स्पष्ट बुझिन्छ । उनको खोजतलाश यस पृथ्वीमा सिमित रह्यो । उनले जीवनको रहस्य बुझ्नको निम्ति चारैतिर सारा संसारभरि खोजे । अनि बुझ्नुहोस्, उनको यो सम्पूर्ण खोजतलाश उनले आफ्नो दिमागको बलले गरे, परमेश्वरको सहायताविना गरे ।

यसकारण 'सूर्यमनि' भन्ने कुञ्जी-शब्द हामीले निरन्तर मनमा याद गर्नुपर्छ; नत्र ता यस पुस्तकबाट ठूला समस्याहरू उठ्छन् । पवित्र धर्मशास्त्र बाइबलको बाँकी भागसित ठक्कर नखाएको जस्तै नलाग्ने गरी, अनौठा सिद्धान्तहरू पेश गरिएको भान नलाग्ने गरी हामीले यो पुस्तक पढ्न सक्नुपर्छ । किनकि यसमा कुनै शङ्कालाग्दो नैतिकताको शिक्षा पेश गरिएको छैन । यसमा ढुक्कै हुनुहोस् !

तर याद गर्नुहोस्ः उपदेशकको पुस्तक मानिसको बुद्धिको संग्रह हो, परमेश्वरको बुद्धिको संग्रह होइन । यसकारण यस पुस्तकमा प्रस्तुत गरिएका कति निष्कर्षहरू साँचो छन् भने यसका कति निष्कर्षहरू अर्धसत्य छन् र केहीचाहिँ साँचो छैनन् । यो किन यस्तो हो, सो उक्त कुराबाट स्पष्ट बुझिन्छ ।

आउनुहोस्, हामी यसको निम्ति केही उदाहरणहरू हेरौं ! उपदेशक १२ः१ पदमा दिइएको सल्लाह सबै युगका जवान मानिसहरूको निम्ति सत्य र उपयोग्य हो ।

तिनीहरूले आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर्नुपर्छ। तर उपदेशक १:४ पद अर्धसत्य हो; किनकि एउटा पुस्तापछि अर्को पुस्ता आउँछ भन्ने कुरा सत्य हो, तर पृथ्वी सदा-सर्वदा रहिरहन्छ भन्ने कुराचाहिँ सत्य होइन (भजन १०२:२५-२६ र २ पत्रुस ३:७ र १०)। अनि निम्न कुराहरू हामीले लेखिएको जस्तैको त्यस्तै लिनु हो भने, यी कुराहरू सत्य होइनन्: *'मानिसले खाओस्, पिओस् र आफ्नो परिश्रमबाट आफ्नो प्राणलाई असल कुरा उपभोग गराओस्, मानिसको निम्ति योभन्दा असल कुरा केही पनि छैन'* (२:२४); *'मानिस पशुभन्दा श्रेष्ठ छैन'* (३:१९); अनि *'मरेकाहरूले केही पनि जान्दैनन्'* (९:५)। यी कुराहरू सत्य होइनन्।

तर निस्सन्देह, हामीसँग परमेश्वरबाट कुनै दिव्य प्रकाश नभएदेखि हामी पनि यही निष्कर्षमा आइपुग्नेथियौं। यसमा शङ्का छैन।

### अ) तब उपदेशकको पुस्तक लेख्ने ईश्वरीय प्रेरणाको विषयमा के हो त ?

उपदेशकको पुस्तकका निष्कर्षहरू केवल 'सूर्यमनि' गरिएका मानवीय निष्कर्षहरू भएका हुनाले कतिचाहिँ अर्धसत्य भएका र कतिचाहिँ सत्य नभएका कुरा हाम्रो उक्त भनाइ थियो। तब यस कुराले उपदेशकको पुस्तक परमेश्वरको आत्माको प्रेरणाको फल हो भन्ने सिद्धान्त असर गर्छ कि गर्दैन ? तब यसको एकमात्र उत्तर 'यस कुराले यसको आत्माको प्रेरणा अलिकति पनि असर गर्दैन' भन्ने जवाफ हुन्छ।

यो पुस्तक परमेश्वरको आत्माको प्रेरणाद्वारा लेखिएको पवित्र ग्रन्थ अर्थात् परमेश्वरको वचनको अभिन्न अंश हो। यो पुस्तक परमेश्वरको आत्माको सास र प्राणवायु हो। अनि परमेश्वरले 'यो पुस्तक धर्मशास्त्र बाइबलका पवित्र पुस्तकहरूको कानुनमा समावेश हुनुपर्छ' भन्ने कुरा निर्धारित गर्नुभयो। अनि हामी सम्पूर्ण बाइबलको विषयमा जुन विश्वास राख्छौं, त्यो विश्वास उपदेशकको पुस्तकको विषयमा पनि दृढ़तासाथ कायम राख्छौं: यस पुस्तकको एक-एक शब्द, र यो पुस्तक सम्पूर्ण रूपले परमेश्वरको आत्माको प्रेरणाको फल हो। (बढ़ी जानकारीको निम्ति तपाईंले 'पुरानो नियमको भूमिका'मा हेर्नुहोला)।

तर पवित्र बाइबलका पुस्तकहरूको विषयमा कुरा यस्तै छः कहिलेकाहीं तिनमा शैतानले भनेका अथवा मानिसहरूले भनेका कुराहरू पढ़िन्छ, जुन कुराहरू सत्य छैनन्। हामी यसको उदाहरण दिन्छौं: उत्पत्ति ३:४ पदमा शैतानले हव्वालाई भनेको कुरा लेखिएको छः 'तिमीहरूले बगैंचाको बीचमा भएको रूखको फल खायौ भने तिमीहरू निश्चय मर्नेछैनौ' भनेर शैतानले भन्यो। अनि योचाहिँ बिलकुल एउटा झूट थियो; तर 'शैतान शुरुदेखि नै झूटा हो' भन्ने शिक्षा दिन त्यसले बोलेका शब्दहरू धर्म-शास्त्रमा हाम्रो निम्ति लेखिएका हुन्। यस सम्बन्धमा डा. एल. एस. चाफरले निम्न कुरा ख्याल गरेका छन्:

> 'शैतानले बोलेको अथवा मानिसहरूले बोलेका असत्य कुरा आत्माको प्रेरणाले लेखिएको लेखमा समावेश त गरिएको छ, तर यसको अर्थ झूटको धुलाइ भएको र स्वीकृत भएको होइन। किनकि ईश्वरीय लेखमा असल वा खराब, जेजस्तो होस्, कसैले भनेको वा गरेको कुरा जस्ताको त्यस्तै उल्लेख गरिएको छ।'1)

### आ) उपदेशकको पुस्तकको बेप्रयोग

उपदेशकको पुस्तकमा 'सूर्यमनि' पाइरहेको मानवीय तर्क प्रस्तुत गरिएको कारणले गर्दा यो पुस्तक सन्देहवादीहरू र झूटा पन्थहरूको निम्ति मनपर्दो पुस्तक भएको छ। तिनीहरूले बड़ो उत्साहको साथ यस पुस्तकबाट उद्धृत गरेर आफ्नो अविश्वास र आफ्ना पाखण्डी, विधर्मी शिक्षाहरू, विशेष गरी मृत्यु र परलोकको विषयमा राचेका आफ्ना सिद्धान्तहरू प्रमाणित

गर्न खोज्छन् । के हामी तपाईंलाई यसको स्पष्ट उदाहरण दिऔं ? तिनीहरूले 'मृत्युपछि मानिसको आत्मा चिरनिद्रामा पर्छ र दुष्ट मानिसहरूको मृत्यु भएपछि तिनीहरूको अस्तित्व हराउँछ' भन्ने कुरा सिकाउँछन् र यसको निम्ति यस पुस्तकका कतिपय पदहरू प्रयोग गर्ने गर्छन् । तिनीहरूले पदहरूको सन्दर्भ केही पनि वास्ता नगरी यी पदहरूसित मनपरी गर्दा रहेछन्, तब मानिसको आत्माको अमरता र पापी मानिसहरूको अनन्त सजायको शिक्षा अस्वीकार किन नहुने ?

तर तिनीहरूले 'सूर्यमनि' भन्ने कुञ्जी-शब्द कहिल्यै प्रयोग गर्दैनन्, नत्र तिनीहरूको बुझाइमा ढोका खोल्नेथियो । तिनीहरूले तिनीहरूको पकड़मा परेकाहरूलाई कहिल्यै भन्दैनन्, कि उपदेशकको पुस्तकले सूर्यमनि मानिसको बुद्धि कहाँसम्म पुग्न सक्छ, सो बताइदिन्छ । यसकारण यो पुस्तक इसाई मतका सिद्धान्तहरू प्रमाणित गर्न उपयोगी होइन । यस पुस्तकका लेखहरू यसको योग्य स्रोत हुँदैनन् ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

इस्वी संवत्‌को सत्रौं शताब्दीसम्म धेरैजसो यहूदीहरू र प्रायः सबै इसाईहरूले 'सुलेमान उपदेशकको पुस्तक लेख्ने लेखक हुन्' भन्ने कुरा विश्वास गर्थे । तर त्यसको एक शताब्दी अघि, अर्थात् सोह्रौं शताब्दीमा जिएका शास्त्रसम्मत श्री मार्टिन लुथरले 'यसको लेखक सुलेमान हुन्' भन्ने कुरा अस्वीकार गरे । तर त्यस समयसम्म यस प्रकारको धारणा विरलै पाइन्थ्यो ।

तर अचम्मको कुरा के हो भने, वर्तमान समयमा धेरैजसो बाइबल-विद्वान्‌हरूले 'सुलेमानले यो पुस्तक नलेखेका' भन्छन् । शास्त्रसम्मत विद्वान्‌हरूको राय पनि त्यो भयो, कसरी ? तिनीहरूको तर्क यस प्रकारको छः यो पुस्तक सुलेमानीय ढाँचामा प्रस्तुत गरिएको छ; यो छलबाजीको काम होइन, तर एक प्रकारको साहित्यको प्रयोग हो अरे ।

#### अ) सुलेमानचाहिँ यस पुस्तकको लेखक हुन् भन्ने धारणामा भएको समस्या

'राजा सुलेमानले उपदेशको पुस्तक लेखे' भन्ने परम्परागत धारणा अस्वीकार गर्ने मुख्य कारण यसको भाषा हो । किनकि धेरै विशेषज्ञहरूले यस पुस्तकमा प्रयोग गरिएका कति शब्दहरू छन् र व्याकरणका कति निर्माणहरू छन्, जसको रचना बेबिलोनी कैद र त्यसपछिको समयसम्म पाइँदैनथियो अरे ।

तर धेरैजसो इभान्जेलिकल इसाईहरूको लागि उपदेशकको पुस्तकका शब्दहरू सुलेमानको मुखमा राखिएको कुरा अवैधको काम हो, यो कुनै हालतमा पनि साहित्यको उपयोगी तरिका होइन । पश्चिमी देशका ख्रीष्ट-विश्वासीहरूको दृष्टिमा यो सरासर एउटा छलको काम हो ।

यसको पक्ष र विपक्षमा गरिएका तर्कहरू लामा र जटिल छन्; यसैले हामी यहाँ यस कुरामा पस्न सक्दैनौं । तर यति भन्न पर्याप्त होला, कि सुलेमान यस पुस्तकको लेखक हुने सम्बन्धमा उठाइएका आपत्तिहरू जित्न नसकिने होइनन् । किनकि श्री ग्लेसन आर्चरजस्ता भरपर्दा विद्वान्‌हरूको विचारमा, यो पुस्तक सुलेमानले लेखे । तिनीहरूको निम्ति यो विकल्प अझै जारी रहन्छ । 2)

#### आ) सुलेमानचाहिँ यस पुस्तकको लेखक हुन् भन्ने धारणाको पक्षमा भएका सकारात्मक तर्कहरू

वर्तमान समयमा यो परम्परागत धारणा जतिसुकै लोकप्रिय नभए तापनि, वास्तवमा, अहिलेसम्म यो धारणा कहिल्यै झूटो साबित भएन । यसकारण हाम्रो विचारमा, राजा सुलेमान यस पुस्तकको लेखक हुन् भन्ने धारणा कायम राख्नु सबैभन्दा न्यायसँगत र सुरक्षित कुरा हो ।

'सुलेमानले यो पुस्तक लेखे' भन्ने धारणाको निम्ति सङ्केतहरू उपदेशक १:१ र १२ पदमा पाइन्छ, जहाँ लेखकले आफूलाई 'यरूशलेमका राजा, दाऊदका पुत्र' भनेर आफ्नो परिचय दिए। हुन त, 'पुत्र' भन्ने शब्द पुस्तापुस्ताको सन्तानको अर्थमा पनि प्रयोग गरिएको छ। तर यो शब्द राजा सुलेमानको सुपरिचित जीवनी-सित मिल्ने विवरणमा पढ्न पाउँदा यसको गहकिलोपन निक्कै वजनदार हुँदो रहेछ।

लेखकले उपदेशक १:१२ पदमा 'म राजा थिएँ' भनेर भनेको कारणले धेरैजनालाई 'उनी अबचाहिँ राजा होइन रहेछन्' भन्ने कुरा प्रमाणित भएको लाग्छ। यसकारण तिनीहरूले 'यसको लेखक सुलेमान हुनै सक्दैनन्, किनकि राजा भईकन उनको मृत्यु भएको हो' भन्छन्। तर यो यसको अन्तिम निष्कर्ष हुनुपर्दैन। किनकि तपाईं आफै भन्नुहोस्, राजा सुलेमान्ले बुढ़ेसकालमा यो पुस्तक लेखेका भए के उनले आफू राजा भएको कुरा भूतकालमा भएको कुराजस्तै शैलीमा राख्न सक्दैनथिए र?

तर उपदेशकको पुस्तकमा सुस्पष्ट ऐतिहासिक सन्दर्भहरू छन्, जुन सन्दर्भहरू सुलेमानको जीवनसँग खूबै मेल खान्छन्, अनि वास्तवमा उनीबाहेक अरू कसैको जीवनसित यी सन्दर्भहरूले मेल खाँदैनन्।

**क)** सुलेमान यरूशलेममा राजा थिए। **ख)** उनीसँग अरू सबैको भन्दा बढ़ी बुद्धि थियो (उपदेशक १:१६)। **ग)** उनको प्रशस्त धन थियो (उपदेशक २:८)। **घ)** उनले आफूलाई कुनै सुखबाट अलग राख्दैनथिए (उपदेशक २:३)। **ङ)** उनका धेरै कमाराकमारीहरू र नोकरचाकरहरू थिए (उपदेशक २:७)। अनि **च)** उनी ठूला-ठूला भवनहरू निर्माण गर्नुमा सुप्रख्यात थिए; अनि दाखबारीहरूदेखि लिएर बगानहरू र पानीका दहहरू आदि उनले बनाइराखे। उनी यस प्रकारका सजिसजावट र ठाँटबाँटका योजनाहरूको निम्ति प्रसिद्ध थिए (उपदेशक २:४-६)।

यहूदी परम्पराले[3)] 'उपदेशकको पुस्तक सुलेमानको रचना हो' भन्ने कुरामा जोड़ दिन्छ; अनि इसाई युगका शुरुका शताब्दीहरूदेखि इसाई विद्वान्हरूले यही कुरा मान्दै आएका थिए। तर वर्तमान समयमा यस कुराको खण्डनमण्डन गरिन्छ।

'सुलेमान उपदेशकको लेखक थिएनन्' भन्ने धारणाको आधार प्रायः यस पुस्तकमा प्रयोग गरिएको भाषा सम्बन्धी तर्कहरू हुन्। तर हिब्रूका विशेषज्ञहरूले यी भाषिक तर्कहरूलाई ठूलो चुनौती दिएका छन्। यसकारण उक्त प्रमाणहरूको खातिर हामीले यहूदी र इसाई परम्परागत धारणा रोजेका छौं।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

मानौं, राजा सुलेमान यस पुस्तकका लेखक थिए; तब ख्रीष्टपूर्व ९३० साल यसको लेख्ने मिति थियो होला। किनकि सायद उनले आफ्नो बुढ़ेसकालमा यो पुस्तक लेखे होलान्, जब उनले आफ्नो स्वार्थी, विलासी जीवनबाट अघाइसके र यस प्रकारको जीवनसँग उनको मोह भङ्ग भइसक्यो।

तर सुलेमान यस पुस्तकको कोहेलेत अर्थात् यसको प्रवक्ता र प्रचारक नभएका भए 'यस पुस्तकको सम्भावित लेख्ने मिति एक हजार वर्ष यता र उता हुन जान्छ।[4)]

अब विद्वान्हरूको कुरा आयोः तिनीहरूले यस पुस्तकमा चलाइएको भाषा निक्कै पछाड़ि प्रयोग गरिएको हिब्रू भाषा ठान्छन्। तर श्री ग्लेसन आर्चरको विचारअनुसार यसको भाषा पछाड़िको होइन, तर अद्वितीय पो छ। जे होस्; यही कारणले धेरै विद्वान्हरूद्वारा उपदेशकको पुस्तकको लेख्ने मिति प्रायः यहूदीहरू बेबिलोनको कैदबाट फर्केर आएको समयदेखि यता भएको ख्रीष्टपूर्व ३५०-२५० सालको अवधिभित्र निर्धारित गरिएको हो। अनि कोही इभान्जेलिकल विद्वान्हरू पनि छन्, जसले यसको लेख्ने मिति ख्रीष्टपूर्व ४५०-३५०

सालको अवधिभित्र अर्थात् फारसको युगको अन्ततिर लगाउन रुचाएका छन् ।

तर उपदेशकको पुस्तकको अन्तिम सम्भावित लेख्ने मिति ख्रीष्टपूर्व २५०-२०० सालभित्रको अवधि हो; किनकि ख्रीष्टपूर्व १९० सालमा लेखिएको 'एक्लेसिअस्टिकस' नामक अकानुनीय पुस्तकको लेखकले निश्चय नै उपदेशकको पुस्तक आफ्नो लेखको निम्ति आधार तुल्याएको हुनुपर्ला, अनि ख्रीष्टपूर्वको दोस्रो शताब्दीको अन्ततिर लेखिएका मृत सागरका मुठाहरूमध्ये उपदेशकको पुस्तकका केही टुक्राटुक्रीहरू भेट्टाइए ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?

उपदेशकको पुस्तक सुलेमानको रचना थियो भन्ने आधार अपनाउनु हो भने, यस कुराले हामीलाई निश्चयताको साथ यस पुस्तकको ऐतिहासिक पृष्ठभूमि र यस पुस्तकको विषयवस्तु भेट्टाउन मद्दत गर्छ ।

#### अ) सुलेमानको खोजतलाश

राजा सुलेमानले आफ्नो जीवनको कुनै एक समयमा आफ्नो अस्तित्वको साँचो अर्थ के हो, सो खोज्न थाले । अनि असल जीवन पत्ता लगाउँछु भन्ने उनको दृढ़ संकल्प थियो । यसको सन्दर्भमा तपाईंले १ राजा १०:१४-२५ र २ इतिहास ९:२२-२४ पदका खण्डहरू पढ्नु-होला । प्रशस्त बुद्धिले सुसम्पन्न भएका र प्रशस्त धनसम्पत्तिले सुसज्जित भएका राजा सुलेमानले के सोचेका थिए भने, 'कसैले दिगो सन्तुष्टि पाउन सक्यो भने, त्यो मानिस म नै हुँ ।'

तर सुलेमानले यस खोजतलाशमा आफूमाथि एउटा शर्त लगाए । उनी स्वयम्ले यो पत्ता लगाउनु थियो; उनले अरू कसैबाट सहायता लिनेथिएनन् । ईश्वरीय प्रकाशले होइन, तर उनको निजी समझले उनलाई जीवनको पूर्णता पत्ता लगाउन सक्षम बनाउनु थियो । परमेश्वरबाट कुनै पनि सहायता नलिईकन यो बिलकुलै एउटा मानिसको अन्वेषण हुनेथियो । उनले 'सूर्यमनि' जीवनको सर्वोत्तम कुरा के हो, सो खोजेर निकाल्नेथिए ।

#### आ) सुलेमानको खोजका नतिजाहरू

तर जीवनको अर्थ खोज्दा-खोज्दै सुलेमान अन्तमा निम्न निष्कर्षमा आइपुगे: 'जीवन व्यर्थ छ र हावाबतास पक्रन खोजेको प्रयास मात्र हो' (उपदेशक १:१४) । उनको संकल्प कहाँसम्म पुग्न सफल भयो ? सूर्यमनि जिउनुपरेको जीवन जिउन लायक होइन रहेछ । किनकि उनले जीवनको पूर्णता र स्थायी सन्तुष्टि पाउन सकेनन् । उनको सारा धनसम्पत्ति र उनको बुद्धि जति धेरै किन नहोस्, उनी असल जीवन पत्ता लगाउन असफल भए ।

अनि पक्का पनि उनको निष्कर्ष सही र सत्य थियो: मानिस सूर्यदेखि माथिको तहमा पुग्न सक्दैन भने उसको जीवन साँच्चै केवल एउटा व्यर्थ प्रयास र अभ्यास हो । अनि यस प्रकारको जीवन अर्थहीन हो । संसारले हामीलाई के पो दिन सक्छ र ? त्यसले जे दिन सक्छ, यी जम्मै थोकहरू मानिसको हृदयलाई सन्तुष्टि दिन सक्दैनन् । श्री ब्लेस पास्कलले भने: 'मानिसको हृपयमा एउटा खालीपन छ, जुनचाहिँ परमेश्वरले त्यहाँ हाल्नुभएको छ ।' अनि हिप्पोका श्री अगस्टिनले निम्न कुरामा ध्यान राखे: 'हो, प्रभु, तपाईंले हामीलाई आफ्नै निम्ति सृष्टि गर्नुभएको हो, र जबसम्म हाम्रो हृदय तपाईंमा अड़ेसिँदैन, तबसम्म त्यसले शान्ति पाउँदैन ।'

सुलेमानले गरेको यो अनुभवचाहिँ प्रभु येशूको वचनको सत्यताको पूर्वअनुभव थियो; किनभने उहाँले यसो भन्नुभयो: *'यस पानीबाट पिउने हरेक मानिस फेरि तिर्खाउनेछ'* (यूहन्ना ४:१३) । यसकारण बुझ्नुहोस्: यस संसारको पानीले दिगो सन्तुष्टि दिन सक्दैन ।

जीवनको वास्तविकता पत्ता लगाउने सुलेमानको यो खोजतलाशचाहिँ उनको अल्पकालिक अवस्था थियो, उनको जीवनको एक अंश मात्र थियो । सत्यताको प्राप्ती गर्न उनले यो तत्त्वज्ञानी खोज शुरु गर्न लागेको समयमा उनको उमेर कति थियो, सो हामीलाई थाहा छैन । तर उनले यो लेख लेखेको बेलामा उनी वृद्ध मानिस थिए (१:१२ र ११:९) । किनकि अन्तमा सुलेमान सूर्यदेखि माथिको तहमा आफ्नो दृष्टि लगाउन सक्षम भए । हामी यो कसरी जान्दछौं ? पवित्र बाइबलका तीनवटा पुस्तकहरू, तिनको अधिक अंश, उनको रचना थिए । यसैबाट यो स्पष्ट रूपले जानिन्छ । तर उनको पाप र उनको त्रूटिले उनको जीवनका अन्तिम वर्षहरू धमिलो पाऱ्यो । यस स्मरणीय कुराबाट हामी एउटा गम्भीर चेताउनी पाउँछौंः ओहो, एक ख्रीष्ट-विश्वासी कहाँसम्म पछि हटेर पतित हुन सक्दो रहेछ ! आहा, प्रभु येशूका सबैभन्दा उत्कृष्ट प्रतिरूपहरू[5)] पनि कति अपूर्ण छन्, कति असिद्ध छन् !

### इ) सुलेमान र परमेश्‍वरको बीचको सम्बन्ध

यो स्पष्ट छ कि सुलेमान परमेश्‍वरमाथि विश्‍वास गर्ने मानिस थिए; अँ, उनले जीवनको पूर्णताको खोजी गरेको समयमा पनि उनले उहाँमाथि विश्‍वास गर्थे । किनकि उपदेशकको पुस्तकमा उनले चालीस पल्ट परमेश्‍वरको सन्दर्भमा केही न केही लेखेका छन् । तर यसको मतलब उनी त्यस समयमा एक समर्पित विश्‍वासी थिए, यो होइन। उनले यस पुस्तकभरि 'परमेश्‍वर'को निम्ति प्रयोग गरेको शब्द 'एलोहिम' हो। अनि एलोहिम भन्ने शब्दचाहिँ उहाँलाई शक्तिशाली सृष्टिकर्ताको रूपमा प्रस्तुत गर्छ । तर उनले एकै पल्ट पनि परमेश्‍वरलाई 'परमप्रभु' भनेर सम्बोधन गर्दैनन् । तर परमप्रभु त्यो परमेश्‍वर हुनुहुन्छ, जसले आफ्ना मानिसहरूसँग वाचाको सम्बन्ध स्थापित गर्नुहुन्छ ।

अनि अर्को ध्यानमा राख्ने महत्त्वपूर्ण कुरा यही होः सूर्यमनि बाँचिरहेको मानिसले परमेश्‍वर हुनुहुन्छ भन्ने कुरा जान्न सक्दो रहेछ । अनि यही कुरा प्रेरित पावलले हामीलाई रोमी १:२० पदमा सम्झना गराउँछन्, जहाँ यसो लेखिएको छः

*'किनकि संसारको उत्पत्तिदेखि नै उहाँका नदेखिने गुणहरू, उहाँको अनन्त शक्ति र ईश्‍वरत्व, छरलङ्ग देखा परेका छन् र सृष्टि गरिएका कुराहरूबाट जानिन्छन्; यसकारण तिनीहरूलाई कुनै पनि बहाना छैन ।'*

परमेश्‍वरको अस्तित्व सृष्टिबाट स्पष्ट बुझिन्छ। यसकारण नास्तिकतामा बुद्धिको झलक होइन, तर जानाजानी अन्धोपनको पक्का प्रमाण छ । सुलेमान सबैभन्दा बुद्धिमान् मानिस थिए; अनि उनले आफ्नो दिमाग लगाएरै अन्धाधुन्धमा सत्यताको खोजी गर्दैथिए; तर उनले ईश्‍वर हुनुहुन्छ भन्ने तथ्य स्वीकार गरे ।

हो, सबै थोकहरू सृष्टि गर्नुहुने सृष्टिकर्ता परमेश्‍वर हुनुहुन्छ भन्ने कुरा जोसुकै मानिसले जान्न सक्छ। तर उहाँलाई परमप्रभुको रूपमा जान्नको निम्ति विशेष प्रकाश चाहिन्छ। यसकारण बुझ्नुहोस्ः यस पुस्तकमा घरिघरि परमेश्‍वरसित सरोकार राख्ने सन्दर्भहरू त पाइन्छन्; तर मुक्ति दिलाउने र आत्मा बचाउने विश्‍वास अर्को कुरा हो। यी परमेश्‍वरसित सम्बन्ध राख्ने सन्दर्भहरूको मतलब के हो त ? यी सन्दर्भहरूले प्रमाणित गर्छन्, कि सृष्टिले हामी जहाँ हेरे पनि परमेश्‍वरको अस्तित्वको विषयमा गवाही दिन्छ; अनि उहाँको अस्तित्व अस्वीकार गर्ने मानिसहरू मूर्ख हुन् (भजन १४:१ र ५३:१) ।

### ई) उपदेशकको पुस्तकको निम्ति केको आवश्यकता छ ?

अनिवार्य रूपले हाम्रो मनमा यो प्रश्‍न उठ्छः 'परमेश्‍वरले यो पुस्तक किन पवित्र बाइबलमा हाल्न इच्छा गर्नुभयो – एउटा पुस्तक, जसको प्रकाश सूर्यदेखि माथि कहिल्यै उठ्दैन ?'

सर्वप्रथम यो पुस्तक पवित्र बाइबलमा यस हेतुले हालिएको छ, कि कसैले पनि सुलेमानको निराशाजनक अनुभव गर्नुपर्दैन; कसैले पनि सन्तुष्टि पाउन नसकिने ठाउँमा सन्तुष्टि खोज्नुपर्दैन ।

किनकि पापी मानिसले के सोच्छ भने, उसले कि त धनसम्पत्ति थुपारेर, सुखहरू उपभोग गरेर र भ्रमण गरेर, कि त लागू पदार्थ र रक्सीसक्सी सेवन गरेर र सम्भोग गरेर अथवा अन्य कुरा-हरूद्वारा आफूलाई खुशी तुल्याउन सक्छ । तर यस पुस्तकको सन्देश के हो भने, हामीभन्दा बुद्धिमान् र हामीभन्दा धनवान् मानिसले कोशिश गरे र उनी आफ्नो यस व्यर्थ प्रयासमा असफल भए । यसकारण आफ्नो सबै खर्च बचत गर्नुहोस् ! अनि आफूलाई मनको दुखाइ, निराशा र हारैहारबाट बचाउनुहोस् ! हो, सूर्यदेखि माथिको तहतिर आफ्ना आँखा उठाउनुहोस् र प्रभु येशू ख्रीष्टलाई पाउनुहोस्, जसले तपाईंलाई पूरा सन्तुष्ट पार्न सक्नुहुन्छ । उहाँबाहेक अरू कोही छैन, जसले हामीलाई तृप्ति दिन सक्छ ।

तर यस अद्वितीय पुस्तकमा ती मानिसहरूको निम्ति थप आशिष पनि छ, जसले अहिलेसम्म सुसमाचारको सन्देश ग्रहण गर्न तयार छैनन् । किनकि डा. डब्ल्यू. टी. डेभिसनले यसो भनेका छन्ः

‘उपदेशकको पुस्तक र ख्रीष्ट येशूको सुसमाचारको बीचमा भएको भिन्नताको लमाइ-चौड़ाइ गर्न आवश्यक छैन; तर हुन सक्छ, सायद निम्न कुरामाथि जोड़ दिन आवश्यक छः हो, नयाँ नियमको सुसमाचारको सन्देश आयो; तर त्यसले पुरानो नियमको बुद्धि साहित्य रद्द गर्न खोजेको होइन ।

किनकि उपदेशकको पुस्तकले आफ्नो समयमा आफ्नो काम पूरा गर्‍यो; अनि यसले अझै पनि आफ्नो काम पूरा गर्दैछ । किनकि मानिसको जीवनमा यस्ता समयहरू आउँछन्, जब ऊ प्रभु येशूको चरणमा बसेर सिक्न तयार हुँदैन; तब उसको लागि ‘कोहेलेत’को स्कूलमा जान बढ़िया हुन्छ । किनभने कुरा यस्तो छः कसैको हृदय भरिनु हो भने, त्यो पहिला रित्तिएको हुनुपर्छ । अनि वर्तमान समयमा प्रायः प्रचारकको काम के हो भने, तिनले एउटै कुरामा जोड़ दिनुपर्छः *“परमेश्वरको भय मान र उहाँका आज्ञाहरू पालन गर, किनभने मानिसको सम्पूर्ण कर्तव्य यही हो ।”* यो पाठ पुरानो भएको छैन; अहँ, त्यो कहिल्यै अप्रचलित हुनेछैन नै । परमेश्वरको भय मान्न र उहाँका आज्ञाहरू पालन गर्न चाहने मानिस यो कुरा असल ढङ्गले सिक्न प्रभु येशूकहाँ आउनुपर्छ र उसले ती उच्च पाठहरूको शिक्षा पाउनुपर्छ, जसको बाटो उपदेशकको पुस्तकले तयार गर्छ ।’ **6)**

## रूपरेखाः

**खण्ड १) उपदेशक १ः१-११ः यस पुस्तकको भूमिकाः सूर्यमनि जे छ, यो सब व्यर्थ छ**

**खण्ड २) उपदेशक १ः१२-६ः१२ः सबै व्यर्थ छ**

- **क) उपदेशक १ः१२-१८ः** दिमागी खोजहरूको व्यर्थता
- **ख) उपदेशक २ः** सुख, उच्च सामाजिक पद र समृद्धिमा भएको व्यर्थता
- **ग) उपदेशक ३ः** जीवन र मृत्युको चक्रमा भएको व्यर्थता
- **घ) उपदेशक ४ः** जीवनका असमानताहरूमा भएको व्यर्थता
- **ङ) उपदेशक ५ः१-९ः** धर्म र राजनीतिमा भएको व्यर्थता
- **च) उपदेशक ५ः१०-६ः१२ः** नाशवान् धनसम्पत्तिमा भएको व्यर्थता

**खण्ड ३) उपदेशक ७ः१-१२ः८ः सूर्यमनि जिउने जीवनको निम्ति दिइएको सुझाउ**

- **क) उपदेशक ७ः** सूर्यमनि भएको असल कुरा र योभन्दा उत्तम कुरा के हो ?
- **ख) उपदेशक ८ः** सूर्यमनि भएको बुद्धि यो हो
- **ग) उपदेशक ९ः** सूर्यमनि जिएको जीवनको आनन्द यो हो
- **घ) उपदेशक १०ः** सूर्यमनि बुद्धिमान् मानिस र मूर्ख मानिस यो हो
- **ङ) उपदेशक ११ः१-१२ः८ः** सूर्यमनि असल कुरा यसरी फैलिन्छ

**खण्ड ४) उपदेशक १२ः९-१४ः उपसंहारः सूर्यमनि भएको सबैभन्दा असल कुरा यही हो**

# उपदेशकको पुस्तकको टिप्पणी

## खण्ड १

## उपदेशक १:१-११:

### यस पुस्तकको भूमिकाः सूर्यमनि जे छ, यो सब व्यर्थ छ

**उपदेशक १:१:** उपदेशकको पुस्तकका लेखकले आफ्नो परिचय दिँदा आफूलाई 'उपदेशक, दाऊदका पुत्र, यरूशलेमका राजा' भनेर भनेका छन् । अनि यो उपदेशक भन्ने शब्द निक्कै चाखलाग्दो छ। हिब्रू भाषामा यहाँ 'कोहेलेत' भन्ने शब्द छ, जसको अर्थ 'आह्वान दिने व्यक्ति' वा 'भेला गराउने व्यक्ति' हुन्छ। अनि ग्रीक भाषामा यसको शब्द 'एक्लेसियस्टेस' भयो, जसको अर्थ 'कुनै सभा वा बैठक बोलाउने व्यक्ति' हुन्छ। अनि यस ग्रीक शब्दबाट यसको अर्थ बढ़ाएर यसको माने 'संयोजक, भेला गर्ने व्यक्ति, वक्ता, छलफल गर्ने व्यक्ति, प्रवक्ता र प्रचारक' भनेर भएको हो ।

अनि यी उपदेशकचाहिँ दाऊदका पुत्र थिए। ठिक्कै छ, हामी मान्छौं, यहाँ प्रयोग गरिएको 'छोरा' भन्ने शब्दचाहिँ सन्दर्भअनुसार नाति, पनातिको अर्थ पनि लिन सक्छ। तर हामी हाँगाहरूतिर किन जाने ? यसको मूलअर्थ छोरा वा पुत्र हो, र यो मूलअर्थ यहाँ समुचित छ र सबैभन्दा बढ़ी सुहाउँछ। किनभने सुलेमानचाहिँ दाऊदका एकमात्र पुत्र थिए, जो यरूशलेममा इस्राएलका राजा थिए (उपदेशक १:१२)। दाऊदका बाँकी सन्तानहरू सबै केवल यहूदा-माथि राजाहरू भए। अनि इस्राएलमा राजा भएका अरू राजवंशकाहरूले कि त शेकेममा (१ राजा १२:२५), कि त सामरियामा (१ राजा १६:२४) राज्य गरे; तिनीहरूको राजधानी यरूशलेम कहिल्यै भएन ।

**उपदेशक १:२:** सुलेमान आफूले भन्न खोजेको कुरा अन्तिम अध्यायसम्म बाँकी राख्दैनन्; उनले यहाँ आफ्नो मुख्य कुरा पेश गरिछोड्छन्। किनभने सुलेमानले सूर्यमनि गरेका उनको सबै अनुसन्धान र उनको सारा खोजतलाशको नतिजा यस प्रकारको छः 'सबै कुरा व्यर्थ छ।' जीवन क्षणिक छ; त्यो एकै क्षणमा बितिजान्छ; जीवन विनाकामको, मतलबहीन र व्यर्थ छ। जीवन अर्थहीन हुन्छ। यस पृथ्वीमा कुनै पनि कुरा छैन, जसले हामीलाई जिउन योग्य उद्देश्य र लक्ष्य प्रदान गर्छ।

के यो सत्य हो ? हो, यो बिल्कुल सत्य हो ! के यस नरलोकको जीवन सब थोक हो ? के मृत्युले मानिसको अस्तित्वमाथि अन्तिम रेखा तान्छ ? तब जीवन केही पनि होइन, एउटा वाफ

मात्र हो; एउटा खोक्रो, क्षणभङ्‍गुर हावाले भरिएको फोका हो ।

तर प्रेरित पावलले हामीलाई याद दिलाउँछन्, कि पृथ्वीमा पापको प्रवेश भएको कारणले सारा सृष्टि व्यर्थता वा क्षण-भङ्‍गुरताको अधीनतामा राखिएको छ (रोमी ८:२०) । अनि मानिसका पहिला बुबाआमाले आफ्नो माहिलो छोराको नाम 'हाबिल' राखेकोमा अर्थ नभएको होइन है; किनकि हाबिल नामको अर्थ 'व्यर्थता' वा 'वाफ' हो । सुलेमानले भनेको कुरा सही होः सूर्यमनि सबै कुरा व्यर्थ छ ।

**उपदेशक १:३ः** कमजोर मानिसको जीवन परिश्रम र विभिन्न कामधन्धाले भरिएको हुन्छ । तर मलाई भन्नुहोस्, मानिसले इच्छा गरेका र कल्पना गरेका, उसले पूरा गर्न खोजेका सबै कुरा पूरा भएपछि उसले के पायो त ? मुसा हिँड़ाउने चक्का सम्झिनुहोस् ! त्यसमा एउटा मुसा सधैं दगुर्छ, तर त्यसले चक्का घुमाएको-घुमाएकै गरेको बाहेक अरू कुनै प्रगति गर्दैन । आउनुहोस्, हामी कुनै मानिससित अन्तर्वार्ता गर्ने कल्पना गरौं र उसलाई सोधौंः 'तपाईंले किन काम गर्दै हुनुहुन्छ ?' तब उसले हामीलाई भन्लाः 'हजुर, पैसा कमाउनको लागि म काम गर्छु ।' तर उसलाई पैसा किन चाहिन्छ ? खानेकुरा किन्नको लागि, होइन र ? अनि उसलाई खानेकुरा किन चाहिन्छ ? उसको शरीरको स्वास्थ्य र बल कायम राख्नको लागि उसलाई खानेकुरा चाहिन्छ । हो, हो; तर उसलाई किन बल चाहिन्छ त ? किनभने उसलाई काम गर्ने शक्ति चाहिएको छ । अनि नभन्दै हामी फेरि उसले आफ्नो कुरा जहाँ शुरु गरेको थियो, त्यहीं ठाउँमा आइपुग्यौं । उसले खानेकुरा किन्नको लागि काम गरेर पैसा कमाउँछ; उसले बल पाउनको निम्ति खान्छ; उसले पाएको बल काममा खर्च गर्छ, पैसा कमाउनको निम्ति । त्यो पैसा लिएर उसले खानेकुरा किन्छ; खाना खाएर उसले बल पाउँछ; बल पाएर उसले काम गर्छ । अनि अनन्तसम्म यस प्रकारको क्रमरूपी चक्का घुमिरहन्छ । यस सम्बन्धमा श्री हेन्री थोरोले टिप्पणी गरेका छन्ः 'ओहो, मानिसले चुपचापसित कत्रो निराशाले पूर्ण जीवन बिताउँछ !'

बस स्टपमा एउटी स्त्रीलाई रोइरहेकी देखेर एकजना इसाई दाजुले उसलाई सोधेः 'के म तपाईंलाई सहायता गर्न सक्छु ।' उसले जवाफ दिईः 'होइन, होइन; म साह्रै थकित भएकी छु; मेरो चाख र जाँगर छैन । मेरा पति मेहनती हुनुहुन्छ, तर मैले चाहेको जति उहाँ कमाउन सक्नुहुन्न । यसकारण म पनि काममा लागें । म हरेक बिहान सबेरै उठ्छु, हाम्रा चारजना छोराछोरीहरूको निम्ति बिहानको खाजा मिलाउँछु, सबैजनाको लागि दिउँसोको खाना पोको पार्छु, र बस चढ़ेर आफ्नो काममा जान्छु । त्यसपछि म घर फर्कन्छु, अनिवार्य घरको काम गर्न र केही घण्टा निद्रा पाउनको निम्ति । अनि भोलिपल्ट फेरि यही क्रम चल्छ । मलाई के लाग्छ भने, म यस अन्तहीन नित्यकर्म र व्यर्थ दिनचर्याबाट बिरामी भएकी छु ।'

अनि यस विषयमा श्री एच. एल. मेन्केन्ले यसो भनेका छन्ः

> 'मानिसको जीवनको आधारभूत तथ्य के हो भने, उसको जीवन एक त्रासदीय दुःखान्त होइन, तर एउटा साह्रै दिक्क लाग्ने कुरा हो । मानिसको जीवन पीड़ादय त छ, तर यसको मुख्य कुरा यो होइन, तर मानिसको जीवन अर्थहीन भएको यसको खास समस्या हो ।'[7)]

**उपदेशक १:४ः** मानिसको क्षणिकताचाहिँ पृथ्वीमा उसको वरिपरि भएको वातावरणमा देखिने स्थायित्वको ठीक विपरीत छ । एक पुस्तादेखि अर्को पुस्ता आउँछ; अथक क्रम यस्तै छ । सूर्यमनिको जीवन यस्तै छ ।

> 'मैले यस संसारबाट कहिल्यै बिदा लिनु नपरोस्'।
> हरेक मानिसको सपना यस्तो छ;
> तर नभन्दै ऊ कहाँ गयो ? बेपत्ता ।[8)]
>
> श्री विल एज. हुटन

ईश्वरीय प्रकाशविनाको विचार कस्तो छ ? हाम्रो विचारमा, वर्तमान पृथ्वी सधैंभरि रहि-रहन्छ । अनि सुलेमान पनि यही निष्कर्षमा आइपुगे । तर प्रेरित पत्रुसले हामीलाई के भन्छन् भने, *'प्रभुको दिनमा पृथ्वी र त्यसमा भएका कामहरू जलेर शेष हुनेछन्'* (२ पत्रुस ३ः१०) ।

**उपदेशक १ः५ः** प्रकृति निरन्तर, रोकिनसकिने चक्रमा चलिबस्छ । उदाहरणको लागि, सूर्य पूर्वमा उदाउँछ, र आकाशको एक छेउदेखि अर्को छेउसम्म भुलेर पश्चिममा अस्ताउँछ, त्यसपछि फेरि पूर्वमा उदाउन छिटो पृथ्वीको अर्को पाता पार गरिहाल्छ । एक युगदेखि अर्को युगसम्म यो एउटा कहिल्यै टुङ्गो नहुने प्रक्रम देखिन्छ । तब मानिस के हो र ? ऊ त बित्दै गरेको छाया पो हुँदो रहेछ ।

के यस्तो कोही छ, जसलाई सुलेमानले सूर्यको सम्बन्धमा वैज्ञानिक दृष्टिकोणले एउटा ठूलो भूल गरेका लाग्छ । किनकि सूर्य पृथ्वीको वरिपरि घुम्दैन, तर पृथ्वी पो सूर्यको परिक्रमा गर्छ । यस्तो मानिसले उनलाई दोष लगाउन एकक्षण पर्खोस् ! किनकि सुलेमानले वैज्ञानिक भाषा होइन, तर मानिसको दृष्टिमा जस्तो देखिन्छ, त्यस्तै यो कुरा बयान गरेका छन् । किनभने सूर्य उदाएको र अस्ताएको देखिन्छ । अनि वैज्ञानिकहरूले पनि सूर्य उदाएको-सूर्य अस्ताएको भन्छन्; यो सामान्य भाषा भएको छ । यसको निम्ति कुनै स्पष्टीकरण दिइबस्नु-पर्दैन ।

**उपदेशक १ः६ः** सुलेमानले यस पदमा अघिको विचारलाई निरन्तरता दिएका छन् । हावाबतासका नियमहरू पनि वर्षका ऋतुहरू-अनुसार नियमित रूपले बदली हुन्छन् । हिउँदमा उत्तरीय हावा जोरले इस्राएल देशबाट भएर नेगेवसम्म बहन्छ; नेगेव भन्नाले इस्राएलको दक्षिणको मरुभूमि बुझिन्छ । त्यसपछि, जब ग्रीष्म ऋतु आउँछ, तब दक्षिणी हावाहरू बहन थाल्छन् र आफ्नो साथमा उत्तरतर्फ न्यानोपन बोक्छन् । यो हावाहरूको कस्तो न्यास्रो लाग्ने एकनासको चाल हो ! तर हावाका नियमहरू यही चक्रअनुसार चल्छन् र हावाबतासहरू जस्ता आएका छन्, त्यस्तै फेरि हराइहाल्छन्; मानिसहरूको दुनियाँको विषयमा हावाबतासको के वास्ता ?

**उपदेशक १ः७ः** पृथ्वीको चाल, सूर्य र हावाको चाल मात्र होइन, तर पानीको चाल पनि यस्तै छ । किनकि शताब्दीहरूदेखि पानीले एकै दिनचर्यारूपी नियम कायम राख्छ । सबै नदीहरूको पानी समुद्रमा बगेर जाँदो रहेछ, तर समुद्र कहिल्यै भरिएर पोखिँदैन; किनभने सूर्यले ठूलो मात्रामा पानी लिएर वाफ हुन वाष्पीकरण गर्छ । त्यसपछि जब वाफ बोक्ने हावा चिसो हुन्छ, तब यो वाफ सघन हुन्छ र यसबाट बादलहरू बनिन्छन् । बादलहरू आकाशभरि मड़ारिन्छन् र पानीझरी, हिउँ वा असिनाको रूपमा भूक्षेत्रहरूमाथि बर्साउँछन् । अनि यसबाट उब्रेको पानी नदीहरूमा पुग्छ, जुन नदीहरूले त्यो पानी लगेर समुद्रमा फर्काउँछन् । प्रकृतिको यस निरन्तर गतिविधिले मानिसलाई के सम्झना गराउँछ भने, उसको नटुङ्गिने श्रम पनि यस्तै छ । हुन सक्छ, सायद श्री क्रिस क्रिस्टोफरसनको मनमा यो पदको सम्झना थियो, जब तिनले निम्न गीतका शब्दहरू लेखेः 'म एउटा निरन्तर बगिरहने नदी हुँ, किनकि म कहिल्यै समुद्रमा पुगेको छैनँ ।'

**उपदेशक १ः८ः** यसरी यस पृथ्वीमा सीमित भएको जीवन थकावटले भरिएको हुन्छ । यसको एकनासे एकोहोरोपन, यसको उराठलाग्दो न्यास्रोपन, यसको क्षणभङ्गुरता – यसको पूरा परिभाषा गर्न मानिसका शब्दहरू पर्याप्त छैनन् । मानिस कहिल्यै सन्तुष्ट, कहिल्यै तृप्त हुँदैन । उसले जति देखे ता पनि उसले अझ धेरै देख्न चाहन्छ । अनि उसका कानहरू नयाँ कुरा सुन्न नहुने गरी कहिल्यै अघाउँदैनन् । मानिसले नयाँ अनुभवहरू, नयाँ दृश्यहरू, नयाँ आवाजहरूको लागि अविराम-सँगले र उन्मत्त भई भ्रमण गरिरहन्छ । एकजना

अमेरिकी समाज शास्त्रीको शब्दमा भन्नु हो भने, यो नित्य प्रयासचाहिँ नयाँ अनुभवको पछि लागिपर्नुपर्ने मानिसको मूलभूत चाहना हो अरे। तर के गर्ने? मानिस यस व्यर्थ प्रयासबाट असन्तुष्ट र निराश भएर फर्कन्छ। मानिसको बनावट यस प्रकारको छ, कि सारा संसारले उसको हृदयमा स्थायी खुशी ल्याउन सक्दैन। तर यो बुझ्नुहोस्ः मानिसको अवस्था आशाहीन होइन। मानिस केवल सूर्यदेखि माथिको तहमा उहाँकहाँ पुग्नुपर्छ, जसले तिर्सना गर्नेको मनलाई तृप्त पार्नुहुन्छ र भोको भएको मनलाई असल थोकले सन्तुष्ट पार्नुहुन्छ (भजन १०७ः९)।

> सांसारिक आनन्द क्षीणक हुन्छ, अँ, यो आफैआफ व्यर्थ हुन्छ; यसको चम्किलो चमक व्यर्थ छ, यसको धनका सबै भण्डारहरू व्यर्थ छन्; यसको रवाफ, यसको स्वाङ र धाक व्यर्थ छ; किनभने केवल तपाईं हामीलाई यस धरतीमा रहेसम्म शान्ति र सन्तिष्टि दिन सक्नुहुन्छ। हे प्रभु येशू, तपाईंजस्तो अरू कोही छैन, अहँ, अरू कोही छैन; तिर्खा लागेको मनको लागि तपाईंबाहेक अरू कोही छैन।
>
> अज्ञात लेखकको रचना

**उपदेशक १ः९ः** *'सूर्यमनि कुनै नयाँ कुरा हुँदैन।'* सुलेमानको यस निराशपनमा थप कुरा के थियो भने, उनले चाल पाए, कि सूर्यमनि कुनै नयाँ कुरा छैन रहेछ; इतिहासमा अतीत घटनाहरू बारम्बार फेरि दोहोरिरहन्छन्। तर उनले नयाँ, नयाँ रोमाञ्चहरूको चाहना गर्ने गर्थे, तर के गर्ने? उनले जेजस्तो गरे पनि, सबै कुराहरू कुनै न कुनै तरिकाले अप्रिय, नमीठो अनुभव पो भएको पत्ता लगाउन उनलाई धेरै बेर लाग्दैनथियो।

**उपदेशक १ः१०ः** तर के, के साँच्चै कुनै नयाँ कुरा छैन त? हो, एक प्रकारले। किनकि सबैभन्दा आधुनिक अन्वेषण र आविष्कारहरूको विषयमा पनि भन्न सकिन्छ, कि यी नयाँ कुराहरूचाहिँ शुरुदेखि सृष्टिमा बाँधिएका पुराना प्राकृतिक नियमहरू विकास गरेर प्राप्त गरिएका कुराहरू मात्र हुन्। अनि मानिसका गर्वशाली उपलब्धिहरूको विषयमा के हो? यी उपलब्धिहरूमध्ये धेरैको प्रतिरूप प्रकृतिमा पाइन्छ। के हामी तपाईंलाई यसको उदाहरण दिऔं? मानिसहरू उड्नुभन्दा धेरै अघि चराहरू उड्थे। अन्तरिक्ष यात्रा पनि नयाँ कुरा होइन। परमेश्वरले हनोक र एलियालाई उठाउँदा तिनीहरू अन्तरिक्षबाट भएर लगियो; अनि तिनीहरूलाई साथमा अक्सिजन बोक्न दरकार थिएन। यसकारण जुन मानिसहरू नयाँ कुराहरू खोजिनिकाल्न आफ्नो जीवन बिताउँछन्, ती मानिसहरू निराश हुन बाध्य छन्। किनकि त्यो 'नवीन' कुरा त हाम्रो अघिका युगहरूमा भइसकेको कुरा पो हो।

**उपदेशक १ः११ः** मानिसले निल्नुपर्ने अर्को तीतो चक्की के हो भने, उसले के छिटो बिर्सन्छ! र उसको सम्झना के छिटो हराउँछ! स्थायी यश हुने कुरा एउटा भ्रमको कुरा हो; किनकि हामीमध्ये को होला, जसले आफ्ना बराज्यूको नाम जान्दछ? अनि हाम्रो देशका भूतपूर्व चारजना उप-राष्ट्रपतिहरूका नाम भन्न सक्ने मानिसहरू अझै कम हुन्। हामी आफ्नो दृष्टिमा कति महत्त्वपूर्ण छौं? हामी आफूलाई नभई हुँदैन ठान्छौं। तर हाम्रो मृत्यु भएपछि हाम्रो सम्झना के छिटो हराइहाल्छ; अनि हामीविना यस पृथ्वीमा जीवन सामान्य रूपले चलिजान्छ।

# खण्ड २

# उपदेशक १ः१२-६ः१२ः

## सबै व्यर्थ छ

### क) उपदेशक १ः१२-१८ः दिमागी खोजहरूको व्यर्थता

**उपदेशक १ः१२ः** यहाँसम्म सुलेमानका निष्कर्षहरू भए। तर अब उनले हामीलाई आफ्नो यस खोजको यात्रामा लान्छन्, र हामीलाई जीवनको सर्वश्रेष्ठ, सर्वोत्तम कुराको आफ्नो यस खोजीमा साथमा लैजान्छन्। उनले हामीलाई सम्झना गराउँछन् कि उनी त्यस बेलामा यरूशलेममा इस्राएलका राजा थिए; यसर्थ उनको धनसम्पत्ति, प्रतिष्ठा र क्षमता के पो थिएन, सो आफै सोच्नुहोला। जब सुलेमानले 'म राजा थिएँ' भन्छन्, तब त्यति बेला उनको शासन समाप्त भएको उनले भन्न खोजेको तत्पार्य होइन। उनी राजा थिए र अझै पनि राजा भइरहेका थिए (उपदेशक १ः१)।

**उपदेशक १ः१३ः** यहाँदेखि सुलेमान सूर्यमनि आफ्नो सुखको खोजी शुरु गर्छन्। पहिले उनले समझको मार्गमा लाग्न निर्णय गर्छन्। 'मैले पर्याप्त ज्ञान हासिल गर्न सके म खुशी हुन्छु' भन्ने उनको विचार थियो। यसकारण उनी यथाशक्ति व्यापक शिक्षा हासिल गर्न लगिपरे। उनले आफूलाई अनुसन्धान र अन्वेषण गर्न, मिलाउने संश्लेषण र अलग-अलग छुट्ट्याउने विश्लेषण गर्न, आगमन-विधि र निष्कर्षका सूत्रहरू निकाल्न दिइहाले। तर चाँडै उनी विद्याको मोहजालबाट झसङ्ग भए; किनकि विद्या हासिल गर्नमा कुनै खास अर्थ थिएन। वास्तवमा उनले के भन्छन् भने, मनभित्र उब्जेको गहन प्रेरणा बोकीकन जीवनको अर्थ पत्ता लगाउन खोज्ने प्रयास एउटा दुःखदायी काम हो, जससित परमेश्वरले मानिसहरूलाई व्यस्त रहन दिनुहुन्छ।

अनि सन् १९०३-१९९० सालमा बाँचेका समकालीन ऋषि माल्कम मुगेरिज उस्तै निष्कर्षमा आइपुगे, जसले यसो भनेः

> 'मेरो विचारमा, शिक्षाचाहिँ युगयुगको महाधोका र महाछल हो। किनकि शिक्षाले हामीलाई उपयुक्त जीवन जिउन सुसज्जित पार्छु भनेर प्रतिज्ञा गर्छ, र शिक्षाचाहिँ किशोर अपराधदेखि लिएर पूर्व-जराजीर्णतासम्मका सबै रोगहरू निको पार्ने एकमात्र सार्वत्रिक औषधिको रूपमा पेश गरिएको छ। तर प्रायः जसो शिक्षाले उल्टो काम गर्छः त्यसले मानिसहरूको बीचमा मूर्खता बढ़ाउँदो रहेछ; त्यसले कि त मानिसहरूलाई घमण्डी, अहङ्कारी तुल्याउँछ, कि त मानिसहरूलाई सबै कुरा पत्याउने भोला बनाउँछ। किनभने हामीले बुझ्नुपर्छ, कि विद्या दिमाग-धुलाइ गर्नेहरूको हातमा छ, जसले मुद्रण, रेडियो, टेलिभिजन र सामाजिक मीडियाद्वारा हामीलाई तिनीहरूको प्रभावमा र नियन्त्रणमा पारिहाल्छन्।' 10)

हालसालको कुरा होः कसैले विश्व-विद्यालयको पुस्तकालयको भित्तामा बाक्लो, कालो अक्षरमा यी शब्द कोरेः 'यहाँ उदासीपनले राज्य गर्छ।' अरे, जुन कुरा सुलेमानले धेरै शताब्दीहरूभन्दा अघि सिकेका थिए, त्यो कुरा वर्तमान समयमा अर्को एकजनाले भेट्टाएको रहेछ! शिक्षाचाहिँ जीवनको पूर्णताकहाँ पुऱ्याउने मूलबाटो होइन, तर शिक्षा आफूमा सीमित राखिन्छ भने त्यो कति उराठलाग्दो कुरा हुन्छ!

हाम्रा शैक्षिक प्रयासहरूको निम्ति ठाउँ त छ; अनि हाम्रो जीवनमा शिक्षाले महत्त्व भूमिका खोल्न सक्छ। तर विद्याको निम्ति समुचित ठाउँ ख्रीष्ट येशूको चरणमा छ। यसकारण तपाईंले आफूलाई र हासिल गर्नुभएको शैक्षिक ज्ञान र

योग्यता प्रभु येशूलाई अर्पण गर्नुहोस् ! किनकि हामीले हासिल गरेको शिक्षादीक्षा उहाँको महिमा गर्ने माध्यम हुनुपर्छ, नत्र ता शिक्षामा कुनै खास अर्थ हुँदैन ।

यस पदमा परमेश्‍वरको प्रथम सन्दर्भ छ । अनि परमेश्‍वरको नाम लिनासाथ हामीले यो अङ्‌गिकारचाहिँ सुलेमानको गहिरो व्यक्तिगत विश्‍वासको अङ्‌गिकार ठान्नुहुँदैन । श्री डब्ल्यू. जे. एर्डम्यानले 'एलोहिम' [11] परमेश्‍वरको प्राकृतिक नाम भनेका छन् । यस पुस्तकको भूमिकामा हामीले उल्लेख गरेअनुसार यस नामले परमेश्‍वरलाई सर्वशक्तिमान् परमेश्‍वरको रूपमा, ब्रह्माण्डको सृष्टिकर्ताको रूपमा प्रस्तुत गर्छ । तर यस पुस्तकभरि सुलेमानले उहाँलाई आफ्ना जनहरूसित बाँध्नुभएको वाचा कायम राख्नुहुने परमप्रभुको रूपमा स्वीकार गरेका छैनन्, जुन परमप्रभुचाहिँ आफूमाथि भरोसा राख्नेहरूलाई अनुग्रह देखाउनुहुन्छ र दाम तिरेर छुटाउनुहुन्छ ।

**उपदेशक १:१४:** यसमा कुनै शङ्का छैन, कि सुलेमानले त्यस समयमा इस्राएल देशमा उपलब्ध भएको सर्वोत्तम शिक्षा पाए । 'मैले सूर्यमनि गरिएका सबै कामकुराहरू देखेको छु' भन्ने उनको निर्लज्ज दाबीबाट यो कुरा स्पष्ट बुझिन्छ । यसको अर्थ के हो भने, उनी मानव विद्वत्ताका अन्य क्षेत्रहरूको साथै विज्ञानमा, दर्शनशास्त्रमा, इतिहासमा, कलाशास्त्रमा, सामाजिक विज्ञानमा, साहित्यमा, धर्मविज्ञानमा, मनोविज्ञानमा, नैतिकतामा, भाषाहरूको ज्ञानमा धेरै जान्ने विद्वान् पो भए ।

उनको नामको अगाड़ि जति पनि उपाधिहरू किन नहोऊन् र उनको कोठाका भित्ताहरूभरि डिप्लोमाका प्रमाण-पत्रहरू टाँसिएका किन नहोऊन्, तर यी कुराहरूबाट उनले खोजेको कुरा पाएनन् । यसको ठीक विपरीत भयो; उनी निष्कर्षमा पुगे, कि यो सबै हावाबतास पक्रन खोजेको एउटा व्यर्थ प्रयास मात्र हो रहेछ ।

**उपदेशक १:१५:** किताबी ज्ञानले जीवनका सबै रहस्यहरू खुलस्त पार्दैन र त्यसका समस्याहरू समाधान गर्दैन भन्ने कुरा पत्ता लगाएर उनी निक्कै निराश भए । किनकि बाङ्गा कुराहरू छन्, जुन कुराहरूचाहिँ सीधा पार्न सकिँदैनन् । अनि अभाव भएका कुराहरू अनगिन्ती छन् । यस विषयमा श्री रोबर्ट लोरिनले पत्ता लगाएर यसो भनेका छन्:

> 'जीवनचाहिँ एक-अर्कासित नमिल्ने विरोध-आभासहरू र सामान्य नियमअनुसार नभएका विसङ्गतका कुराहरूले भरिएको हुन्छ; तब त्यसका समस्याहरू समाधान कहाँ गर्न सकिन्छ र ? अनि यस सम्बन्धमा कुरा झन् उल्टा छः जीवनलाई अर्थ र महत्त्व दिने कुराहरू होलान्, तर ह्रय, यी नभई नहुने कुराहरूको अभाव बढ़ी भएको छ ।' [12]

हो, मानिस चन्द्रमामा पुगेको छ; तर एउटा मौरी उड्दा वायु-गति विज्ञानका सबै ज्ञात नियमहरू चुनौती दिन्छ । ठिक्कै छ, वैज्ञानिक-हरूले परमाणुका रहस्यहरू कोट्याएका छन्, तर आकाशमा बिजुली चम्कँदा तिनीहरूले यसबाट न विद्युत उत्पन्न गर्न सक्छन्, न ता यसको शक्ति कुनै ब्याट्रीमा जम्मा गर्न सक्छन् । हो, पोलियो र क्षयरोगजस्ता महारोगहरू नियन्त्रणमा आए होलान्, तर सामान्य रुघाखोकीको विषयमा के भयो ? रुघाखोकीमाथि अझ विजय पाउनु छ ।

**उपदेशक १:१६:** सुलेमानले आफ्ना सबै शैक्षिक पुरस्कार र उच्च सम्मानहरू पाएपछि उनले आफ्नो व्यक्तिगत हिसाबकिताब गरे । यरूशलेममा उनीभन्दा पहिले शासन गर्नेहरू जोजति थिए, तिनीहरूको भन्दा उनीसँग धेरै बुद्धि थियो; यो उनको घमण्ड गर्ने कारण थियो (१ राजा ४:२९-३१; २ इतिहास १:१२) । किनकि उनको दिमाग ज्ञानको विशाल कोष भएको थियो । अनि उनीसँग बुद्धि पनि थियो अर्थात् उनी आफ्नो ज्ञान ठीक ठाउँमा प्रयोग गर्न सक्षम थिए; उनले आफ्नो ज्ञान जीवनका दैनिक कामकाजहरूमा लागू गराउन सके; उनले सही

निर्णयहरू गर्न र अरूसँग न्यायसँगत व्यवहार गर्न जान्दथे ।

**उपदेशक १:१७ :** सुलेमानलाई याद भयोः एकातिर बुद्धि प्राप्त गर्न उनले आफूलाई अनुशासनमा राखे र उनी पूरा अभ्यस्त भए; अनि अर्कोतिर उनले पागलपन र मूर्खताको बारेमा जान्न प्रयास गरे । अर्को शब्दमा भन्नु हो भने, कहीं जीवनको वास्तविक अर्थ बुद्धिरूपी वल्लो किनारामा थियो कि अथवा मूर्खतारूपी पल्लो किनारामा थियो कि ? या कतै दुवै किनाराहरूमा पो पाइन्छ कि भनेर उनले मानवीय व्यवहारका वल्लो र पल्लो किनारामा खोजे । उनले वरपर जीवनका सबका सब अनुभवहरू गरे; तर उनको निराशाजनक निष्कर्ष यो थियोः यो सबै हावाबतास पक्रन खोजेको एउटा व्यर्थ प्रयास मात्र हुँदो रहेछ ।

धेरै शताब्दीहरूपछि हेनरी मार्टिन नामक एक युवा थिए, जसले क्याम्ब्रिजको विश्व-विद्यालयमा शीर्ष सम्मान खोजे र पाए पनि । तर आफ्नो शैक्षणिक चरमसीमामा पुगेको घड़ीमा तिनले यसो भनेः 'म तीनछक परें; किनकि मैले छाया पो पक्रें !' तर यो तिनको निम्ति एउटा आशिषमय भ्रममुक्त अनुभव भयो । तिनको सम्बन्धमा श्री जे. डब्ल्यू. जोवेटले निम्न कुरा ख्याल गरेका छन्ः 'यसरी तिनले आफ्ना शैक्षिक पुरस्कारहरूबाट आफ्ना आँखाहरू हटाए र ख्रीष्ट येशू हाम्रा प्रभुमा परमेश्वरको उच्च बोलावटको पुरस्कारमाथि लगाए, जुनचाहिँ पूरा सन्तुष्टि दिने एकमात्र पुरस्कार हो ।'

**उपदेशक १:१८ :** प्रज्ञाता जीवनको अर्थ खोल्ने चाबी हो भने, हाम्रा कलेजका परिसर-हरूचाहिँ शान्ति र तुष्टिका सुखद, रमणीय माहुल हुनेथिए । तर हाम्रा कलेजहरू यस्ता स्वर्गीय ठाउँहरू कहाँ हुन् र ! होइन, हाम्रा कलेजहरू उद्वेग र अशान्ति मच्चाइरहेका डेक्ची पो हुन् । विद्यार्थीको एउटा पुरानो कार्टून छ; त्यसमा एउटा विद्यार्थीको व्यङ्ग्य-चित्र छ, जसको टाउको एउटा तौलियाले लपेटिएको छ र जसले एस्पिरिनको चक्की निल्न ठूलो मग कफी पिएको छ । यस व्यङ्ग्य-चित्रचाहिँ सुलेमानले अठार पदमा गरेको निष्कर्षसँग खूब मेल खान्छ, जहाँ यसो लेखिएको छः

*'किनभने धेरै बुद्धिमा धेरै पीर हुन्छ;*
*अनि जसले ज्ञान बढ़ाउँछ, उसले कष्ट पनि बढ़ाउँछ ।'*

अर्को शब्दमा भन्नु हो भने, 'तपाईं जति बुद्धिमान् हुनुहुन्छ, उति नै धेरै तपाईंका चिन्ताहरू हुन्छन्; अनि तपाईं जति जान्नुहुन्छ, त्यसको अनुपातमा तपाईंका पीड़ा पनि बढ़ी हुन्छन् ।' यसो हो भने, 'अज्ञानतामा आनन्द छ' र 'तपाईंलाई थाहा नभएको कुराबाट तपाईंलाई कुनै हानि हुँदैन' भन्ने लोकोक्तिहरूमा केही सत्य छ ।

### ख) उपदेशक २: मोजमज्जा, उच्च सामाजिक पद र समृद्धिमा भएको व्यर्थता

**उपदेशक २:१:** ठिक्कै छ, सुलेमानले बौद्धिक खोजमा जीवनको अर्थ, पूर्णता र सन्तुष्टि पाउन सकेनन्; तब उनी अब के गरे ठीक होला ? सुलेमान आफ्नो खोजमा मोज-मज्जातिर लागे । यसमा उनको विचार यस प्रकारको थियोः 'मलाई के लाग्छ भने, मैले मोजमज्जाबाट सकेसम्म धेरै आनन्द उपभोग गर्न सकें भने, मेरो परम सुख यसैमा होला त नि ।' मोजमज्जाको परिभाषा गर्नु हो भने, त्यो त मानिसले व्यक्तिगत अभिलाषाहरू पूरा गरेर त्यसबाट उसले पाउने आनन्दको अनुभव हो । यसकारण उनले सकेसम्म धेरै मोज गर्ने निर्णय गरे । उनी मानिसको मन र उसका इन्द्रिया-हरूबाट उठ्न सक्ने हरेक तरङ्ग र हरेक प्रसङ्गमा संलग्न भए । उनले मनमोजको कचौरा पूरा पिउनेथिए, र त्यसपछि उनको हृदयले फेरि कहिल्यै अरू कुनै कुरा माग्नेथिएन ।

तर उनको यो खोज पनि असफल भयो । किनकि उनी निष्कर्षमा पुगे, कि सूर्यमनि पाउने

सुखहरू व्यर्थ हुँदा रहेछन् ! उनको निराशाको प्रतिध्वनि निम्न स्तुतिगानमा गुँजिन्छः

> 'हे प्रभु, मैले फुटेका दहहरूबाट पानी पिउन
> कोशिश त गरें, तर आहा, त्यहाँ पानी थिएन;
> किनकि जब म पानी पिउन झुकें, तब पानी भागि-
> हाल्यो, र म रोइरहँदा त्यसले मेरो गिल्ला गर्‍यो ।'[13)]
>
> बि. इ.

यसको अर्थ के हो ? के परमेश्वरका जनहरूले आनन्द लिनुहुँदैन ? के यो उहाँको इच्छाको विरोधमा छ ? कदापि होइन ! वास्तवमा यसको ठीक विपरीत उहाँको इच्छा हो। परमेश्वरले आफ्ना जनहरूको निम्ति एउटा उत्तम जीवन ठहराउनुभएको छ। तर यस संसारले साँचो आनन्द दिन सक्दैन भन्ने कुरा हामीले बुझेको उहाँ चाहनुहुन्छ। त्यो साँचो आनन्द केवल सूर्यदेखि माथिको तहमा पाउन सकिन्छ। किनकि उहाँको उपस्थितिमा आनन्दको भरपूरी छ; अनि उहाँको दाहिने हातमा सदा-सर्वदा सुखचैनहरू छन् (भजन १६ः११)। यसर्थ परमेश्वर सबैभन्दा ठूलो सुखवादी हुनुहुन्छ; उहाँ सर्वश्रेष्ठ आनन्द प्रेमी हुनुहुन्छ।

तर चलचित्रहरू, टि.भी. र विज्ञापन गर्ने मीडियाहरूमार्फत एउटा ठूलो झूट प्रचार-प्रसार गरिन्छः मानिसले परमेश्वरविना यहाँ, यस धरतीमा आफ्नै स्वर्ग बनाउन सक्छ अरे। तर सुलेमानले के सिके, के चाल पाए ? यस संसारले हामीलाई दिन सक्ने सबै कुराहरू पानीका फुटिएका दह र कुवाहरू हुन्, तर परमेश्वर जीवनको पानीको मुहान हुनुहुन्छ।

**उपदेशक २ः२ः** उनले फर्केर हेरे र सबै व्यर्थ हाँसोहरू सम्झे। ओहो, यो कत्रो पागलपन थियो ! अनि आफ्ना आमोदप्रमोदका यी क्षण-हरूबाट उनले वास्तवमा केही पनि पाएनन्। हो, कुरा साँच्चै यस्तै छ। किनकि सबै हाँसोको मुकुन्डोको पछाड़ि शोक छ; अनि जुन मानिस-हरूले अरूलाई खुशी तुल्याउन कोशिश गर्छन्, ती मानिसहरूलाई प्रायः बढ़ी व्यक्तिगत सहायताको आवश्यकता पर्छ।

श्री बिली ग्राहमले 'आनन्दको रहस्य' नामक आफ्नो किताबमा निम्न कथा बताएका छन्ः मन असन्तुलित भएको मानिस मनोचिकित्सकसँग परामर्श लिन गएछ। त्यो मानिस गहन खिन्नताले पीड़ित भएको थियो। तर उसले चलाएको कुनै पनि कुराले उसलाई मद्दत गर्न सकेको थिएन। ऊ निरुत्साहित र उदास भएर बिउँझ्यो; अनि समय बित्दै जाँदा उसको मानसिक अवस्था झन्-झन् बिग्रियो। ऊ पूरा हताश भयो; अबदेखि उसो ऊ यसरी जिउन सक्दैनथियो। तर ऊ मनोचिकित्सकको कोठा-बाट निस्कनुभन्दा अघि यी डाक्टरले उसलाई स्थानीय नाटकशालामा भइरहेको कार्यक्रमको बारेमा बताए। त्यस प्रदर्शनमा एक इटालियन जोकर छ, जसले दर्शकहरूलाई रातारात हँसाउँछ, मक्ख पार्छ, फुरुक्क पार्छ अरे। अनि डाक्टरले आफ्नो बिरामीलाई सल्लाह दिएः 'तपाईं त्यस प्रदर्शनमा जानुस् ल, र एक-दुई घण्टा हाँस्नुस् र आफ्ना समस्याहरू बिर्सनुस् ! तपाईंको रोगको उत्कृष्ट उपचार यही हो। त्यहाँ जानुस् र यस इटालियन जोकरलाई हेर्नुस् !' उँधोमुन्टो फर्केको अँध्यारो मुख लिएर यस बिरामीले बिस्तारै भन्योः 'त्यो जोकर मै हुँ।' उसले हाँसोको विषयमा पनि भन्न सक्योः 'यो पागलपन हो', अनि हर्षउल्लासको विषयमा 'यसको के काम छ र ?' भन्न सक्यो।

जीवनमा प्रायः कुरा यस्तो छः हामी अरू मानिसहरूलाई हेर्छौं र 'तिनीहरूसँग कुनै समस्या छैन' भन्ने मिथ्या कल्पना गर्छौं। के तिनीहरूको सङ्कष्ट छैन र ? के तिनीहरूलाई कुनै आवश्यकता पर्दैन त ?

**उपदेशक २ः३ः** त्यसपछि के भयो ? सुलेमान, ती पुरानो नियमका उड़न्ते पुत्र, मद्य-मदिरातिर पो लागेछन्। उनी सबैभन्दा उत्तम दाखमद्यहरूको पराखी गुणज्ञ बनेछन्। हुन सक्छ, कसले जान्दछ, उनले यसो हुँदा

सबैभन्दा उत्कृष्ट स्वादको अनुभव गर्न सके होलान्; उनको सम्पूर्ण शरीर र प्राण सन्तुष्टै-सन्तुष्ट भयो होला ।

तर धन्न, आफ्नो भोगवाद लगाम र बन्धनमा राख्न उनीसँग पर्याप्त बुद्धि थियो । हामी यो कसरी जान्दछौं ? 'मैले आफ्नो हृदय बुद्धिले डोऱ्याएँ' भन्ने वाक्यबाट यो बुझिन्छ । अर्को शब्दमा भन्नु हो भने, उनी लगाम छोड़ेर असंयमी हुँदैनथिए; उनी पियक्कड़, माद चढ्ने मत्थु भएनन् । उनलाई मदिराको लत लागेको यहाँ कुनै गन्ध छैन । अनि जीवनको अर्थ र यथार्थताको खोजीमा कतै उनी लागू पदार्थको कुलतमा परेको सङ्केत छैन । उनी यसो नगर्न बुद्धिमान् थिए ।

अनि उनले अर्को कुरा जाँचेर हेरे; उनले मूर्खता के हो, सो चाखेर हेरे; अर्थात् उनले हानिकारक नभएको, रमाइला, रद्द, बेमतलबका कुराहरूबाट आनन्द लिए । कारणवश बुद्धिमा जीवनको अर्थ थिएन भने, उनले त्यसको विपरीत दिशामा पनि हेर्ने निर्णय गरे । किनकि कहिलेकाहीं धेरै बाठा मानिसहरूभन्दा लाटा मानिसहरू नै बढ़ी खुशी भएका देखिन्छन् । यसकारण उनले सकभर कोशिश गरे, र आफ्नो ध्यान महत्त्वहीन, तुच्छ कुराहरूमाथि, भोगविलासमाथि र मनोरञ्जनमाथि लगाए । सूर्यमनि बाँच्न पाएका आफ्ना छोटाभन्दा छोटा दिनहरूमा मानिसले के गरे सठीक होला, सो कुरा पत्ता लगाउनुचाहिँ उनको निम्ति दिक्दारी काम थियो । किनकि उनले यी तुच्छ कुराहरूबाट यसको खास जवाफै पाएनन् ।

**उपदेशक २ः४-५ः** यसकारण सुलेमानले एउटा विशाल निर्माण-कार्यक्रम शुरु गर्ने निर्णय गरे । शिक्षादीक्षामा होइन, मोजमज्जामा पनि होइन, मद्यमरिदाको सेवनमा होइन र मूर्खतामा पनि जीवनको रहस्य खोल्ने कुञ्जी थिएन भने त सायद धनसम्पत्तिमा यसको चाबी थियो कि ? उनले भव्य भवनहरू निर्माण गरे; उनले आफ्नो निम्ति एकर-एकरका दाखबारीहरू लगाए । सुलेमानको निर्माण-कार्यक्रमको विषयमा जति जान्न सक्छौं, त्यसबाट स्पष्ट बुझिन्छ, कि उनले त्यसमा कम्ती खर्च गरेनन् ।

उनले ठूला-ठूला पार्कहरू, बगानहरू र फूलबारीहरू लगाए – ओहो, कत्रा अदनका बगैंचाहरू ! देशभरि जताततै सबै किसिमका फलफूलका रूखहरू भएका बगैंचाहरू थिए । हामी सजिलोसँग सुलेमानलाई कल्पना गर्न सक्छौं, जसले आफ्ना मित्रहरूलाई यी बगैंचाहरू देखाउने भ्रमणमा लगे; तिनीहरूको प्रफुल्ल मनबाट निस्केका वाह-वाह शब्दहरूद्वारा उनको अहम कति फुल्यो होला ?

सायद उनका यी साथीहरूमध्ये कसैसँग पनि श्री सामुएल जोह्न्सनको जस्तै साहस थिएन होला । किनकि जब एकजना करोड़पतिले तिनलाई आफ्नो अहम फुलाउने भ्रमणमा साथमा लगे, र तिनले सारा वैभव र गौरव देखे, तब तिनले यिनलाई यसो भन्ने आँट गरेः 'यी तिनै कुराहरू हुन्, जसले गर्दा मानिसलाई मर्न गाह्रो पर्ला ।'

श्री हान्स क्रिस्त्यान एन्डर्सनको 'सम्राटको वस्त्र' नामक कथामा उल्लेख गरिएका राजा-जस्तै यस संसारमा अझै पनि धेरै करोड़पतिहरू होलान् । किनकि यी राजाको के भ्रमको विचार थियो भने, तिनी अत्यन्तै सुन्दर लुगा लिएर परेडमा गए क्यारे । तर एउटा सानो बालकले राजालाई पूरै नाङ्गो भएका देख्न सक्यो । ओहो, कति लाज, कति शर्म !

**उपदेशक २ः६ः** यस्ता विशाल बगानहरूलाई ग्रीष्म ऋतुका गरम, सुक्खा महिनाहरूमा सिँचाइ चाहिएको थियो । यसकारण सुलेमानले यी बगानहरूकहाँ पानी पुऱ्याउन नहरहरू, तालहरू र पोखरीहरू तिनका नाला-कुलाहरू-सहित निर्माण गरे ।

रासैरास धनसम्पत्तिले निश्चय शान्ति र आनन्द दिन सकेको भए पक्का पनि उनी त्यही शान्ति र आनन्दको पात्र हुनेथिए । तर उनले सिक्नुपऱ्यो, जुन कुरा हामी सबैजनाले

सिक्नुपर्छः साँचो आनन्द उन्माद भई गरेको धनको सञ्चयबाट आउँदैन, तर उदारचित्तको त्यागबाट पो आउँछ। जुन कुरा खानेकुरा थिएन, उनी बिचराले त्यस कुराको लागि आफ्नो पैसा खर्च गरे, अनि जुन कुरा सन्तुष्टि दिँदैनथियो, त्यही कुरामा आफ्नो परिश्रम खर्च गरे (यशैया ५५ः२)।

**उपदेशक २ः७ः** राजालाई आफ्नो विशाल सम्पदा सञ्चालन गर्न भीड़ैभीड़ नोकरचाकर-हरूको आवश्यकता परेको थियो। यसकारण उनले कमारा-कमारीहरूलाई किनेर काममा लगाए। अनि उनको घरमा जन्मेका दासहरू पनि थिए; त्यस बेलाको प्रतिष्ठा प्रतीकमा यो महत्त्वपूर्ण थियो।

सुलेमानको लागि, र अरू धेरैजसो मानिस-हरूको निम्ति, आफ्नो महानता केमा थियो, र छ ? के सेवा पाउनुमा थिएन ? किनकि उनको निम्ति सेवा गर्ने मानिसभन्दा टेबलमा बस्ने मानिस ठूलो हुन्थ्यो। तर सुलेमानभन्दा महान् व्यक्ति यस संसारमा आउनुभयो; अनि उहाँले दासहरूको दासको रूपमा धारण गर्नुभयो। अनि उहाँले परमेश्वरको राज्यमा महानता के हो, त्यो साँचो महानता देखाउनुभयो; अनि यो साँचो महानताचाहिँ सेवा हो र सेवाको भावना हो (मर्कूस १०ः४३-४५; लूका ९ः२४-२७)।

यरूशलेमका बासिन्दाहरूमध्ये अरू कोही थिएन, जसका गाईवस्तु र भेड़ाबाख्राहरू सुलेमानजतिका थिए। सबैभन्दा ठूला बथान र बगालहरू उनका बारीहरू र चरनहरूहुँदा चर्ने गर्थे। यसकारण प्रतिष्ठाचाहिँ सुखी जीवनको कुञ्जी थियो भने त उनीसँग त्यो चाबी थियो। तर प्रतिष्ठा त्यो चाबी थिएन। यसकारण उनीसँग त्यो कुञ्जी पनि थिएन। यस सम्बन्धमा एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'मैले जीवनको आनन्द उपभोग गर्ने सबै कुराहरू मागें, तर मलाई एउटा जीवन दिइयो, जसले गर्दा मैले सबै कुराहरूबाट आनन्द लिन सकें।'

**उपदेशक २ः८ः** अनि सुलेमानका आर्थिक स्रोतहरूको बारेमा हामी के भनौं त ! उनीसँग प्रशस्त सुन र चाँदी थियो; उनीसँग राजाहरू र प्रान्तहरूको धन थियो। यसको मतलब यो थियो, कि उनले आफ्नो अधीनतामा बसेका जातिहरूबाट कर उठाउने गर्थे, र उनले पराजित गरेका क्षेत्रहरूबाट सम्पत्तिहरू जम्मा गर्थे। अनि अर्को सम्भावित अर्थ यो पनि हो, कि शेबाकी रानीजस्तै उनलाई भेट्न आउने गन्यमान्य व्यक्तिहरूले उनलाई विभिन्न कलावस्तुहरू उपहारको रूपमा चढ़ाउँथे।

उनले सङ्गीत चाखेर हेरे। अनि सङ्गीतमा आकर्षण-शक्ति छ। यसकारण उनले उत्कृष्ट गायक र गायिकाहरूलाई भेला गरे। शायद यरूशलेमको खबरकागजमा यी सार्वजनिक सङ्गीत समारोहहरूको विषयमा प्रतिवेदनहरू पढ्न पाइन्थ्यो। तर राजाको निम्ति निजी प्रदर्शनहरू पनि हुन्थे, जस्तैः रात्रीभोजको सङ्गीत, च्याम्बर आर्केष्ट्रा आदि। अनि मेरो विचारमा, उनको निराशा श्री सामुएल जोह्न्सनले 'द हिस्टोरी ऑफ रसेलास, द प्रिन्स ऑफ एबिसिनिया' नामक पुस्तकमा यसरी राम्रोसँगले व्यक्त गरेका छन्ः

> 'म एकसाथ बाँसुरी बजाउनेलाई र गायकलाई बोलाउन सक्छु; तर के गर्ने ? मलाई हिजो प्रसन्न तुल्याएको रागले मलाई आज थकाएको छ, र भोलि झन् बढ़ी थकाउला। मैले सुखको वैध आमोदले आफ्नो मनको जुनैपनि अनुभूति तृप्त पारें, र अब म मेरो मनमा अरू कुनै अनुभूति भेट्टाउन सक्दिनँ, जुन अनुभूति तृप्त भएको छैन; र पनि म आनन्दित हुँदिनँ। यसर्थ निश्चय नै मानिसमा एउटा गुप्त इन्द्रिय हुनुपर्छ, जसको निम्ति यहाँ, यस धरतीमा कुनै सन्तुष्टि पाइँदैन। अथवा मानिसमा उसका ज्ञानेन्द्रियहरूदेखि बाहिरका केही चाहनाहरू हुनुपर्छ, जुन चाहनाहरू पहिले तृप्त हुनैपर्छ, नत्र ता ऊ कहिल्यै खुशी हुनै सक्दैन।' [15)]

अनि सुलेमानले मैथुनको स्वाद चाँखे। उनले केवल दाखमद्यको स्वाद मात्र होइन

(पद ३), गीतको मिठास मात्र होइन (पद ८), तर उनले स्त्रीप्रसङ्गको स्वाद पनि लिएः मद्य, स्त्रीहरू र गीत ! जुन शब्द आठ पदमा के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरूमा 'सबै प्रकारका बाजाहरू' भनेर अनुवाद गरियो, त्यस शब्दको खास अर्थ धमिलो छ, र यसको अनुवाद यसको सन्दर्भको फल हो । यसकारण एन.ए.एस.बी.-बाइबलले यस पदको यो अंश 'मैले मानिसहरूका सुखहरूअनुसार *धेरै उपपत्नीहरूको* प्रबन्ध गरें' भनेर अनुवाद गऱ्यो । पवित्र बाइबलले कति कुराको अनुमोदन नगरे ता पनि हामीलाई सत्य कुरा बताइदिन्छः सुलेमानसँग सात सय पत्नीहरू र तीन सय उपपत्नीहरू थिए (१ राजा ११ः३) । अनि उनले 'सुख प्राप्त गर्ने तरिका यही हो' भन्ठाने, कसरी ? यस्तो विशाल जनानखानामा कति ईर्ष्या, कति नचाहिँदो गफ, कति चुक्लीचाक्ली थियो, सो विचार गर्नुहोस् त !

अब हामी आफ्नो रोगी समाजको कुरा गर्नुपर्छ; किनकि 'सम्भोगचाहिँ जीवनको सुख र पूर्णताको राजमार्ग हो' भन्ने भ्रम हाम्रो समाजमा अझ पनि जारी रहेकै छ। एक पति र एक पत्नीको बीचको विवाहको सम्बन्धमा परमेश्वरले यौन-सुख निर्धारित गर्नुभएको हो । अनि यस सीमाभित्र त्यो सम्भव देखिन्छ। तर सम्भोगको दुर्व्यवहारले गर्दा मानिसलाई भारी कष्ट र स्वनाश भएको छ ।

वर्तमान यौनग्रस्त सनक समाजको शिकार भएकी एकजना स्त्रीले आफूलाई पूरा ठगिएकी महसुस गरिन् । किनकि यिनले यसरी लेखेकी छिन्ः

> 'मलाई अहिले के लागेको छ भने, मैले त्यस बेलामा सम्भोग खोजेकी थिएँ; मैले त्यो कुरा लटरीको ठूलो पुरस्कार सम्झें; मैले त्यो कुरा मेरो सारा दुनियाँ उज्यालो पार्ने माध्यम ठानेकी थिएँ, एउटा पिनबल मेसिनजस्तै । तर सम्भोग-क्रीड़ा सकेपछि मैले साह्रै कम्ती पाएकी मलाई लाग्यो । अनि मलाई याद छ, मैले त्यस बेलामा सोच्दैथिएँः "के सम्भोगमा केवल यति छ र ? के साँच्चै त्यसमा यति मात्र छ ?" ' 16)

**उपदेशक २ः९ः** सुलेमान महान् भए । उनले सबै भूतपूर्व राजाहरूलाई जितेछन्, किनकि उनी सिँढ़ी चढ़ेर तिनीहरूको भन्दा उच्च स्तरमा पुगे; अनि उनको सन्तुष्टि यसैमा थियो । तर यस प्रकारको सन्तुष्टि के होला त नि ? अनि उनले अनुभव गरेका सबै प्रयोगविधिहरू र उनले गरेका सबै अध्ययन-यात्राहरूपछि पनि उनको बुद्धि अझै पनि उनको साथमा थियो; उनले आफ्नो दिमाग गुमाएनन् ।

**उपदेशक २ः१०ः** सन्तुष्टिको खोजीमा उनले आफ्नो खर्चमा कुनै सीमा राखेनन् । उनले आफूले चाहेको कुनै चीज देखे भने, उनले त्यो चीज किनिहाले । अनि उनले कुनै सुखको आमोद गर्न चाहे भने, उनले त्यो सुख गरिछाड़े । उनले जहिले पनि केही न केही चीज प्राप्त गर्नु थियो र केही न केही काम गर्नु थियो; उनी यस चक्करमा परेर के हदसम्म आनन्द पाए । तर उनले सुख र सम्पत्तिको पछि लागेको व्यर्थ प्रयासको निम्ति यो क्षणिक आनन्द उनले पाएको एकमात्र प्रतिफल थियो ।

**उपदेशक २ः११ः** त्यसपछि उनले आफूले गरेका सबै कामकुराहरूको हिसाबकिताब गरे । आहा, उनले यसको निम्ति कति ऊर्जा खर्च गरेका थिए ! र यसको प्रतिफल के पो थियो ? सबै व्यर्थ रहेछ र सबै हावाबतास पक्रन खोजेको एउटा व्यर्थ प्रयास हुँदो रहेछ ! उनले सूर्यमनि दिगो सन्तुष्टि पाएनन् । श्री मार्टिन लुथरले जस्तो उनले पनि 'सारा संसार कुकुरको सामु फ्याँकिएको रोटीको टुक्रा मात्र हो' भन्ने कुरा थाहा पाए । किनकि सबै कुराहरूबाट उनलाई दिक्क र वक्क लागेको थियो ।

एकजना राल्फ बार्टुन नामक व्यङ्ग्य-चित्र बनाउने उत्कृष्ट कार्टूनकार थिए, जसलाई पनि दिक्क भइरहेको थियो । किनकि तिनले यसो लेखेका छन्ः

‘मेरा समस्याहरू थोरै छन्; मेरा साथीहरू धेरै र मेरा सफलताहरू ठूला छन्; म एउटी श्रीमतीदेखि अर्की श्रीमतीकहाँ गएको हुँ; मैले घर किन्दै-घर बेच्दै बारम्बार आफ्नो घर बदली गरेको छु; अनि मैले संसारका प्रायः सबै देशहरू घुमेको छु । तर मेरो दिनको चौबीस घण्टा भर्ने यी उपायहरूबाट मलाई दिक्क भएको छ ।’ 16)

सुख र सम्पत्ति मानिसको हृदय भर्नमा असफल हुन्छ-हुन्छ । यो कुरा सुस्पष्ट पार्न हामी निम्न काल्पनिक मानिसको एउटा कथा पेश गर्छौं; उसले कुनै कुरा केवल इच्छा मात्र गर्नुपरेको थियो, र उसले त्यो कुरा तुरुन्तै पाइहाल्थ्यो । यस मानिसको कथा यस प्रकारको छः

‘उसले एउटा घरको चाहना गर्‍यो, र तत्कालै उसले त्यो घर पाइहाल्यो, जसको ढोकामा उसको सेवा गर्ने नोकरचाकरहरू पनि हाजिर थिए । उसमा एउटा क्याडिलैक कार पाउने इच्छा जाग्यो, र नभन्दै त्यो भव्य कार चलकको साथ उसकोमा आइपुग्यो । शुरुमा ऊ साह्रै खुशी थियो; तर चाँड़ै उसलाई वक्क र दिक्क लाग्यो । अनि उसले आफ्नो नोकरलाई भन्योः “म यसबाट निस्कन चाहन्छु । म केही न केही कुरा रच्न चाहन्छु; म केही दुःख पाउन चाहन्छु । म यहाँ बस्नुभन्दा बरु नरकमा बस्न चाहन्छु ।” अनि उसको नोकरले उसलाई जवाफ दियोः “तपाईं कुन ठाउँमा हुनुभएको, तपाईंलाई के लाग्दैछ ?” ’ 17)

हाम्रो वर्तमान समाजका मानिसहरू एउटा भौतिकताको नरकमा बसिरहेका छन्; किनकि तिनीहरूले आफ्नो हृदय चिरस्थायी आनन्द ल्याउन नसक्ने भौतिक चीजहरूले सन्तुष्ट पार्ने प्रयास गरिरहेका छन् ।

**उपदेशक २ः१२ः** सुलेमानले आफ्नो सारा अनुसन्धानको निराशाजनक नतिजाले गर्दा विचार गर्न थालेः ‘बुद्धिमान् मानिस हुनु कि मूर्ख मानिस हुनु – कुनचाहिँ उत्तम होला ?’ उनले यो कुरा अध्ययन गर्ने निर्णय गरे । यो जीवन पानीका फोकाहरूको पछि लाग्ने कुरा हुँदो रहेछ । समझदार भएर जिउने मानिसलाई अर्को मानिसको भन्दा बढ़ी फाइदा के होला त नि, जसले समझदार हुनुको ठीक विपरीत गर्छ, अनि पागलपन र मूर्खतामा शरण लिएर एउटा सुखी जीवन यापन गर्छ ?

उनी एकमात्र सार्वभौम राजा थिए; उनी बुद्धिमान् र धनी राजा थिए; यसकारण यो कुरा पत्ता लगाउन उनको अवस्था राम्रो थियो । तर उनले यो कुरा पत्ता लगाउन सकेनन् भने, उनको पछि आउने मानिस जोसुकै होस्, उसलाई यो कुरा पत्ता लगाउने सम्भावना निक्कै कम हुनेथियो । किनभने राजाको उत्तराधिकारी हुनेले यस विषयमा कुनै नयाँ प्रकाश पाउने सम्भावना के पो थियो र ?

**उपदेशक २ः१३ः** उनको सामान्य आम-निष्कर्ष के थियो भने, मूर्खताभन्दा बुद्धि धेरै उत्तम हो, जसरी अन्धकारभन्दा ज्योति पनि धेरै उत्तम छ । किनकि बुद्धिमान् मानिस ज्योतिमा हिँड़्छ र उसले बाटोमा उसमाथि आइलाग्ने खतराहरू देख्न सक्छ । तर मूर्ख मानिस अन्धकारमा छामछाम-छुमछुम गर्छ, र हरेक खाड़ल र पासोमा परिहाल्छ ।

**उपदेशक २ः१४ः** बुद्धिमान् मानिसका आँखाहरूले सामुमा ऊ गइरहेको ठाउँ देख्न सक्छन्; हो, बुद्धिमान् मानिसको फाइदा यति नै हो । तर अन्तिम आएर यसले के भिन्नता गर्छ ? किनकि अन्तमा यी दुवैजना मर्नुपर्छ, र बुद्धि जति भए पनि त्यसले यो अन्तिम नियुक्ति ढिलो होस् वा रद्द होस् भन्ने पार्न सक्दैन । सबै मानिस-हरूको अन्तिम दशा त्यही रहेछ ।

**उपदेशक २ः१५ः** जब सुलेमानले महसुस गरे, कि मूर्ख मानिसको दशा उनको पनि दशा हुने रहेछ, तब उनले आफूलाई ‘मैले आफ्नो जीवनभरि बुद्धिमान् हुन यति प्रयत्न किन गरें होला’ भन्ने प्रश्न गरे । किनकि बुद्धिको एकमात्र फाइदा के हो भने, यसले बाटो उज्यालो पार्दो रहेछ । तर योबाहेक बुद्धिमा अरू असल कुरा के पो छ र ? अनि यही कारणले गर्दा बुद्धिको खोजी पनि ठूलो श्रमको बर्बादी हो ।

**उपदेशक २:१६-१७:** अनि यही विचारलाई उनले १६ र १७ पदमा निरन्तरता दिन्छन्। बुद्धिमान् मानिस र मूर्खा मानिसको अन्त्येष्टि भएपछि मानिसहरूले दुवैजनालाई तुरुन्तै बिर्सन्छन्। एक-दुई पुस्ताभित्र यिनीहरू कहिल्यै नबाँचेको जस्तै छ। हिजाआज धेरै महत्त्वपूर्ण भएका नामहरू र मानिसहरू छन्, जसका अनुहारहरू विस्मृतिमा हराउनेछन्। चिरस्थायी प्रसिद्धताको कुरा गर्नु हो भने, यस सम्बन्धमा बुद्धिमान् मानिस मूर्ख मानिसभन्दा उत्तम छैन, तर बराबर हुन्छ।

'मानिसको प्रसिद्धता यति क्षणिक छ र मानिसको सम्झना यति छिट्टै हराइहाल्छ' भन्ने चिसो बोधले गर्दा सुलेमानले आफ्नो जीवन घृणा गर्न थाले। सूर्यमनि मानवीय क्रिया-कलापमा सन्तुष्टि र तृप्ति पाउनु पर जाओस्, उनले शोक पो पाए। 'सबै व्यर्थ छ र हावाबतास पक्रन खोजेको व्यर्थ प्रयास पो हो' भन्ने कुरा बुझ्दा उनी विचलित भए।

प्रसिद्धता हासिल गरेका एक पूर्व-खेलाड़ीले यसो भनेका छन्:

> 'मेरो जीवनको सबैभन्दा ठूलो हर्ष के थियो भने, जब एउटा ठूलो फूटबल-मैचमा मैले पहिलो पल्ट निर्णयक गोल हानें, र हर्षोल्लासित भीड़को चिच्च्याउने आवाज सुनें। तर त्यही रात मेरो कोठाको शान्त वातावरणमा यसको अर्थहीनताको अनुभूतिले मलाई छोप्यो। आखिरमा यसको महत्त्व के थियो र? के जीवनमा गोलहरू हान्नुभन्दा राम्रो कुरा थिएन? यस्ता विचारहरूले गर्दा मैले जीवनको तृप्तिको खोजी गर्न थालें। अनि मेरो हृदयमा मलाई थाहा थियो, कि मेरो आवश्यकता परमेश्वरबाहेक अरू कसैले पनि पूरा गर्न सक्दैन। अनि त्यसपछि धेरै समय लागेन, र मैले ख्रीष्ट येशूमा पाएँ, जुन कुरा मैले संसारमा कहिल्यै भेट्टाउन सक्नेथिइनँ।' 18)

**उपदेशक २:१८:** सुलेमानलाई साह्रै बेठीक लागेको, उनको दृष्टिमा सबैभन्दा ठूलो अन्याय के थियो भने, उनले आफूले थुपारेको धन उपभोग गर्न पाउँदैनथिए। यस सिलसिलामा श्री सी. ई. स्टूवर्टले यसरी लेखेका छन्:

> 'मृत्युचाहिँ सुख नामक रूखको जरामा बस्ने कीरा हो। किनकि मृत्युले हाम्रो सुख हरण गर्छ; त्यसले हाम्रो आनन्द निभाउँछ; किनकि त्यसले त्यति बेला मानिसको जीवन शेष पार्छ, जुन बेलामा उसले बल्ल वर्षौंवर्ष गरेको परिश्रमको फल उपभोग गर्न लागेको थियो।' 19)

हो, सुलेमानले आफूले थुपारेको धन उपभोग गर्न पाउनेथिएनन्, तर उनले त्यो सबै आफ्नो उत्तराधिकारीको निम्ति छोड्नुपरेको थियो।

**उपदेशक २:१९:** अनि पित्तजत्तिकै तीतो कुरा के हो भने, उत्तराधिकारी बुद्धिमान् नहुनु पनि सम्भव थियो। ऊ फजुलखर्ची हुन सक्नेथियो, ऊ नकली हुन सक्नेथियो, ऊ एउटा अल्छे, कामचोर हुन सक्नेथियो। तर के गर्ने? ऊ उनको सारा सम्पत्तिको उत्तराधिकारी हुनेथियो। ऊ सम्पत्तिको बर्बादी र अपव्यय गर्ने मालिक हुनेथियो – एउटा सम्पत्तिको मालिक, जसको निम्ति उसले न कुनै मेहनत गर्‍यो, न कुनै योजना गर्‍यो।

यो कुरा साँच्चै सुलेमानलाई तीतो-पीरो लाग्यो। हुन सक्छ, उनले सायद आफ्नै परिवारमा यस्तो हुनेछ भन्ने पूर्वआभास पाए होलान्। हुन सक्छ, उनले अघिबाट आफ्नो छोरा रहबामलाई चिने होलान्, जसले आफ्नो मूर्खताले गर्दा सुलेमानले धेरै मेहनत गरेर जम्मा गरेको सारा धनसम्पत्ति उड़ाउनेथिए। इतिहास साक्षी छः रहबामले ठीक यस्तै गरे। तिनले आफ्ना वृद्ध सल्लाहकारहरूको कुरा सुन्न इन्कार गरेका हुनाले तिनले राज्यमा विभाजन ल्याइ-हाले। जब मिस्रीहरूले यहूदामाथि हमला गरे, तब तिनले तिनीहरूलाई मन्दिरका भण्डारहरूमा भएको धन दिएर मनाए। अनि सुनका ढालहरू मिस्रीहरूको खजानामा गए, र रहबामले तिनको सट्टामा पित्तलका ढालहरू बनाए (२ इतिहास १२:९-१०)।

**उपदेशक २:२०:** आफ्नो जीवनकार्य र आफ्नो धनसम्पत्ति अयोग्य उत्तराधिकारीको हातमा छोड्नुपर्ने सम्भावना र पूर्वेक्षणले सुलेमानलाई ठूलो निराशा र हतोत्साहमा डुबाइदियो। उनका आँखामा यो एकदम बेतुकाको र असङ्गत कुरा देखिन्थ्यो; यसकारण उनलाई आफ्ना सबै प्रयासहरू व्यर्थ भएका जस्तै लाग्यो।

**उपदेशक २:२१:** यस सम्पूर्ण विचारबाट उनी व्याकुल भए; किनकि उनीजस्तै मानिस बुद्धिमानी साथ लगानी गरेर, व्यापारको हिसाबले बाठै निर्णयहरू गरेर र निपुणतासाथ सठीक कदमहरू चालेर आर्थिक धनहरू थुपारेपछि आफ्नो मृत्यु हुने बेलामा त्यो सबका सब कसैलाई छोड़ेर जान बाध्य हुन्छ, जसले त्यस धनको निम्ति कहिल्यै, कुनै काम गरेको छैन र चिन्ताको एक औंसा पनि खर्च गरेको छैन। यो एउटा बेतुका मूर्खता र ठूलो विपत्ति-बाहेक अरू के हुन सक्नेथियो र?

सुलेमानले खोजेर निकालेका निचोड़हरूमा के मतलब छ र? किनकि अझ पनि सारा संसारभरि बुबाआमाहरूले आफ्ना छोराछोरी-हरूको निम्ति आफ्नो जीवनको सबैभन्दा उत्तम भाग सम्पत्ति जम्मा गर्न बिताउँछन्। तिनीहरूले यो आफ्नो निस्वार्थ नैतिक दायित्व पो भन्छन्। तर श्री रोबर्ट जेमिसन, श्री एन्ड्रु आर. फौसेट र श्री डेविड ब्राउनले निम्न सुझाउ दिएका छन्:

> 'निश्चय आफ्ना छोराछोरीहरूको निम्ति गरिने प्रबन्धको पछाड़ि प्रायः सांसारिक बुबाआमाहरूको स्वार्थ लुकेको छ।'[20]

किनकि तिनीहरूको पहिलो र प्रथम विचार-चाहिँ आफ्नै बुढ़ेसकालको लागि प्रशस्त प्रबन्ध गर्नु हो। तिनीहरूले यसो गर्दा पहिले आफ्नो निम्ति सोच्छन्। किनकि केवल तिनीहरूको उब्रेको सम्पत्तिमाथि तिनीहरूका छोराछोरीहरूको हक लाग्छ; अनि त्यो पनि बुबाआमाहरूको मृत्युले गर्दा र अंशबन्डाका सरकारी नियमहरूले गर्दा यसो हो।

हामीले इसाई दृष्टिकोणले हेर्नु हो भने, बुबाआमाहरूले काम र परिश्रम गरेर, कमखर्ची, मितव्ययी जीवन जिएर, बचत गरेर र त्याग गरेर आफ्ना छोराछोरीहरूको निम्ति रुपियाँपैसा छोड्न कुनै खास कारण छैन। पछाड़ि छोड्न सकिने सबैभन्दा उत्तम सम्पदा आत्मिक हो, आर्थिक होइन। इच्छापत्रहरूमा फलाना र फलानाको निम्ति निर्धारित गरिएको रुपियाँ-पैसाले धेरजसो सुखी र मिलानसार परिवार-हरूमा गहन ईर्ष्या, बेमेल र फाटो पो ल्याउँछ। धेरै पल्ट अचानक ठूला-ठूला अंशहरूका उत्तराधिकारी बनेका छोराछोरीहरूको आत्मिकता र नैतिकता बिग्रिएको छ। अनि यस कुराले अनिवार्य रूपले अन्य खराबीहरू निम्त्याउँछ।

यस कुरामा हामीले आत्मिक दृष्टिकोण अपनाउनु हो भने, हामीले आफ्नो रुपियाँपैसा अहिले नै परमेश्वरको काममा लगाउनुपर्छ, र अयोग्य, कृतघ्न, बैगुणी र मुक्ति नपाएका छोराछोरीहरूलाई छोड्नुपर्दैन, जस्तै कहिले-काहीं हुँदो रहेछ। यस विषयमा श्री मार्टिन लुथरले महसुस गरे, कि जुन परमेश्वरकहाँ तिनले आफूलाई सुम्पेका थिए, ती परमेश्वरको हातमा तिनले आफ्नो परिवारलाई पनि सुम्पन सक्छन्। यसकारण तिनले आफ्नो इच्छापत्रमा र वसियतमा यसरी लेखेः

> 'हे परमप्रभु परमेश्वर, म तपाईंलाई धन्यवाद चढ़ाउँछु; किनकि मलाई यस पृथ्वीमाथि गरिब र दरिद्र मानिस बनाउन तपाईंको इच्छा थियो। मेरो पछाड़ि कसैलाई छोड़ेर जान मसँग न घर छ, न जग्गा छ, न ता पैसा छ। तपाईंले मलाई एउटी पत्नी र छोराछोरीहरू दिनुभयो, जसलाई म अब फेरि तपाईंको हातमा सुम्पन्छु। हे प्रभु, जसरी तपाईंले मसित सुव्यवहार गर्नुभयो, त्यसरी नै तिनीहरूलाई पालन-पोषण गर्नुहोस्, तिनीहरूलाई सिकाउनुहोस् र तिनीहरूको सुरक्षा गर्नुहोस्।'

**उपदेशक २:२२:** सुलेमोन निष्कर्षमा पुगेः सूर्यमनि मानिसको सारा श्रम, टाउको दुःखाइ र हृदयको पीड़ाको परिणाम-स्वरूप उसले स्थायी

मूल्यवान् तत्त्व पाउँदैन रहेछ । मानिसले कोशिश गर्छ, उसले योजना बनाउँछ, उसले फिक्री गर्छ र उसले आफूलाई थकाउँछ – तर केको लागि ? उसको मृत्युको पाँच मिनेटपछि त्यसले के भिन्नता गर्छ ?

निस्सन्देह दिव्य प्रकाशविना हामी पनि त्यही निष्कर्षमा आइपुग्नेथियौं । तर परमेश्वरको वचनबाट हामीलाई थाहा छ, कि हामी आफ्नो जीवन परमेश्वरको लागि र परलोकको निम्ति जिउन सक्छौं । हामी जान्दछौं, हामीले उहाँको लागि गरेका सबै कामकुराहरूको निम्ति इनाम पाउनेछौं । प्रभुमा हाम्रो परिश्रम व्यर्थ हुँदैन (१ कोरिन्थी १५ : ५८ ) ।

**उपदेशक २ : २३ :** तर मृत्युपार कुनै आशा नभएको मानिसको लागि यो सत्य होः उसका दिनहरू पीड़ा र कष्टपूर्ण कामले भरिएका हुन्छन्, र उसका रातहरू ऊ दायाँ-बायाँतिर ढल्किँदै बित्छन् । जीवन एउटा ठूलो हतोसाहको अनुभव हो, र फिक्रीचिन्ताहरू र टाउँको-दुःखाइले भरिएको छ ।

**उपदेशक २ : २४ :** हो, कुरा यस्तो छ । यसकारण जुन मानिसको लागि उसको सम्पूर्ण अस्तित्व सूर्यमनि छ, उसको जीवनको आदर्श-वाक्य र त्यसको तर्कसँगत सिद्धान्त यो होः 'खाऊ, पिऊ र आफ्नो परिश्रमबाट आनन्द लेऊ !' यहाँ सुलेमानले घिचासपन र मतवलीपनको पक्ष लिँदैनन्, यसको सिफारिस गर्दैनन् । तर उनले भन्न खोजेको कुरा यही होः जीवनका मामुली कामकुराहरूमा हामीले जतिसक्दो आनन्द लिन सक्नुपर्छ । यो पनि परमेश्वरको हातबाट भएको होः मानिसहरूले जीवनका साधारण कृपाहरू उपभोग गर्न सक्नुपर्छ, जस्तैः स्वादिष्ठ खानाबाट आउने मीठो स्वाद लिन, सुराविनाको साधारण जल-पानको सेवनबाट आनन्द लिन र इमानदार कामबाट आउने सन्तुष्टि उपभोग गर्न सक्नु-पर्छ । मानिसमा भोगको शक्ति तबसम्म हुँदैन, जबसम्म परमेश्वरले उसलाई त्यो दिनुहुन्न ।

पछि प्रेरित पावलमा अर्को प्रचारक उठे, जसले सुलेमानको यो दृष्टिकोण पुष्टि गरे । किनकि तिनको भनाइअनुसार मरेकाहरूको पुनरुत्थान हुँदैन भने त सबैभन्दा राम्रो नीति-चाहिँ 'खाऔं र पिऔं; किनकि भोलि हामी मर्छौं' भन्ने नीति हो (१ कोरिन्थी १५ : ३२ ) ।

सुलेमानले यसमा निम्न विचार थप्छन्ः खाना खाएर आनन्द लिने क्षमता र अन्य तरिकाले आनन्द उपभोग गर्न सक्ने क्षमताहरू परमेश्वरबाट आउँछन् । उहाँविना हामीले सबैभन्दा साधारण कुराहरूबाट आनन्द लिन सक्दैनौं । खानेकुराको निम्ति हामी उहाँमाथि भर पर्छौं, साथै भोक र पाचन-शक्तिको निम्ति, देख्न, सुन्न, सुँघ्नको निम्ति, सम्झना-शक्ति, शरीर र मनको स्वास्थ्यको निम्ति र अरू सबै कुराहरूको निम्ति हामी उहाँमाथि निर्भर गर्छौं, जसले गर्दा हामी साधारणभन्दा साधारण सुखद अनुभवहरू गर्न सक्छौं ।

**उपदेशक २ : २५ :** अनि यस पदमा उनले उक्त कुरामा अझ कुन कुरा थप्छन् भने, उनले यी सबै कुराहरू अरू सबैले गरेको भन्दा बढ़ी उपभोग गर्न सके ।

श्री जोह्न डि. रोकेफेलरको हप्तामा लगभग दस लाख डलर आम्दानी थियो; तर तिनका डाक्टरहरू सबैले तिनलाई केही कौड़ी मात्र पर्ने खानेकुरा खाने अनुमति दिए । अनि तिनको जीवनी लेख्ने लेखकहरूमध्ये एकजनाले के भने भने, 'तिनी यस्तो खुराकमा बाँचे, जुनचाहिँ एउटा गरिब भिक्षुकले समेत तुच्छ ठान्नेथियो ।'

> 'तिनको शरीरको ओजन पचास के.जी.भन्दा कम थियो; अनि बिहानको खाजाको निम्ति तिनले खान पाउने खानेकुरा सब निम्न लिखित निर्धारित हुन्थ्योः कफीका केही थोपाहरू, एक चम्चा पोरिच वा दूधसितको चिउरा, एक काँटाभरिको फ्राइ-अण्डा र मटरजत्तिकै ठूलो एक टुक्राको मासु ।' 21)

तिनी संसारका सबैभन्दा धनी व्यक्ति थिए, तर बिचरा, तिनमा आफ्नो खानाबाट आनन्द लिने क्षमता थिएन ।

**उपदेशक २:२६:** अन्तमा सुलेमान यी उपदेशकले के पत्ता लगाए भने, परमेश्वरले जहाँ धार्मिकता भेट्टाउनुहुन्छ, त्यहाँ इनाम दिनुहुन्छ र पापलाई दण्ड दिनुहुन्छ; योचाहिँ जीवनको एक मूलभूत नियम हो। जसले उहाँलाई खुशी पार्छ, उसलाई परमेश्वरले बुद्धि, ज्ञान र आनन्द दिनुहुन्छ। तर पापमा चल्ने मानिसलाई उहाँले कष्टदायक काम दिनुहुन्छ। त्यसले परमेश्वरको मनसायअनुसारको व्यक्तिको निम्ति जम्मा गर्छ र थुपार्छ। अनि त्यसले त्यो कुरा एक दिन देख्नेथियो र त्यो लाजले लुत्रुक्क हुनेथियो। किनकि योजस्तै निष्फल निकम्माता, योजस्तै निराशा, योजस्तै हार अरू के पो हुन सक्थ्यो र ?

## ग) उपदेशक ३: जीवन र मृत्युको चक्रमा भएको व्यर्थता

**उपदेशक ३:१:** जीवनको सम्बन्धमा र मानिसको व्यवहारको विषयमा अनुसन्धान गर्ने व्यक्तिको रूपमा सुलेमानले के पत्ता लगाए भने, सबै कुराहरूको निम्ति पूर्वनिर्धारित गरिएको समय छ, र हरेक घटनाको निम्ति निश्चित समय तोकिएको छ। परमेश्वरले हरेक क्रियाकलापको निम्ति एउटा विशाल कम्प्युटरलाई निर्देशन गर्नुभएको यसको मतलब हो, जसरी स्पेनका मानिसहरूले भन्ने गर्छन्: 'के सेरा, सेरा'; यसको अर्थ 'जे हुनु छ, हुनेछ' हो। यसको अर्थ यो पनि हो कि इतिहासमा चक्ररूपी प्रक्रियाहरू चल्दा रहेछन्, र यी प्रक्रियाहरू नियमित र चिरस्थायी रूपले दोहोरिने गर्छन्। यसो हो भने, मानिस आफ्नो व्यवहारमा यी नियमित गतिविधिहरूभित्र बाँधिएको र थुनिएको हुन्छ, जुन गतिविधिहरू केही सुस्थिर नियम र पद्धितिहरूद्वारा निर्धारित गरिएका हुन्छन्। मानिस अनिवार्यताको दास हो। किनकि अनिवार्यताको घड़ी र पात्रो यहाँ, यस नरलोकमा चल्छ।

उपदेशक ३:१-८ पदको खण्डमा सुलेमान यी उपदेशकले अट्ठाइसवटा क्रियाकलापहरू सूचित गरेका छन्, जुन क्रियाकलापहरूले जीवनको सम्पूर्ण चालको क्षेत्र देखाउन खोजे होलान्। यो कुरा अङ्क अट्ठाइसबाट बुझिन्छ, जुन सङ्ख्या सात गुणा चारको योगफल हो; किनकि अङ्क चारचाहिँ संसारको सङ्ख्या हो भने, पूर्णताको सङ्ख्या सात हो।

यस सूचिमा विपरीत अर्थका शब्दहरू हालिएका छन्; यसमा चौधवटा सकारात्मक र चौधवटा नकारात्मक छन्। एक प्रकारले, सकारात्मक कुराहरूले एक-एक नकारात्मक कुरा रद्द गरेको देखिन्छ; चौधबाट चौध घटाउँदा यसको सङ्ख्या शून्य हुन्छ।

**उपदेशक ३:२:** जन्मने समय हुन्छ। कुनै व्यक्तिसँग आफ्नो जन्ममाथिको नियन्त्रण छैन; अनि बुबाआमाहरूले पनि नौ महिना पर्खनुपर्छ; किनभने नौ महिनाभित्र जन्म चक्र पूरा हुन्छ।

अनि मर्ने समय पनि हुन्छ। भजन ९०:१० पदअनुसार मानिसको आयु सत्तरी वर्ष तोकिएको छ; तर योबाहेक के देखिन्छ भने, मृत्यु एक पूर्वनिर्धारित नियुक्ति हो, जुन नियुक्ति सबैले मान्नैपर्छ, जसमा सबै सामेल हुनैपर्छ।

हो, यस पृथ्वीमा हाम्रो जीवनको समय-अवधि कति हो, सो कुरा परमेश्वर पहिलेदेखि जान्नुहुन्छ; तर हामी ख्रीष्ट-विश्वासीहरूको निम्ति यस कुराले केही पर्बाह गर्दैन; किनकि यो हाम्रो निम्ति न उराठलाग्दो, नअशुभ कुरा हो। किनभने जबसम्म हाम्रो काम पूरा हुँदैन, तबसम्म हामी अमर नै हुन्छौं भन्ने कुरा हामीलाई थाहा छ। अनि हाम्रो मृत्यु हुनु एउटा सम्भावना होला; तर हाम्रो मृत्यु निश्चित छैन; किनभने हामी ख्रीष्ट येशूको पुनर्आगमनको बाटो हेर्दै जिउँछौं; यो हाम्रो परम धन्य आशा हो। ख्रीष्ट-विश्वासी भाइबहिनीहो, हामी हाम्रो कफिन बनाउनेको बाटो हेरेर होइन, तर हाम्रा मुक्तिदाताको बाटो हेरेर जिउनुपर्छ। प्रचारक श्री पीटर पेलले यस कुरामा आफ्नो रङ्ग र रस हालेका छन्: 'म मलाई मट्टीमा गाड्ने मानिसको लागि पर्खिरहेको छैनँ,

तर म मलाई उठाएर लैजानुहुने प्रभु येशूको लागि पर्खिरहेको छु !'

रोप्ने समय हुन्छ, र रोपिएको चीज उखेल्ने समय पनि हुन्छ। यो वाक्यहरूद्वारा सुलेमानले कृषि-जगत्‌को सम्पूर्ण क्षेत्र समेटेका देखिन्छ; वर्षका ऋतुहरू त्यससित नजिकको सम्बन्ध राख्छन् (उत्पत्ति ८ः२२)। किनकि जुन कृषकले बीउ रोप्दा र फसल कट्दा यी ऋतुहरू ख्यालै गर्दैन, त्यो कृषक अलफल हुन्छ-हुन्छ, र उसले ठूलो हानि उठाउनुपर्छ।

**उपदेशक ३ः३ः** मार्ने समय हुन्छ, र निको पार्ने समय पनि हुन्छ। बाइबलका टिप्पणी-कारहरूले के भन्छन् भने, यस पदको सन्दर्भ हत्याको कुरा होइन, तर यहाँ लड़ाइँको कुरा, मृत्युदण्ड दिने वा आफ्नो प्रतिरक्षा गरेको कुरा हो अरे। तर हामीले एउटा कुरा याद गर्नुपर्छः सुलेमानले यहाँ व्यक्त गरेका कुराहरू 'सूर्यमनि' भइरहेका कुराहरू हुन्। उनको ज्ञान यसमा सीमित थियो। ईश्वरीय प्रकाशविना यस संसारमा जीवन उनलाई केजस्तो लाग्यो ? यो जीवन उनको निम्ति कि त वधशाला कि त अस्पताल, कि त युद्धको रणभूमि कि त प्राथमिक उपचार केन्द्र थियो।

भत्काउने समय हुन्छ, र निर्माण गर्ने समय पनि हुन्छ। पहिले भत्काउने टोली आउँछ, र त्यसले पुराना भइसकेका, काम नलाग्ने घरहरू भत्काउँछ; त्यसपछि निर्माणकर्ताहरूले त्यहाँ नयाँ भवनहरू खड़ा गर्छन् र त्यो थोत्रो ठाउँ एउटा सुन्दर आबाद बनाउँछन्।

**उपदेशक ३ः४ः** रुने समय हुन्छ, र हाँस्ने समय पनि हुन्छ। के जीवन वियोग र हास्य नाटकको बीचमा पालोपिलो गर्छ ? किनकि एक समयमा जीवनले त्रासदीको कालो मुखुण्डो देखाउँछ; अर्को समयमा यसले जोकरको रङ्‌ले रङ्गीन पारिएको अनुहार देखाउँछ।

विलाप गर्ने समय हुन्छ, र नाच्ने समय पनि हुन्छ। उता शव-यात्रा शोकमा डुबेका, विलाप गर्दै गरेका शोकित परिवारको साथमा जाँदैछ। तर केही समय नबित्दै, यता विवाहको स्वागत कार्यक्रममा मानिसहरूले नाचिरहेका हुन्छन्। त्यो अघिको शोक कहाँ गयो त ? यो यति छिटो कसरी गायब भयो ?

**उपदेशक ३ः५ः** ढुङ्गाहरू फ्याँक्ने समय हुन्छ, र ढुङ्गाहरू बटुल्ने समय पनि हुन्छ। यो कुरा हामी अक्षरशः लिनु हो भने, ढुङ्गाहरू हटाएर मानिसले खेती गर्ने जमिन तयार गर्नुपर्छ (यशैया ५ः२); अनि घरहरू, पर्खालहरू बनाउन वा अन्य परियोजनाहरूको लागि ढुङ्गाहरू जम्मा गरिन्छन्। अनि यी शब्दहरूमा हामीले लाक्षणिक अर्थमा लिनु हो भने, जसरी प्रायः सबै वर्तमान टिप्पणीकारहरूले यसको अर्थ लगाउँछन्, तब विवाहको सम्बन्धचाहिँ यसको सन्दर्भ होला। तब टि.ई.वी.को भावानुवादअनुसार यसको अर्थ 'सम्भोग गर्ने समय हुन्छ, र सम्भोग नगर्ने समय पनि हुन्छ' होला त नि, कि कसो कुन्नि ?

अङ्गालो हाल्ने समय हुन्छ, र अङ्गालो हाल्नबाट अलग बस्ने समय पनि हुन्छ। स्नेहको क्षेत्रमा पनि यसमा संलग्न समय र यसबाट पछि हट्ने समय हुँदो रहेछ। किनकि कुनै समयमा प्रेम शुद्ध हुन्छ भने, अरू बेलामा प्रेम अशुद्ध र अनुचित हुन सक्छ।

केही चीज हासिल गर्न खोज्ने समय हुन्छ, र चीज हराउने समय पनि हुन्छ। यस वाक्यले हामीलाई व्यापार-जगत्‌को सम्झना दिलाउँछ; किनकि व्यापारधन्धामा लाभ र घाटा हुन्छ-हुन्छ। शुरु-शुरुमा व्यापारधन्धामा ज्वाररूपी तेज आम्दानी हुन्छ; तर त्यसपछि बजार ठन्डा-मन्द हुन्छ, र कम्पनीहरू घाटामा चल्छन्।

**उपदेशक ३ः६ः** राख्ने समय हुन्छ, र फ्याँक्ने समय पनि हुन्छ। प्रायः सबै गृहिणीहरू यस अनौठो चालसित सुपरिचित हुन्छन्। कति महिनासम्म, अँ, वर्षौंवर्षसम्म विभिन्न जिन्सी मालसामानहरू अलमारीहरूमा र तहखाना-कक्षमा अनि बुइगलमा र कौसी-कोठाहरूमा राखिन्छन्। त्यसपछि घर-सफाइ गर्ने जोशमा

ती मालसामानहरू निकालिन्छन् र कुनै स्थानीय कल्याण सेवा केन्द्रलाई दिइन्छन्, जसका मानिसहरूले यी थोकहरू एउटा गाड़ामा हालेर लैजान्छन् ।

**उपदेशक ३ः७ः** च्यात्ने समय हुन्छ, र सिलाउने समय पनि हुन्छ। के सुलेमानले कपड़ा-फेसनमा निरन्तर भइरहेको हेरफेरको बारेमा सोचिरहेका थिए ? कतै कुनै प्रख्यात भूषाचारीले नयाँ आकर्षक वस्त्र निकालोस् त, तब यसको नमुनाअनुसार संसारभरि लुगाका फेरहरू लामा-छोटा पारिन्छन् । हिजाआजका लुगाहरू दुःसाहसी हुन्छन् र ध्यान-आकर्षक हुन्छन् । अनि भोलिको दिनमा लुगाहरू फेरि हजुरआमाको पालोको पुरानो शैलीमा फर्कन्छन् ।

चुप लाग्ने समय हुन्छ, र बोल्ने समय पनि हुन्छ । चुप लाग्ने समय त्यस बेलामा हो, जब मानिसहरूले हामीलाई अन्यायपूर्वक छिद्रान्वेषी गर्छन् । जब हामी अरू मानिसहरूलाई दोष लगाउने परीक्षामा पर्छौं, तब हाम्रो निम्ति चुप लाग्ने समय आएको छ। अथवा जब हामी असत्य, निर्दयी, वा अरूको उन्नति नगर्ने शब्दहरू बोल्न लागेका छौं, तब हाम्रो लागि चुप लाग्नु बेस हो । मोशाले आफ्ना ओठहरूले सोचविचार नगरी बोले; यसकारण उनले प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्न पाएनन् (गन्ती २०ः१०; भजन १०६ ः ३३ ) ।

हाम्रो बोल्ने समय त्यो हो, जब मुक्तिको सुसमाचार वा बाइबलको कुनै महान् शिक्षा खतरामा परेको हुन्छ। मोर्दकैले एस्तरलाई 'अहिले तिम्रो बोल्ने समय आएको छ' भन्ने अर्ती दिए (एस्तर ४ः१३ -१४ ) । अनि यसमा श्री डान्टे अलिघिएरीले थपेर भनेका छन्ः 'नरकका गर्मीभन्दा गर्मी ठाउँहरू ती मानिसहरूको निम्ति साँचेर राखिएका छन्, जुन मानिसहरू यस ठूलो नैतिक सङ्कष्टको समयमा चुप रहन्छन् ।'

**उपदेशक ३ः८ः** प्रेम गर्ने समय हुन्छ, र घृणा गर्ने समय पनि हुन्छ । हामीले यो वाक्य इसाई पृष्ठभूमिमा हाल्न जबरजस्ती गर्नुहुँदैन । किनकि सुलेमानले यहाँ इसाई भएर कुरा लेखेनन् । उनले यहाँ संसारको मानिसको रूपमा कुरा गरे। उनलाई के लागेको थियो भने, मानिसको चालसित समयले पिङ खेलेको जस्तै छः कहिले प्रेमको समय, कहिले घृणाको समय हुन्थ्यो, र हुन्छ ।

लड़ाइँ गर्ने समय हुन्छ, र मेलमिलाप गर्ने समय पनि हुन्छ । इतिहास के हो त ? के क्रूर, निष्ठुर लड़ाइँहरूको वृत्तान्त होइन र, जसको बीच-बीचमा बेला-बेलामा शान्तिका छोटा-छोटा समयअवधिहरू थिए ?

**उपदेशक ३ः९ः** तर सुलेमानको मनमा एउटा प्रश्न गुँजिबसेको थियोः *'काम गर्नेले आफूले मेहनतसित गरेको परिश्रमबाट के फाइदा पाउँछ ?'* किनकि हरेक उत्थान गर्ने क्रियाकालापको निम्ति एक विनाशक क्रियाकलाप पनि छ । एक अङ्क बढ़ाउनको साथै फेरि एक अङ्क घटाइन्छ। चौधवटा सकारात्मक कार्यहरू चौधवटा नकारात्मक कार्यहरूद्वारा रद्द गरिन्छन् । यसकारण जीवनको गन्ने सूत्र यस प्रकारको छः चौधबाट चौध घटाइयो भने यसको जोगफल शून्य हुन्छ। यसर्थ अन्तमा मानिससँग शून्यबाहेक अरू केही पनि रहँदैन रहेछ ।

**उपदेशक ३ः१०ः** सुलेमानले सबै क्रिया-कलापहरू, सबै कामधन्धाहरू र सबै उद्योग-हरूको विस्तृत सर्वेक्षण गरेका थिए, जुनचाहिँ परमेश्वरले मानिसलाई समय बिताउने हेतुले यस संसारमा दिनुभयो। अनि भर्खर उनले हामीलाई उपदेशक ३ः२-८ पदको खण्डमा यी कुराहरूको सूचि पेश गरे ।

**उपदेशक ३ः११ः** उनी निम्न निष्कर्षमा पुगेः *'परमेश्वरले हरेक थोक त्यसको समयमा सुन्दर बनाउनुभएको छ ।'* अथवा अझ स्पष्ट रूपले भन्नु हो भने, हरेक क्रियाकलापको लागि उपयुक्त समय हुन्छ । उनले यहाँ परमेश्वरको सृष्टिको सुन्दरतामाथि आफ्नो ध्यान लगाएनन्;

तर उनले यहाँ के भन्छन् भने, हरेक कामकुराको निम्ति त्यसको निर्धारित समय हुन्छ, र हरेक काम आफ्नो समयमा साह्रै उपयुक्त हुँदो रहेछ ।

*'... साथै उहाँले तिनीहरूको मनमा सदा-काल पनि हालिदिनुभएको छ ।'* मानिस नरलोकमा जिउँछ, तर परलोकको विषयमा उससँग धेरै सङ्केत र जानकारीहरू छन् । सहज-ज्ञानको कुरा होः मानिसले सदा-कालको विषयमा विचार गर्छ । उसले परलोकको कुरा कहाँ बुझ्न सक्छ ! तर उसकहाँ कता एउटा आभास छः यस नरलोकको जीवनदेखि उता यस्तो समयरूपी विशाल सागर छ, जसका किनाराहरू छैनन् ।

तर परमेश्वरका कामहरू र उहाँका चालहरू मानिसको निम्ति अथाह र अगम्य हुन्छन् । परमेश्वरको प्रकाश नपाएसम्म हामीले न सृष्टिको रहस्य, न उहाँको पूर्वप्रबन्धको भेद, न ता ब्रह्माण्डको अन्त र समाप्ति कहाँ हुने हो, सो बुझ्न सक्छौं । मानिसको ज्ञानले ठूलो प्रगति गरेको छ, तर हामी अझै पनि धमिलो ऐनाबाट सबै कुरा हेरिरहेका छौं । हामीले एउटा ठूलो सुस्केराको साथ स्वीकार गर्नुपर्छः 'ओहो, हामी उहाँको विषयमा साह्रै थोरै जान्दछौं !'

**उपदेशक ३ः१२ः** एक, केही अनिवार्य नियमहरू मानिसको जीवनमाथि राज्य गर्छन्; अनि दुई, मानिसका सबै क्रियाकलापहरूले उसलाई कुनै प्रगति गर्न दिँदैनन्, तर उसलाई उसले शुरु गरेकै ठाउँमा छोड़िदिएका जस्तो देखिन्छ । यसकारण सुलेमानले के निर्णय गरे भने, जीवनको सबैभन्दा उत्तम नीति भनेको आनन्दित रहनु हो र आफ्नो जीवनबाट सकेसम्म धेरै आनन्द उठाउनु हो ।

**उपदेशक ३ः१३ः** उनको विचारमा जीवन परमेश्वरको दान थियो । यसकारण उनले जीवन रक्सीधोकाइको मदनोत्सव सम्झेनन्, लम्पटताको अवसर वा वाक्कव्याक्क हुने-सम्मको अतिभोग गर्ने मौका पनि ठानेनन्; होइन, होइन ! मानिसले आफ्नो खानेकुरा र पिउने कुराहरूबाट आनन्द लिने कुरा, साथै उसको दैनिक काममा सकेसम्म आनन्दको अनुभव गर्न सक्ने कुरा पनि परमेश्वरको दान हो । जीवनको विषयमा उनको यो दृष्टिकोण निक्कै तल स्तरको थियो; यो त इसाई दृष्टिकोणै होइन, तर त्योभन्दा निक्कै तलको धारणा हो । तर हामी निरन्तर एउटा कुरा याद गर्नुपर्छः सुलेमानको यो दृष्टिकोण सरासर सांसारिक थियो ।

**उपदेशक ३ः१४ः** तर उनले सठीक प्रकारले एउटा कुरा बुझेः परमेश्वरका आदेशहरू अपरिवर्तनीय हुन्छन् । जुन कुरा परमेश्वरले निर्णय गर्नुभयो, त्यो कुरा स्थिर र सुदृढ़ रहने नै छ; मानिसले यसमा कुनै कुरा थप्न सक्दैन र यसबाट कुनै कुरा घटाउन सक्दैन, अहँ, उसले उहाँको कुनै निर्णय बदली गर्नै सक्दैन । यसकारण मानिसले बुझोस्ः हामीजस्तै सृष्टि गरिएको प्राणीको निम्ति आफ्ना सृष्टिकर्ताका प्रबन्धहरूको विरुद्धमा लड्नु मूर्खता हो । बरु हामीले उहाँलाई आदर गर्नुपर्छ र हामीले आफूलाई उहाँको अधीनतामा सुम्पनुपर्छ । यो सर्वोत्तम कुरा हो ।

**उपदेशक ३ः१५ः** खास कुरा कस्तो छ ? वर्तमान समयमा भइरहेका घटनाहरूचाहिँ अघि घटेका घटनाहरूको दोबारा मात्र हुन्; अनि भविष्यमा जुन कुरा घट्नेछ, त्यो कुनै नयाँ कुरा हुने होइन, तर त्यो कुरा अघि एक समयमा भइसकेको थियो । परमेश्वरले सबै कुराहरू फेरि र फेरि दोहोरिने आधारमा व्यवस्थित गर्नुभएको छ । यसकारण भइरहेका कुराहरू फेरि र फेरि हुन आउनेछन् । उहाँ विगत कुरा फर्काएर ल्याउनुहुन्छ, र यसरी इतिहास फेरि दोहोरिन्छ । *'अनि परमेश्वर वितिसकेको कुरा खोज्नुहुन्छ'* भन्ने वाक्यको प्रयोग प्रायः यस प्रकारले गरिन्छः विश्वास नगर्ने मानिसहरूले आफ्ना विगत पापहरूको लेखा दिनुपर्छ । हो, मानिस-हरूले आफ्ना कामहरूको लेखा दिनुपर्छ, यो सत्य हो; तर यो यस खण्डमा भन्न खोजिएको

कुरा होइन। किनकि यहाँ इतिहास अर्को चक्र लगाउनको निम्ति परमेश्वरले विगत घटनाहरू फेरि निकाल्नुहुन्छ। श्री आर. सी. स्प्रोउलले यस कुराको नाम 'अनन्त दोहोऱ्याइ' भनेका छन्।

'अनन्त दोहोऱ्याइ भन्नाले के बुझिन्छ ? अपरिमित समयमा बेला-बेलामा चक्रहरू हुने गर्छन्, जुन चक्रहरूमा अघि भइसकेका कुराहरू फेरि र फेरि दोहोरिन्छन्। मानवीय जीवन एउटा नाटकजस्तै हो, जुन नाटकको एकै भाग फेरि र फेरि दोहोरिन्छ'।[22]

**उपदेशक ३ः१६ः** अनि यी उपदेशकलाई पीड़ा दिने कुराहरूमध्ये अन्याय र दुष्टता पनि थिए। किनकि उनले अदालतमा, जहाँ न्यायको काम हुनु थियो, न्याय टेढ़ामेढ़ा भएको पाए, अनि सरकारी जगत्‌मा, जहाँ त्यसका कर्मचारी-हरूले धार्मिकताको साथ काम गर्नु थियो, त्यहाँ उनले बेइमानी व्यवहार देखे।

**उपदेशक ३ः१७ः** जीवनमा यी अनियमित-ताहरू देखेको हुनाले उनलाई के लाग्यो भने, एक दिन परमेश्वरले मानिसहरूको न्याय गर्ने समय हुनैपर्छ; तब यस पृथ्वीमा यी अधर्महरू सच्याइनेछन्। सुलेमानले यो न्याय परलोकमा हुनेछ भन्ने कुरा स्पष्ट रूपले भन्दैनन्। तर यो उनको पूर्व-फैसला थियो; किनभने यस संसारमा यति धेरै अधर्महरू छन्, जसको उचित सजाय हुँदैन रहेछ। अनि उनको यस निष्कर्षले धर्मी जनहरूको हृदयमा भएको साझा भावना झल्काउँछ। शिष्टाचार र निष्पक्षताको माग के हो भने, एउटा लेखा दिने समय हुनुपर्छ, अनि धर्म र न्याय सत्य ठहरिने समय हुनुपर्छ।

**उपदेशक ३ः१८ः** यस अध्यायका अन्तिम पदहरूमा यी उपदेशकको विषयवस्तु मृत्यु हुने रहेछ। उनले मृत्यु कबाफमा भएको हड्डी सम्झे, किनकि मृत्युले मानिसका सबै उच्च आकांक्षाहरू, उसका सबै प्रयासहरू र उसका सबै सुखहरू अन्त गर्छ। अनि हामीसँग पवित्र बाइबल नभएको भए, हामी पनि उनको निष्कर्षमा आइपुग्नेथियौं। धन्न, हामीसँग पवित्र बाइबलको प्रकाश छ !

*'मैले आफ्नो मनमनमा भनें'* भनेर उनले आफ्नो कुरा शुरु गर्छन्; यसमा ध्यान दिनुहोस् ! परमेश्वरले उनलाई कुनै कुरा प्रकट गर्नुभएको कुरा छैन यहाँ। तर उनले आफ्नो मनमा वा आफ्नो दिमागमा उठेको कुरा यहाँ पेश गर्छन्। यो त 'सूर्यमनि' भएको उनको तर्क पो हो। यसकारण यो खण्ड मृत्यु र परलोकको विषयमा उपयोग्य शिक्षा प्राप्त गर्ने ठावैं होइन। हामी आफ्नो शिक्षा यस खण्डमाथि निर्माण गर्नुहुँदैन। तर ठीक यही कुरा आफ्नो झूटो शिक्षा प्रचार गर्ने धेरै झुण्डहरूले गरेका रहेछन्। तिनीहरूले यी पदहरू लिएर मरेकाहरूको चिर-निद्रा र मरेपछि दुष्टहरूको अस्तित्व नरहने आफ्ना गलत शिक्षाहरू यहाँबाट समर्थन गर्छन्। तर तपाईंले यो खण्ड ध्यानसित पढ्नुहोला; तब तपाईंले बुझ्नुहुनेछः वास्तवमा यस खण्डमा सुलेमानले यस प्रकारका धारणाहरू पेश गरेका छैनन्।

उनले यस खण्डमा खास के भने त ? परमेश्वरले मानिसलाई यस पृथ्वीमा एउटा छोटो समयको निम्ति राख्नुहुन्छ। अनि यस छोटो अवधिमा उहाँले उसलाई जाँच्नुहुन्छ र उसलाई ऊ कति कमजोर र क्षणिक छ, सो देखाउनुहुन्छ; किनकि मानिस पशुजस्तै छ। तर के उनले यहाँ 'मानिस जनावरभन्दा असल छैन' भन्ने कुरा भन्छन् त ?

**उपदेशक ३ः१९ः** होइन ! मानिस पशु कहाँ हो र ! तर एकै हिसाबले मानिस जनावरजस्तो छ; एकै हिसाबले उसलाई पशुभन्दा बढ़ी फाइदा हुँदैन। किनकि जसरी पशुहरूमा मृत्यु आउँछ, त्यसरी नै मानिसमा पनि मृत्यु आउँछ। *'तिनीहरू सबैको एउटै सास हुन्छ;'* अनि मृत्यु हुने बेलामा त्यो सास निस्किजान्छ। यस दृष्टिकोणमा मात्र मानिसको लागि र सृष्टिको तल्लो स्तरका प्राणीहरूको लागि जीवन उस्तै छ।

**उपदेशक ३ः२०ः** किनकि सबैको अन्त चिहानमा अर्थात् मट्टीमा हुँदो रहेछ। मानिस र पशुहरू एउटै ठाउँमा जान्छन्, धूलोमा फर्केर जान्छन्। मानिस र पशुहरू धूलोबाट आए; अनि तिनीहरू धूलोमा फर्केर जानेछन्। तर के मानिसको जीवन शरीर मात्र हो त? होइन, किनकि हामीलाई थाहा छः मानिसको शरीर त केवल एउटा पाल हो, जसभित्र मानिसले वास गर्छ। तर सुलेमानले यसको विषयमा सारा सत्यता जानेनन्; विशेष गरी परलोकमा मानिसको अवस्थाको विषयमा उनी अनजान थिए।

**उपदेशक ३ः२१ः** मृत्युको समयमा के हुन्छ, यसको बारेमा सुलेमानको अज्ञानता केमा देखिन्छ? उनले यहाँ, यस पदमा सोधेको प्रश्नबाट यो बुझिन्छ। 'मानिसका सन्तानहरूको सास उँभोतिर जान्छ र पशुहरूको सास तल पृथ्वीतिर जान्छ भन्ने कुरा कसले जान्दछ र?' यो वाक्य हामीले शिक्षाको रूपमा लिनुहुँदैन; किनकि यो त परमेश्वरले दिनुभएको निश्चयता होइन, तर केवल अनजान भएको मानिसको प्रश्न हो!

आउनुहोस्, हामी नयाँ नियममा जाऔं; किनकि हामी नयाँ नियमबाट जान्दछौं, कि ख्रीष्ट-विश्वासीहरूको आत्मा र प्राण, उनी-हरूको मृत्यु भएको समयमा, ख्रीष्ट येशूकहाँ जान्छन् (२ कोरिन्थी ५ः८; फिलिप्पी १ः२३), र उनीहरूको शरीर चिहानमा जान्छ (प्रेरित ८ः२)। तर विश्वास नगर्ने मानिसहरूको आत्मा र प्राण पातालमा जान्छन्, र तिनीहरूको शरीर मट्टीमा जान्छ (लूका १६ः२२ख-२३)। जब ख्रीष्ट येशू फर्केर आउनुहुनेछ र आकाशमा देखा पर्नुहुनेछ, तब विश्वासमा मरेकाहरूका शरीरहरू महिमित रूपमा बौराएर उठाइनेछन् अनि यी महिमित शरीरहरू उनीहरूका आत्मा र प्राणसँग फेरि मिल्नेछन् (फिलिप्पी ३ः२०-२१; १ थेस्सलोनिकी ४ः१६-१७)। तर ठूलो सेतो सिंहासनको सामुन्ने न्यायमा उभिनको लागि विश्वास नगर्ने मानिसहरूका मृत शरीरहरू पनि बौराएर उठाइनेछन् र तिनीहरूका आत्मा र प्राणसँग फेरि मिल्नेछन्; त्यसपछि ती मानिसहरू आत्मा, प्राण र शरीरको साथ नरकको आगोको सागरमा फालिनेछन् (प्रकाश २०ः१२-१४)।

यस कुरामा हामीले थप्नुपर्छ, कि जनावरहरूमा शरीर र प्राण त छन्, तर पशुहरूको आत्मा हुँदैन।[23] अनि 'पशुहरूमा मृत्युपछिको जीवन छ' भन्ने विषयमा पवित्र बाइबल चुप लागेको छ। अनि यसको मौनतामा ठूलो अर्थ हुन्छ।

**उपदेशक ३ः२२ः** मृत्युको विषयमा सुलेमानसँगको ज्ञान अधूरो थियो; यसकारण उनी निम्न निष्कर्षमा पुगेः मानिसको निम्ति आफ्ना दैनिक कामकुराहरूमा आनन्दित हुनु सबैभन्दा असल कुरा हुँदो रहेछ; उसको भाग यही हो; अनि यस नभई नहुने अनिवार्य कुराको अधीनतामा रहन उसको निम्ति समुचित देखिन्थ्यो। किनकि जुन कुरा उसले बदली गर्न सक्दैनथियो, त्यो कुरा ग्रहण गर्नु र त्यसमा सन्तुष्ट रहनु समझको कुरा थियो। तर यसबाहेक उसले जस्तो भए पनि आफ्नो वर्तमान जीवनबाट आनन्द लिन सक्नुपर्ने-थियो; किनकि उसको जीवन बितेपछि यस पृथ्वीमा के हुने हो, सो कसैले उसलाई बताउन सक्दैनथियो।

### घ) उपदेशक ४ः जीवनका असमानताहरूमा भएको व्यर्थता

**उपदेशक ४ः१ः** श्री रोबर्ट बर्न्सले यसो भनेका छन्ः 'मानिसले मानिसप्रति देखाएको अमानवीयताले अनगिन्ती मानिसहरूलाई रुवाएको छ!' हरेक युगमा हमदर्दशील हृदय भएका मानिसहरू हुन्थे, र हुन्छन्, जसले दुष्ट मानिसहरूद्वारा आफ्ना छरछिमेकी र सङ्गी-नागरिकहरूमाथि गरिएको अत्याचार देख्नै सक्दैनन्, तर त्यसबाट धेरै दुःखित हुन्छन्। यस कुराले सुलेमानलाई पनि सतायो। अत्याचारमा

परेकाहरूका आँसुहरू कति थिए कति ! यिनीहरूका उत्पीड़कहरूको हातमा भएको शक्ति आम्मै हो, कति धेरै ! तर थिचोमिचोमा परेकाहरूको पक्ष लिने कोही पनि नभएको कसरी ? यो सब देखेर सुलेमान दुःखित भए । किनकि शक्ति दमनकारीहरूको हातमा थियो, र कसैले पनि तिनीहरूको त्यो शक्ति सामना गर्ने वा चुनौती दिने साहसै गरेन । यस दृष्टिकोणबाट हेर्नु हो भने, 'सत्यतालाई सधैं फाँसी दिइएको छ, र असत्यताचाहिँ सदाको निम्ति सिंहासनमाथि बसाइन्छ' जस्तै देखिन्थ्यो । किनकि उनले 'हाम्रो निम्ति धमिलो, अनभिज्ञ भएको अवस्थाको छहारीमा परमेश्वर उभिनुभएको र आफ्ना जनहरूको हेरचाह गर्नुभएको' देख्न सक्दैनथिए । 24)

**उपदेशक ४ः२ः** यसकारण आफ्नो व्याकुलतामा उनले जीवितहरूको अवस्थाभन्दा मरेकाहरूको अवस्था असल ठाने । उनको विचारमा, मृत्युले हामीलाई यस जीवनका सबै सतावट र क्रूरताहरूबाट सुखद निकास प्रदान गर्थ्यो अरे । उनले मृत्युमा अझ गहिरा निहितार्थहरू देख्न सकेनन्; उनले यहाँ यी निहितार्थहरूप्रति कुनै मतलब राख्दैनथिए । किनकि आफ्नो अविश्वासमा मर्ने मृतकले चाहिँ नरकमा कसैले यस पृथ्वीमा भोग्नुपरेको सबैभन्दा ठूलो अत्याचारको भन्दा असाध्य ठूलो पीड़ा भोग्नेछ । उनको निम्ति 'के मरणपछि पनि जीवन छ ?' भन्ने प्रश्न उठेन, तर 'के जन्म लिएपछि कुनै अर्थपूर्ण जीवन छ के त ?' भन्ने उनको प्रश्न पो थियो ।

**उपदेशक ४ः३ः** सुलेमानको विचारमा जीवितहरूको भन्दा मरेकाहरूको अवस्था बढ़िया भएको, अनि जन्म नलिएको मानिसको अवस्था ती दुवैको भन्दा अझ उत्तम र लोभलाग्दो थियो अरे । यसमा उनको नकच्चरोपन कति नीच थियो ! जन्म नलिएकाहरूलाई के तकलिफ ? तिनीहरूलाई सूर्यमनि चलिरहेका थिचोमिचोहरूबाट कुनै असरै पर्दैनथियो । तिनीहरूले 'सुखको अत्यन्त ठूलो हँस्सी-दिल्लगी' नाम गरेको पार्थिव जीवन कहिल्यै सहनुपर्दैनथियो ।

**उपदेशक ४ः४ः** तर त्यहाँ अर्को कुरा पनि थियो, जुन कुराले उनको रिस उठायो । यो के थियो भने, मानिसका क्रियाकलाप र क्षमताहरू आफ्नो छिमेकीलाई उछिन्ने इच्छाले अभिप्रेरित थिए । मानिस-मानिसको बीचको प्रतिस्पर्धाको भावनाले जीवन-चक्र चलाउँदैथियो । अरूले लगाएको लुगाभन्दा बढ़िया वस्त्र र अरूले बसेका घरहरूभन्दा भव्य महलमा जिउने चाहना, यो के हो ? परमेश्वरको स्वरूपमा र उहाँको प्रतिरूपमा सृष्टि गरिएका मानिसहरूको लागि यो कति तुच्छ भावना र अयोग्य व्यवहार थियो !

जब सन् इस्वी संवत् १४७५-१५६४ सालमा जिउने माइकल एन्जेलो र सन् १४८३-१५२० सालमा जिउने रफ्फाएल्लो सन्जियो डा उर्बिनोले आ-आफ्नो कलात्मक प्रतिभाअनुसार पोपको 'वेटिकन' नामक भवनको सजिसजावट गर्ने आदेश पाए, तब तिनीहरूको बीचमा गहन प्रतिद्वन्द्विताको भावनाले काम गर्‍यो । 'तिनीहरू हरेकको काम फरक-फरक थियो, तर तिनीहरू यति ईर्ष्यालु भए कि तिनीहरूले अन्तिम आएर एक-अर्कासँग बोल्दैथिए ।' 25) हामीमध्ये कोही छन्, जो यी दुईजना प्रतिभायुक्त कलाकारहरूभन्दा आफ्नो ईर्ष्या लुकाउनमा बढ़ी सिपालु छन् । तर वर्तमान समयमा पनि धेरै क्रियाकलापहरू प्रतिद्वन्द्वको यही मनोवृत्तिले प्रेरित छन् ।

हिजोआज एकजना नक्कचरोले यसरी लेखेका छन्ः 'यस जीवनले प्रदान गर्न सक्ने सबै कुराहरू मैले नियालेर हेरें; तर मैले के सिकेको र जानेको छु भने, एकजना मानिसले सुखको व्यर्थ प्रयासमा अर्को मानिसलाई पछाड़ि पार्ने प्रयत्न गरिरहेको छ ।' 26)

**उपदेशक ४ः५ः** जुन-जुन मानिसहरूको प्रेरणा ईर्ष्या र तिनीहरूको परिश्रमको प्रतिफल

ईर्ष्याको फल हो, ती मानिसहरूको विपरीत मानिस त्यो मूर्ख, त्यो बेवकुफ हो, जो सुस्त छ, जो अल्छी छ । त्यसले आफ्ना हातहरू बाँधेर राख्छ; त्यो थोरै खानेकुरामा बाँच्छ र सन्तुष्ट रहन्छ, किनकि त्यसले परिश्रम गर्दैन, अँ, परिश्रम गर्दै-गर्दैन । तर हुन सक्छ, त्यो मानिस आफ्ना छिमेकीहरूभन्दा बुद्धिमान् होला, जो आफ्नो ईर्ष्या र लोभद्वारा अभिप्रेरित हुन्छन् र त्यसको अथक र अविराम करकापमा परि-रहन्छन् ।

**उपदेशक ४ः६ः** त्यसको वरिपरिका मानिसहरू प्रतिस्पर्धाले उन्मत्त छन्, र मरिमेटेर काम गर्छन्; तब त्यस मूर्ख मानिसका भावनाहरू यस्ता हुन्छन्ः *'परिश्रम र खिन्नताको साथ दुई मुठी हुनुभन्दा चैनको साथ एक मुठी हुनु उत्तम हो ।'* अथवा श्री एच. सी. लोइपोल्डको भावानुवादअनुसार 'मसँग थोरै भए तापनि मलाई मेरो शान्ति प्रिय छ । तब खिन्नताको साथ धेरै प्राप्त गर्नुमा मेरो के चासो ? किनकि धेरै प्राप्त गर्ने प्रयासमा खिन्नता हुन्छ-हुन्छ ।'

**उपदेशक ४ः७-८ः** अर्को मूर्खता पनि थियो, जुन मूर्खताले यी उपदेशकलाई विह्वल पारिदियो । एकजना मानिस थियो, जो एकलै थियो; तर उसले बस्मारी काम गरिरहन्थ्यो र निरन्तर धनसम्पत्ति थुपारिरहन्थ्यो । यो कत्रो पागलपन हो ! उसको न छोराछोरी छ, न दाजुभाइ छ, न ता कुनै नजिकको नातेदार छ । ऊसँग चाहिएको भन्दा बढ़ी रुपियाँपैसा भइसकेको छ; उसले यति कहिल्यै खर्च गर्नै सक्दैन । रपनि उसले आफूलाई दिन प्रतिदिन काममा दिइहाल्छ र आफूबाट जीवनका सामान्य सुविधा र सुखहरू बाँकी राख्छ । 'कसको लागि म परिश्रम गरेर आफूलाई घटीमा राख्छु होला' भनेर उसले आफूलाई कहिल्यै प्रश्न गर्दैन । उसको मनमा कहिल्यै यो प्रश्न उठ्दैन । श्री चार्ल्स ब्रिजले आफ्नो टिप्पणीमा निम्न टिक्का हालेका छन्ः 'ए लोभी ! यो तेरो सुहाँउदो नाम हो ! तँ कुबेरको अभागी दास ! तँ परिश्रम गर्दै-गर्दा, घोट्दै-गर्दा, सोहोर्दै-गर्दा बूढ़ो भएको कुल्ली !' उसको नाम मक्खीचुस हो, अनि ऊ आफ्नो नामअनुसार अभागी पनि हो । यस प्रकारको जीवन जिउन सुलेमानको दृष्टिमा कति तुच्छ, कति व्यर्थ थियो !

श्री सामुएल जोह्न्सन ठीक थिए, जसले यसरी भनेका छन्ः 'सुनको लालच, त्यो दया-माया र हमदर्दरहित नीच चाहनाचाहिँ हामीले पतित मानिसको भ्रष्ट स्वभावको चरमसीमा मान्नुपर्छ ।'

**उपदेशक ४ः९ः** लोभी मानिस एकलै हुन्छ; अनि उसको एकलोपनले सुलेमानलाई सङ्गति र साझेदारीबाट हुने फाइदाहरू व्यक्त गर्ने प्रेरणा दिलायो । उनले आफ्नो अनुसन्धान पुष्टि गर्न चारवटा उदाहरणहरू पेश गर्छन् । सबैभन्दा पहिले, **क)** दुईजना कामदारहरू एकजनाभन्दा उत्तम हुन्; किनभने तिनीहरूले सँग मिलेर काम गरेका हुनाले तिनीहरू बढ़ी कार्यकुशल हुन्छन् ।

**उपदेशक ४ः१०ः** अनि काम गर्ने ठाउँमा कुनै दुर्घटना भइहाल्यो भने पनि काम गर्ने साथीले दुर्घटनामा परेको आफ्नो साथीलाई मद्दत गर्न सक्छ । तर हाय त्यस मानिसलाई, जो एकलै हुँदा सिँढ़ीबाट तल भुइँमा लड्छ ! किनकि उसलाई सहायता गर्ने कोही पनि साथमा छैन । तब उसले कसलाई दुहाई गर्ने ?

**उपदेशक ४ः११ः ख)** चिसो रातमा एकलै ओछ्यानमा सुत्नुभन्दा दुईजना सँगै सुत्नु उत्तम हो; किनभने तिनीहरूले एक-अर्कालाई न्यानो पार्न मद्दत गर्छन् । चिसा खुट्टाहरू भएको जीवनसाथीको कुरा, अथवा सिरक अँगालो मारेर सुत्ने लोग्नेको कुरा अथवा बिजुलीको कम्बलबाट जीवनसाथीको शरीरबाट भन्दा असल प्रकारले तातो आउने कुरा गरेर हामीले उनको कुरा काट्न सक्नेथियौं होला । तर यहाँ भन्न खोजेको मुख्य कुरा रहिरहन्छः एकलै जिउने मानिस मित्रता गाँसेको र सामाजिक बनेको जीवनबाट आउने सुखहरू र आशिष-हरूको विषयमा केही पनि जान्दैन ।

**उपदेशक ४ः१२ः ग)** तेस्रो उदाहरण यस प्रकारको छः जब एउटा चोरले हमला गर्छ, तब सुरक्षाको सवाल उठ्छ। चोरले हमला गर्दा एकजनालाई जित्न सक्ला; तर दुईजनाले प्रायः घूसपैठ गर्नेलाई सफलतापूर्वक प्रतिरोध गर्न सक्छन्।

**घ)** अन्तमा, तीनवटा पोयाले बाटिएको डोरी एक-दुई पोयाले बाटिएको डोरीभन्दा बलियो हुन्छ। वास्तवमा, तपाईंले तीनवटा सूत एकसाथ बाटिएको डोरी र तीनवटा अलग-अलग सूतहरू लिनुभयो भने, त यी तीनवटा अलग सूतभन्दा तीनवटा सूतले बाटिएको डोरी तीन गुणाभन्दा बढ़ी बलियो हुन्छ।

**उपदेशक ४ः१३-१६ः** जीवनका मूर्खता र व्यर्थताहरू चपरासीहरूमा मात्र सीमित हुँदैनन्; यस्ता कुराहरू राजाको दरबारमा पनि पाइन्छन्। सुलेमानले यहाँ एकजना राजाको कुरा गरेका छन्, जो गरिबीबाट उठेर र आफ्नो झ्याल-खानाको बसाइबाट निस्केर राजा भए। तर अब तिनी वृद्ध भए र एकहोरा पनि भए – एकजना मानिस, जसले आफ्ना सल्लाहकारहरूको कुरा सुन्दैनथिए। तिनको बदलीमा राज्य गर्न एउटा शिक्षणीय जवान मानिस आए कति बढ़िया हुनेथियो! अनि त्यो जवान मानिस गरिब भएको भए यसले कुनै भिन्नता गर्नेथिएन।

सुलेमानले यी वृद्ध राजाको अधीनतामा रहेको सारा प्रजाका मानिसहरूको विषयमा विचार गरे। उनले यस जवान मानिसको बारेमा पनि सोचे, जो दोस्रो स्थानमा आइपुगेको थियो, किनकि ऊ सिंहासनको उत्तराधिकारी थियो। उसको पछाड़ि भीड़को घुइँचो लागेको थियो। मानिसहरू वृद्ध राजाबाट थाकेका र अघाइ-सकेका थिए; तिनीहरूले परिवर्तन खोज्दैथिए, अनि शासनको बदलीबाट उत्तम प्रशासन पाउने आशा गर्दैथिए। तर के गर्ने? अर्को पुस्ताका मानिसहरू आउनेथिए, जो केही समयपछि फेरि नयाँ शासकसँग बेखुशी हुनेथिए।

मानिसहरूको बीचमा यो निरन्तर भइरहेको चञ्चलता र नयाँ कुराको अथक लालचबाट सुलेमानले बुझेः यस संसारका सर्वोच्च सम्मानहरू पनि व्यर्थ हुन्, हावाबतास पक्रन खोज्ने प्रयासहरू मात्र हुन्।

### ङ) उपदेशक ५ः१-९ः धर्म र राजनीतिमा भएको व्यर्थता

धर्मचाहिँ मानिसको स्वाभाविक ज्ञानको फल हो; तर यो एउटा असल कुरा नहुन पनि सक्छ। किनकि बढ़ी सम्भव छ, कि यो एउटा खराब कुरा हुन जाला, जब मानिसको धर्मनिष्ठताले उसका आँखाहरूबाट उसको मुक्तिको आवश्यकता छिपाउन सक्छ, र यसैले उसले ख्रीष्ट येशूमाथि विश्वास गरेर परमेश्वरको अनुग्रहको निःशुल्क मुक्तिको वरदान ग्रहण गर्दैन। अनि यो पनि सम्भव देखिन्छ, कि यस मानिसको भक्तिचाहिँ एउटा देखावटी भक्ति, एउटा खोक्रो भक्ति होला, उसको बाहिरको स्वाङ्ग होला; तर उसभित्र धर्मको सद्‌गुण र गन्द केही पनि छैन होला। यसकारण होशियार, हाम्रो धार्मिक जीवनमा घमण्ड आउन सक्छ, जसरी हाम्रो जीवनका अन्य क्षेत्रहरूमा पनि त्यो अभिमान आउँछ। यसको निम्ति सम्भावना बढ़ी देखिन्छ। यसकारण पाँच अध्यायमा सुलेमानले हामीलाई केही सल्लाहहरू दिन्छन्। यी सल्लाहहरूले हामीलाई हाम्रा सृष्टिकर्ता परमेश्वरसँगको सम्बन्धमा मद्दत गर्छन् र हामीलाई केवल औपचारिक र देखावटी हुनदेखि जोगाउँछन्।

**उपदेशक ५ः१ः** *'परमेश्वरको भवनमा जाँदा आफ्ना पाउसित होशियारी गर!'* पहिले उनले हामीलाई परमेश्वरको घरमा जाँदा हामीले आफ्ना पाइलाहरूमा ध्यान दिने सल्लाह दिएका छन्। परमेश्वरको भवनमा हाम्रो भक्तिभय केकस्तो छ, सो कुरामाथि हाम्रो ध्यान हुनुपर्छ; पक्का पनि यसको सन्दर्भ यही होला। तर यहाँ यस सल्लाहको अर्थ यस प्रकारको होलाः

परमेश्वरको भवनमा हतारसँग बोल्नुभन्दा, अँ, उहाँको सामु धेरै कुरा गर्नुभन्दा हामी बरु सुन्न र सिक्न बढ़ी तयार हुनुपर्छ । हतारसँग गरिएका भाकलहरू मूर्खहरूका बलिदान हुन् । बेहोशी मानिसहरूले सोचविचार नगरी भाकलहरू गर्छन्, र यसमा आफूले खराबी गरेको याद गर्दैनन् ।

**उपदेशक ५ः२ः** उपासकहरू प्रार्थना चढ़ाउँदा, भाकल गर्दा वा आफ्नो भक्तिको अङ्गीकार गर्दा दुःसाहसी हुनुहुँदैन । किनकि सर्वशक्तिमान् परमेश्वरको उपस्थितिचाहिँ आतुरी वा बेहोशीको साथ बोल्ने स्थान होइन । आकाश पृथ्वीभन्दा जति उच्च छ, त्यति नै परमेश्वर मानिसभन्दा असीमित उच्च हुनुहुन्छ; यसबाट निम्न शिक्षा ग्रहण गर्नुहोस्ः मानिसले सर्वोच्च परमेश्वरको नजिक जाउँदा आफ्नो बोली नियन्त्रण गर्नुपर्छ ।

**उपदेशक ५ः३ः** दिमागको अतिक्रिया-शीलताले अनियन्त्रित सपनाहरू उत्पन्न गर्छ, ठीक त्यसरी नै अति क्रियाशील भएको मुख मूर्ख शब्दहरूको धारा हो, अँ, प्रार्थनाजस्तै पवित्र कार्य पनि यसबाट बाहेक हुँदैन। यस सिलसिलामा श्री अलेक्जाण्डर पोपले यसो लेखेका छन्ः 'शब्दहरू पातहरूजस्तै हुन्, अनि जहाँ पातहरू प्रशस्त हुन्छन्, त्यहाँ धेरै फलहरू विरलै पाइन्छ, धेरै शब्दहरू भएको ठाउँमा प्रायः अर्थपूर्ण कुरा सुनिँदैन ।'

सुलेमानले तीन पदमा सपनाको उत्पत्तिको विषयमा सम्पूर्ण, वैज्ञानिक व्याख्या दिन चाहँदैनथिए। तर दिउँसो उनको दिमाग चर्खाजस्तै बेसी घुम्थ्यो भने प्रायः राति अस्तव्यस्त सपनाहरू यसको फल हुन्थे। यसकारण उनले अति व्यस्त दिमाग र रातका सपनाहरूको बीचमा सम्बन्ध रहेको देखे र यो कुरा यहाँ उल्लेख गरे ।

**उपदेशक ५ः४ः** अब भाकलहरूको कुरा आयोः इमानदारीको माग के हो भने, परमेश्वरसँग गरेको भाकल हामीले ढिलो नहुने गरी पूरा गर्नुपर्छ । मूर्ख मानिससँग परमेश्वरले कुनै सरोकार राख्नुहुन्न, जो केवल एक बकबके हुन्छ, जसले भाकल गरेको कुरा पूरा गर्दैन । यसकारण हाम्रो निम्ति दिव्य सल्लाह यस प्रकारको छः 'तिमीले जे भाकल गरेका छौ, त्यो पूरा गर !'

**उपदेशक ५ः५ः** भाकल गरेको कुरा पूरा गर्ने हाम्रो मनसाय छैन भने, हाम्रो निम्ति भाकलै नगरे असल हुन्छ ।

सुलेमान यी उपदेशकलाई मानिसमा भएको बानीको विषयमा राम्ररी थाहा थियोः कठिन, निराशाजनक प्रतिकूल अवस्थामा पर्दा मानिसले परमेश्वरसँग भाकल गर्छः 'हे प्रभु, यस समस्याबाट मलाई बचाउनुहोस् ! तपाईंले मलाई यसबाट छुटाउनुभयो भने, म सधैंभरि तपाईंकै सेवा गर्नेछु ।' तर यो सङ्कष्ट पार भएपछि मानिस आफूले गरेको भाकल के छिटो बिर्सन्छ ।

आत्मिक उत्साह भएको बेलामा 'मेरो सारा जीवन अर्पण गर्छु', 'म कहिल्यै विवाह गर्दिनँ' अथवा निर्धनता वा अन्य विषयमा प्रण गर्न सजिलो हुन्छ । तर परमेश्वरले आफ्ना जनहरू-बाट यस प्रकारका प्रण र भाकलहरू कहिल्यै माग गर्नुभएन । अनि विवाह नगर्ने सम्बन्धमा कुनै प्रण नगर्नु असल हुन्छ । तर जुन भाकल गरिएको छ, त्यो भाकल मानिसले पूरा गर्नुपर्छ । अनि हाम्रो विवाहको प्रण स्वर्गमा पारित भएको छ; यसकारण विवाहको सम्बन्ध कहिल्यै नतोड्नुहोस्, नत्र यसका परिणामहरू साह्रै किम्मती हुनेछन् । प्रभुकहाँ फर्कनुभन्दा अघि गरिएका भाकलहरू पनि हामीले पूरा गर्नुपर्छ, यदि ती भाकलहरू परमेश्वरको वचनको विरुद्धमा छैनन् भने ।

**उपदेशक ५ः६ः** यसकारण यस सम्बन्धमा सामान्य नियम यस प्रकारको छः हाम्रो मुखले हामीलाई पाप गर्न लाउनुहुँदैन, हाम्रा भङ्ग गरेका भाकलहरूद्वारा पनि होइन । अनि परमेश्वरको दूत वा दासको सामु 'ओहो, यो भाकल गर्दा मेरो

भूल भएछ; मैले यसो भन्न खोजेको होइनँ' भनेर हामी आफ्नो सफाइ गर्ने मिथ्या प्रयास नगरौं ! अथवा हामीले बेहोशी भई भाकलहरू भङ्ग गर्‍यौं भने कुनचाहिँ बलिदान हाम्रो प्रायश्चित्त गर्ला ? तब हाम्रो तर्फबाट कुनचाहिँ भेटीले उहाँलाई मनाउन सक्ला ?

यहाँ परमेश्वरको दास वा दूत को होलान् त नि ? सन्दर्भअनुसार यिनी पूजाहारी भएका हुनुपर्ला; किनकि पुरानो नियमको समयमा मानिसले भङ्ग गरिएका भाकलहरू पूजाहारीको सामु स्वीकार गर्नुपरेको थियो (लेवी *५*:४-६)। तर यसको निम्ति मोशाको व्यवस्थाको ज्ञान हुनु अनिवार्य थियो। तर सुलेमानले यहाँ, यस पुस्तकमा यहूदी धर्मको दिव्य प्रकाशदेखि अलग बसेर कुरा गरे। तब सायद हाम्रो निम्ति परमेश्वरको दूत उहाँको प्रतिनिधिको अर्थमा लिनु उचित छ होला।

तर यहाँ प्रस्तुत गरिएको आधारभूत बुँदा के हो ? हाम्रो बोली इमानदार छैन भने, परमेश्वर यसमा अत्यन्तै बेखुशी हुनुहुन्छ। यसो हो भने, हामी उहाँलाई रिस उठाउने शब्दहरू किन बोल्ने ? किनकि जुन मानिसले उहाँको रिस उठाउँछ, यस मानिसको काममा उहाँ बाधा दिनुहुन्छ; उहाँ त्यो विफल पार्नुहुन्छ र नाश गर्नुहुन्छ।

**उपदेशक *५*:७:** सपनाहरूको प्रशस्ततामा ठूलो भ्रम छ; त्यसरी नै जताभावी बोलेका शब्दहरूमा व्यर्थता र विनाश हुन्छ। तब के गरे ठीक होला ? सुलेमानले हामीलाई निम्न सल्लाह दिएका छन्: 'परमेश्वरको भय मान !' तर उनले यहाँ परमप्रभुमाथि गरेको प्रेमपूर्वक भरोसाको विषयमा कुरा गरेनन्, तर कतै सर्वशक्तिमान् परमेश्वरको रिस पो उठाएका हौं कि भन्ने डरको विषयमा कुरा गरे। यस विषयमा श्री जी. क्याम्पबेल मोर्गनले हामीलाई सम्झना गराएका छन् कि यो भयचाहिँ दासले मालिकसित गरेको डर हो, छोराले बुबालाई गरेको श्रद्धा र आदर होइन। हामीले यहाँ सुलेमानलाई उनको आत्मिक अन्तर्दृष्टिको विषयमा चाहिएको भन्दा बढ़ी श्रेय दिनुहुँदैन। यसको निम्ति यहाँ कुनै ठावैं छैन।

**उपदेशक *५*:८:** त्यसपछि सुलेमान अर्को विषयतिर लाग्छन्: गरिबमाथि गरिएको थिचोमिचो र अदालतमा बिगारिएको न्याय। हाम्रो इलाकामा हामीले यस प्रकारका खराबीहरू देख्यौं भने, हामी निराश र व्याकुल हुनुहुँदैन। यो उनले हामीलाई दिएको सल्लाह हो। किनकि सरकारका अधिकारीहरूमा श्रेणीहरू हुन्छन्, र उच्च पद अधिकारीहरूले आफ्ना अधीनस्थ कर्मचारीहरूलाई चीलको आँखाले नियालेर हेर्छन् नि !

तर के तिनीहरूले साँच्चै यसो गर्छन् र ? प्रायः यी जाँच गर्ने प्रणालीहरू विफल हुँदा रहेछन्, र तह-तहका अधिकारीहरूले घूसमा आफ्नो भाग प्राप्त गर्दा रहेछन्।

धर्मी जनहरूको एकमात्र सान्त्वना परमेश्वरमा छ, जो उच्च अधिकारीहरूभन्दा पनि उच्च हुनुहुन्छ। अनि एक दिन सबैको लेखा हुनेछ; उहाँ यसको धरौटी बस्ने जमानत हुनुहुन्छ। तर सुलेमानले यहाँ यो कुरा गरेको मलाई शङ्का छ।

**उपदेशक *५*:९:** यो पद उपदेशकको पुस्तकको सबैभन्दा अस्पष्ट पद हो; किनकि हिब्रूमा यस पदको अर्थ पनि अनिश्चित छ। यो कुरा निम्न अनुवादहरूका उदाहरणहरूबाट स्पष्ट बुझिन्छः

*जे. एन. डार्बीः* 'अनि पृथ्वी हर प्रकारले लाभदायक हुन्छ; राजा स्वयम् धरतीमाथि निर्भर हुन्छन्।'

*एन.ए.एस.बीः* 'खेति गर्ने राजा देशको निम्ति लाभको कारण हुन्।'

*टि.ई.वीः* 'राजा पनि फसलमाथि भर पर्छन्।'

*के.जे.वी./एन.के.जे.वी.:* 'अनि भूमिको उब्जनी सबैको निम्ति हो; खेतबारीबाट राजाको पनि सेवा हुन्छ।'

यस पदको सामान्य विचार यस्तो देखिन्छः सर्वोच्च अधिकारी समेत जमिनको उत्पादनमाथि निर्भर हुन्छन्; यसर्थ तिनी परमेश्वरको प्रबन्ध-माथि निर्भर हुन्छन् । सबैजना परमेश्वरमाथि आश्रित छन् ।

**च) उपदेशक ५ः१०-६ः१२ः नाशवान् धनसम्पत्तिमा भएको व्यर्थता**

**उपदेशक ५ः१०ः** रुपियाँपैसालाई प्रेम गर्ने मानिसहरू कहिल्यै तृप्त हुँदैनन्; किनकि तिनीहरू सधैं अझ बढ़ी रुपियाँपैसा पाउने चाहना गर्छन् । धनले तृप्ति कहिल्यै दिँदैन । मुनाफा, लाभांश, ब्याज र मूल्यको वृद्धि – यी सबैबाट अझै बढ्ता धनको निम्ति भोक जाग्छ । यो कति व्यर्थ कुरा हो ।

**उपदेशक ५ः११ः** जब कसैको धनसम्पत्ति बढ्छ, तब यस धनसम्पत्तिबाट फाइदा उठाउने परजीवीहरू पनि उत्तिकै बढ्छन्, चाहे तिनीहरू पद्धितिका सल्लाहकारहरू हुन्, चाहे कर सल्लहकारहरू हुन्, चाहे लेखापालहरू हुन्, चाहे वकीलहरू हुन्, चाहे घरका नोकरचाकरहरू, चाहे परान्नभोजी आफन्तहरू नै किन नहोऊन् ।

मानिसले दौरासुरालको एकै जोर मात्र लगाउन सक्छ; अनि एकै दिनमा उसले कति खान सक्छ ? यसकारण उसले आफ्नो धन-सम्पत्तिबाट उठाएको मुख्य फाइदा के होला त नि ? उसले आफ्नो ब्याङ्क खाताको व्ययमाथि, आफ्नो भण्डारको भरिभराउमाथि, आफ्ना शेयर पत्रहरूको मूल्यको वृद्धिमाथि नजर लगाएर आनन्द उठाउनुबाहेक अरू के गर्न सक्ला ? उसले अन्य बेहोशी धनी मानिसहरूसँग यसो भन्न सक्लाः 'हे प्राण, तँसँग धेरै वर्षसम्म पुग्ने गरी थुप्रै सम्पत्ति छ; आराम गर्, खा, पी र आनन्द गर् !' (लूका १२ः१९) ।

**उपदेशक ५ः१२ः** मीठो निद्राको कुरा गर्नु हो भने, धनसम्पत्ति भएको मानिसको भन्दा श्रमीको निद्रा प्रायः मीठो हुन्छ । किनकि चाहे उसले पेटभर खाएको होस्, चाहे एक निस्तो गाँस खाएको होस्, उसलाई चिन्ता छैन, उसलाई डरै छैन, जुन डरले उसको निद्रा भङ्ग गर्न सक्नेथियो । उता एकजना धनी मानिस छ, जसले शेयर बजारको मूल्य माथितल भएको चिन्ता गर्छ, चोरी र व्ययहरणको बारेमा सोच्दैछ, र आफ्नो पेटको अमिलो रस काट्न अम्लरोधी औषधि निल्दै रात बिताउँदैछ ।

**उपदेशक ५ः१३ः** धनसम्पत्ति सोहोर्ने मानिसले आफूमाथि विनाशकारी नतिजाहरू निम्त्याउँछ । यो कुरा सुलेमानले छरलङ्ग देखे । यता एकजना धनी मानिस थियो, जससँग प्रशस्त सम्पत्ति थियो, तर उसले त्यो धन कुनै लाभदायक, उपयोगी कार्यमा खर्च गर्दैनथियो, तर यसो गर्नुको सट्टामा आफ्नो धन लुकाइ-राख्यो ।

**उपदेशके ५ः१४ः** तर नभन्दै एउटा विपत्ति आयो, र शेयर बजारमा ठूलो भाटा भयो, र त्यसको सबै रुपियाँपैसा खतम भयो, एकै रातमा गायब भयो । त्यस मानिसको छोरा त थियो; तर के गर्ने ? त्यसले आफ्नो छोराको लागि केही पनि छोड्न सकेन; त्यो छोरा पूरा निराश्रित र असाहय भयो ।

**उपदेशक ५ः१५ः** त्यो मानिस आफ्नी आमाको गर्भबाट रित्तो हात लिएर आयो; अनि अब त्यो मानिस रित्तै हात लिएर यो संसार छोड़ेर जान्छ । आफ्नो जीवनभरि त्यसले धेरै रुपियाँ-पैसा जम्मा त गर्‍यो, तर त्यो गरिब भई मर्छ ।

श्री सेसिल जे. रेड्सले वर्षौंसम्म दक्षिण अफ्रिकाका प्राकृतिक स्रोतहरूको दोहन गर्थे । तिनी मर्नै लागेको बेलामा पछुताएर यसो भन्दै मानिलिएः

> 'हो, मैले अफ्रिकामा धेरै कुराहरू प्राप्त गरेको थिएँः हीरा, सुन र जमिन आदि मैले प्राप्त गरें; तर अब मैले ती सबै छोड्नुपर्छ । मैले आर्जन गरेको एउटै कुरा पनि मसँगै जाँदैन । मैले अनन्त धनको खोजी गरिनँ; यसकारण वास्तवमा मसँग केही पनि छैन ।' [28)]

**उपदेशक ५ः१६ः** सुलेमानले यहाँ के भनेका छन्, सो सुन्नुहोस्; किनकि यहाँ एउटा दुःखदायी खराबी भएछ। अनि त्यो पीड़ादायी विपत्ति के थियो त ? त्यस मानिसले आफ्नो रुपियाँपैसा दिगो फाइदाको लागि प्रयोग गर्न सक्नेथियो। तर यसको सट्टामा त्यो जस्तो आयो, त्यस्तै रित्तै जान्छ। अन्तमा त्यसले परिश्रमको योग्य केही पनि देखाउन सकेन। किनकि त्यसले केवल हावाको लागि मेहनत गरेको थियो।

**उपदेशक ५ः१७ः** यस त्रासदीमा थप कुरा के थियो भने, त्यस मानिसको जीवनका अन्तिम दिनहरू ठूलो उदासीपन, शोकचिन्ता, रोग र क्रोधले भरिएका थिए। त्यसको जीवनी सिन्ड्रेलाको कथाजस्तो, तर यस कथाको ठीक उल्टो भएको थियोः धनदेखि थाङनासम्म।

एक प्रकारले हरेक मानिस मर्दाखेरि सबै कुरा छोड़ेर जानुपर्छ। तर यहाँ यस ठाउँमा यी उपदेशकले रुपियाँपैसा सोहोर्नुमा भएको मूर्खतामाथि हाम्रो ध्यान आकर्षण गर्न खोजे; किनकि त्यसको रुपियाँपैसा उपयोगी काममा लगाउन सकिन्थ्यो। तर के गर्ने ? त्यसले यसको सबै गुमाउनुपर्‍यो। तब त्यसले जीवनभरि गरेका परिश्रमबाट कुनै इनामको योग्य काम देखाउन सकेन।

**उपदेशक ५ः१८ः** दैनिक जीवनका खाने, पिउने र काम गर्ने जस्तै सामान्य क्रिया-कलापहरूबाट आनन्द लिन सक्नुपर्छ; यो सर्वोत्तम जीवन-नीति हो। तब जे हुन्छ, जस्तैसुकै होस्, किनकि कुनै पनि कुराले मानिसबाट उसले पाइसकेको आनन्द खोस्न सक्दैन। हाम्रो जीवन धेरै छोटो छ; यसकारण समय छँदै हामीले यसको सकभर आनन्द उपभोग किन नगर्ने ?

**उपदेशक ५ः१९ः** परमेश्वरले मानिसलाई धनसम्पत्ति दिनुको साथै उसलाई उसको सम्पत्तिबाट आनन्द लिने क्षमता दिनुभयो भने, उसलाई उसको जीवनको भाग्यसँग सन्तुष्ट हुने र उसको कामबाट आनन्द लिने क्षमता दिनुभयो भने, यो कुरा सुलेमानको विचारमा सबैभन्दा बढ़िया कुरा थियो। यो संयोग हामीले परमेश्वरको विशेष वरदान मन्नुपर्छ; अथवा आफ्नो शब्दमा भन्नु हो भने, यो सच्चा जीवन, यो वास्तविक कुरा थियो।

**उपदेशक ५ः२०ः** यस्तो मानिसले आफ्नो छोटो जीवन, त्यसका दुःखहरू र त्यसका तल-माथिका कुराहरूको विषयमा चिन्ता गर्दैन; किनभने परमेश्वरले उसको मन उसको वर्तमान परिस्थितिको आनन्दमा केन्द्रित राख्नुहुन्छ।

**उपदेशक ६ः१-२ः** तर जीवनमा एउटा निर्दयता, एउटा बिडम्बना छ, जुनचाहिँ मानिस-हरूमाथि ठूलो भारी हुन्छ। अनि यो के हो त ? परमेश्वरले एकजना मानिसलाई उसले चाह गरेको जत्ति धन, दौलत र मान दिनुभयो; तर उहाँले यसको साथमा उसलाई यी थोकहरू उपभोग गर्ने क्षमता दिनुभएन। याद रहोस्ः सुलेमानले यहाँ परमेश्वरलाई यसको दोष दिएका छन्; किनभने उहाँले त्यस व्यक्तिलाई उसको सम्पत्तिबाट आनन्द लिनदेखि वञ्चित गर्नुभयो।

त्यस मानिसमाथि अकाल मृत्यु आइपुग्छ; यसकारण उसले आफ्नो धनसम्पत्तिबाट आनन्द लिन पाउँदैन। अनि उसले यो सारा धनसम्पत्ति एउटा अपरिचित व्यक्तिलाई छोड़िदिन्छ, आफ्नो छोरालाई अथवा आफ्नो नजिकको नातेदारलाई पनि होइन। तब पक्कै पनि जीवन एउटा पानीको रित्तो फोकाजस्तै देखिन्छ, होइन र ? अथवा अझै बढ़ी, एउटा घातक रोगजस्तो देखिन्छ।

**उपदेशक ६ः३ः** ठिक्कै छ, मानौं त्यस मानिसको ठूलो परिवार भएको होस्, र ऊ धेरै वर्ष र लामो उमेरसम्म बाँचोस्। तर यी सर्वोत्तम आशिषहरूको मतलब के हो, यदि उसले आफ्नो जीवनबाट आनन्द लिन सक्दैन भने, अथवा अन्तमा उसको योग्य दफन छैन भने ? तब उसको भन्दा तुहेको बालकको हालत असल हुँदो रहेछ।

**उपदेशक ६ः४ः** मृतजन्म व्यर्थ छ; किनकि त्यस तुहेत्रोलाई कसैले पनि नचिनीकन त्यो यस धरतीबाट गइहाल्छ। त्यसको नाम जीवितहरूको कुनै सूचिमा हालिँदैन; त्यो कहिल्यै नजन्मेको, कहिल्यै नमरेको बराबर हो।

**उपदेशक ६ः५ः** हो, तुहेको बालकले कहिल्यै सूर्य देख्दैन र केही जान्दैन। तर लोभी मानिसको भन्दा त्यसको आराम धेरै हुनेछ; किनकि त्यसले जीवनका मुटु धड्काउने प्रति-कूलताका अनुभवहरू कहिल्यै गर्नुपर्दैन।

**उपदेशक ६ः६ः** लोभी मानिसले दुई पल्ट हजार वर्ष बाँच्न पायो भने त्यसको निम्ति यो के हो त, यदि त्यसले जीवनका उत्तम-उत्तम कुराहरूबाट आनन्द लिन सकेन भने ? त्यसको भाग्य र तुहेको बालकको भाग्य एउटै होः चिहान।

**उपदेशक ६ः७ः** मानिसले काम गरेको मुख्य कारणचाहिँ आफ्नो परिवारको लागि खानेकुरा किन्नु हो। तर अनौठो कुरा के हो भने, उसको पेट भरिन्छ, तर उसको मन कहिल्यै तृप्त हुँदैन। उसको आम्दानी जति बढ्छ, त्यति नै बढ़ी उसलाई किनमेल गर्न मन लाग्छ। सन्तुष्टि त्यो लड्डु हो, जुनचाहिँ उसले घिउसँग खान खोजेको हो, तर जुनचाहिँ उसको सामुबाट सधैं लुप्त हुन्छ।

**उपदेशक ६ः८ः** यस व्यर्थ प्रयासमा बुद्धिमान् मानिसलाई मूर्ख मानिसलाई भन्दा बढ़ी फाइदा हुँदैन। अनि त्यो गरिब मानिस पनि अग्रसर छैन, जससँग अरू सबै मानिसहरूको भन्दा जीवन धाउने उत्तम तरिका छ।

**उपदेशक ६ः९ः** के तपाईंको सामु राखिएको खानामा तपाईं सन्तुष्ट हुनुहुन्छ कि तपाईं सधैं अझ मीठो, अझ स्वादिष्ठ खानेकुरा खोज्नु-हुन्छ ? तब बुझ्नुहोस्ः सन्तुष्टि धेरै राम्रो कुरा हो। सधैं नयाँ, अझै नयाँ कुराहरूको लालसा गर्नुचाहिँ हावाबतासलाई पक्रन खोज्नुजतिकै मूर्ख प्रयास हो। श्री एच. सी. लोइपोल्डले भनेझैं, 'साँचो सन्तुष्टि प्राप्त गर्ने खोजीमा मानिस एउटा कुराबाट अर्को कुरामा पुग्छ र आफ्नो अभिलाषामा भड्किन्छ।' 28)

**उपदेशक ६ः१०-११ः** मानिस धनी वा गरिब, ज्ञानी वा मूर्ख, वृद्ध वा जवान ' ऊ जोसुकै होस्, तर उसलाई पहिलेबाट एउटा नाम दिइएको छः मानिस। अनि यहाँ मानिसको निम्ति हिब्रू भाषामा 'आदम' भन्ने शब्द लगाइएको छ; अनि यसको अर्थ 'रातो माटो' हो। तब रातो माटो भएको एउटा प्राणीले सृष्टिकर्ता परमेश्वरसँग कसरी बहस गर्न सक्छ, सो मलाई भन्नुहोस् !

**उपदेशक ६ः१२ः** यी उपदेशकको विचारअनुसार कुरा सुस्पष्ट छः छायाजस्तै बितिजाने यस व्यर्थ जीवनमा आफ्नो लागि कुनचाहिँ कुरा उत्तम होला ? यो कुरा कसैलाई पनि थाहा छैन। अनि आफ्नो मृत्यु भएपछि यस पृथ्वीमा के हुने हो, सो कुरा कसैलाई पनि थाहा हुँदैन।

# खण्ड ३

# उपदेशक ७ः१-१२ः८ः

## सूर्यमनि जिउने जीवनको निम्ति दिइएको सुझाउ

### क) उपदेशक ७ः सूर्यमनि भएको असल कुरा र योभन्दा उत्तम कुरा के हो ?

**उपदेशक ७ः१ः** छ अध्यायको अन्तमा पढ़ेको पिरोल्ने कुरा के थियो भने, मानिसले सूर्यमनि आफ्नो लागि उत्तम कुरा के हो, सो जान्न सक्दैन। तर सुलेमानसँग असल र असलभन्दा

उत्तम कुराहरूको विषयमा केही विचारहरू छन्, जुन कुराहरू उनले सात अध्यायमा पेश गर्न लागेका छन्। वास्तवमा, यस अध्यायमा जतिपल्ट 'असल' वा 'उत्तम' भन्ने शब्दहरू प्रयोग गरिएका छन्, त्यति धेरै यी शब्दहरू पुरानो नियमभरि अरू कुनै अध्यायमा प्रयोग गरिएका छैनन्।

पहिलो कुराः *'एउटा सुनामचाहिँ बहुमूल्य तेलभन्दा असल हो।'* निस्सन्देह, एउटा सुनामले एउटा असल चरित्र सङ्केत गर्छ। अनि बहुमूल्य तेलले चाहिँ किम्मती कुरा र सुगन्धित कुरा दर्साउँछ। तब यसबाट बुझौंः सबैभन्दा महँगो सुगन्धले कहिल्यै आदरको योग्य, सम्मानित जीवनको स्थान लिन सक्दैन।

दुई, यी उपदेशकले के भन्छन् भने, *'कसैको जन्म-दिनभन्दा उसको मृत्युको दिन असल हो।'* यस वाक्यमा उनले के भन्न खोजे होलान्? यसमा हामी दोधारमा परेका छौं। के उनले यो कुरा एउटा सामान्य नियमको रूपमा पेश गरे? कि के उनले यो एउटा सुनाम भएको मानिसको विषयमा भने कि? ठिक्कै छ, आउनुहोस्, हामी उनको यो भनाइ साँचो विश्वासीहरूमाथि लागू गरौं! तब उनको निचोड़ सही हो। तर आफ्ना पापहरू स्वीकार नगरीकन र पापको क्षमा नपाईकन मर्नेहरूको विषयमा पक्कै पनि यो उक्त कुरा सत्य हुँदैन।

**उपदेशक ७ः२ः** तेस्रो कुराः सुलेमानको विचारमा, *'भोजको घरमा जानुभन्दा शोकको घरमा जानु असल हो।'* किनकि मृत्यु सबै मानिसहरूको अन्त हो; अनि जब हामीले मृत्युको सामना गर्नुपर्छ, तब हामी एकक्षण रोक्छौं र आफ्नै प्रस्थानको बारेमा सोच्न बाध्य हुन्छौं।

हरेक विचारशील व्यक्तिले मृत्युको यथार्थता ध्यानमा राख्नुपर्छ, र ऊसँग जीवनको यस्तो एउटा सिद्धान्त हुनुपर्छ, जुन सिद्धान्तले उसलाई निर्धक्कासाथ त्यो अपरिहार्य नियुक्ति सामना गर्न सक्षम तुल्याउँछ। मुक्तिको सुसमाचारले हामीलाई एकजना मुक्तिदाताको बारेमा बताउँछ, जसले आफ्नो मृत्युद्वारा मृत्युमाथि अधिकार भएको शैतानलाई नष्ट गर्नुभयो र जसले तिनीहरू सबैलाई छुटकारा दिनुहुन्छ, जो मृत्युको डरले गर्दा सारा जीवनभरि बन्धनमा परेका हुन्छन् (हिब्रू २ः१४-१५); उहाँको नाम येशू हो।

**उपदेशक ७ः३ः** अब चौथो असल कुरा आयोः *'हाँसोभन्दा शोक असल हो।'* यी उपदेशक कुन कुरामा विश्वस्त थिए भने, गम्भीरताचाहिँ हल्कापनभन्दा सक्रिय हुन्छ। किनकि गम्भीरताले जीवनका ठूला समस्या-हरूसँग जुध्न हाम्रो दिमाग तीखो बनाइदिन्छ; तर सबै कुराहरू हल्का लिने तुच्छ व्यवहारले हाम्रो समय बर्बाद गर्छ र हामीलाई जीवनका महत्त्वपूर्ण कुराहरू बुझ्नदेखि रोक्छ।

> म सुखदेवीसँग एक माइल हिँड़ें;
> त्यसले बाटोभरि मसँग कुरा गरिरही,
> तर त्यसले जति धेरै बोले पनि
> मैले त्यसको कुराबाट केही पनि सिक्न सकिनँ।
>
> म शोकमतीसँग एक माइल हिँड़ें,
> अनि बाटोभरि उसले एक शब्द पनि बोल्दिनथी।
> तर ओहो, दुःखमती मसँग हिँड़ेको बेलामा
> मैले उसबाट कति गहन कुराहरू सिकें!
>
> श्री रोबर्ट ब्राउनिङ ह्यामिल्टन

*'किनकि उदास अनुहारले हृदय असल बनिन्छ।'* जीवनको सम्बन्धमा नमिल्ने कुरा-हरूमध्ये एक यो हो कि आनन्द र शोक सँगै रहन सक्छन्। अँ, अन्यजाति दार्शनिकहरूले समेत दुःखकष्ट र उदासीपनमा रोगको इलाजमा मूल्य छ भन्ने कुरा स्वीकार गरेका छन्। तर जुन कुरा विश्वास नगर्ने मानिसहरूको सम्बन्धमा केही मात्रामा साँचो हुन्छ, त्यो कुरा परमेश्वरका जनहरूको सम्बन्धमा झन् बढ़ी सत्य हुन्छ। किनकि शोक र कष्टहरू उनीहरूको जीवनमा सद्गुणहरू विकास गर्ने माध्यम हुन्। उनीहरूले सहेका दुःखकष्टहरूले उनीहरूलाई ख्रीष्ट

येशूका दुःखकष्टहरूको निम्ति बढ़ी कृतज्ञ हुने नयाँ मौका दिन्छन् । उनीहरूले सहेका दुःख-कष्टहरूले उनीहरूलाई यस्तै परीक्षाहरूमा परेकाहरूलाई सान्त्वना दिन सक्षम तुल्याउँछन् । अनि ती दुःखकष्टहरू भावी महिमाको बन्धक-रूपी बैना हुन् (रोमी ८:१७) ।

**उपदेशक ७:४:** बुद्धिमान् व्यक्तिको मन कसैको मृत्युको उपस्थितिमा शान्त, निश्चल र स्थिर रहन्छ । उसले शोक र चापहरूसँग व्यवहार गर्न जान्दछ; किनभने उसका जराहरू गहिरा छन् । तर मूर्ख मानिसहरू सिकिस्त सङ्कष्टहरू सामना गर्न खड़ा हुन सक्दैनन् । तिनीहरूले हाँसो र हर्षउल्लासद्वारा जीवनका आवाजहरू दबाउन खोजेका छन् । तिनीहरू अस्पताल र मुर्दाघरहरूसँग कुनै सम्पर्क राख्दैनन्, तर तीदेखि टाढ़ा रहन्छन्; किनभने तिनीहरूसँग गहन नभएका फिक्का-फिक्का स्रोतहरूले तिनीहरूलाई जीवनका चापाचाप-हरूमा खड़ा हुन सक्न सक्षम तुल्याउँदैनन् ।

**उपदेशक ७:५:** तर अझै यसभन्दा बढ़िया कुरा छँदैछ । *'मानिसको निम्ति मूर्खहरूको गीत सुन्नभन्दा बुद्धिमान्‌को हप्की सुन्नु असल हो ।'* हाम्रो हित र उन्नति खोज्ने आलोचनाले अर्ती दिन्छ, सच्याउँछ र चेतावनी दिन्छ । तर मूर्ख मानिसहरूको खोक्रो रमाइलो र खुशीयालीले कुनै पनि टिक्ने मूल्यवान् कुरा हासिल गर्दैन ।

**उपदेशक ७:६:** *'भाँड़ामनि काँड़ाहरू पड्केको आवाज जस्तो हुन्छ, मूर्खको हाँसो पनि त्यस्तै हुन्छ'* अर्थात् मूर्खको हाँसो भड्किलो हुन्छ र भाँड़भैले हल्ला त हुन्छ, तर यसबाट कसैको उन्नति र उत्थान हुँदैन । जलिरहेका काँड़ाहरू कटकट गर्लान्, पर्‍याकपुरुक गर्लान् र पटपट पड्कलान्, तर काँड़ाहरू राम्रो दाउरा हुँदैनन् । काँड़ाहरूको आगोले थोरै ताप उत्पन्न गर्छ, तर त्यसको आगो चाँड़ै निभ्छ । यो त प्रभावहीन हल्ला मात्र हो, एउटा सारहीन फोका मात्र हो ।

**उपदेशक ७:७:** बुद्धिमान् मानिस पनि ठग र अत्याचारी हुनु सम्भव छ; तब ऊ एउटा महामूर्ख काम गर्छ । तब ऊ शक्तिले उन्मत्त हुन्छ, र उसले आफ्नो सन्तुलन र आत्मसंयम गुमाउँछ । अनि बक्सिस र घूसखोरको पछि लाग्नेहरू सबैले आफ्नो मन र दिमाग भ्रष्ट पार्छन् । तिनीहरू घूस ग्रहण गर्नेबित्तिकै पतित हुन्छन्, र तिनीहरूले पूर्वाग्रहरहित फैसलाहरू गर्ने आफ्नो क्षमता गुमाइपठाउँछन् ।

**उपदेशक ७:८:** सुलेमानलाई केकस्तो लाग्यो ? *'कुनै कुराको शुरुभन्दा त्यसको अन्त असल हो ।'* हुन सक्छ, उनको विचार कुनै परियोजनाको शुरुमा पुग्यो होला, जब एउटा नयाँ काम शुरु गर्न मानिसले आफ्नो सारा हिम्मत र जाँगर लिएर आरम्भिक ऊर्जासङ्कट काट्नु-पर्छ । अनि उनको ध्यान यस कठिन परिश्रम र अनुशासनमाथि पर्न गयो होला, जुन परिश्रम र अनुशासन कुनै परियोजनाको शुरुमा चाहिन्छ । तब ठिक्कै हो, यस परियोजनाको अन्तमा केही न केही सफलता प्राप्त भएको उपलब्धिको भावना र सन्तुष्टि आउँछ ।

तर उनले यहाँ पेश गरेको यो नियम सधैं लागू हुँदैन; यो महसुस गर्न धेरै बेर लाग्दैन । किनकि धार्मिक कामहरूको अन्त तिनीहरूको शुरुभन्दा असल हुनेछ; तर पापको ज्याला मृत्यु हुनेछ । अय्यूबको पछिल्लो अवस्था तिनका शुरुका दिनहरूभन्दा असल थियो (अय्यूब ४२:१२); तर दुष्ट मानिसहरूको अन्त भयानक हुनेछ, यसको साध्य छैन (हिब्रू १०:३१) ।

*'धीरजी आत्माचाहिँ घमण्डी आत्माभन्दा असल हो ।'* जब यी उपदेशकले धीरजी मानिस घमण्डी मानिसभन्दा श्रेष्ठ हो भन्ने यो वाक्य कहे, तब उनी एउटा बलियो जगमाथि उभे । धैर्य एउटा सुन्दर सद्‌गुण हो, तर घमण्ड मूलपाप हो । धैर्यवान् मानिसले परमेश्वरको अनुमोदन पाउँछ (रोमी ५:४), तर घमण्ड

मानिसलाई विनाशको योग्य तुल्याउँछ (हितोपदेश १६ :१८ ) ।

**उपदेशक ७ः९ः** *'रिसाउनलाई आफ्नो आत्मामा हड़बड़ नगर; किनभने मूर्खहरूको छातीमा रिसले वास गर्छ ।'* यहाँ झड़ङ्ग रिसाउने झुकाउको विरुद्ध हामीलाई चेताउनी दिइएको छ । यस प्रकारको आत्म-नियन्त्रणको कमीले हाम्रो स्वभावको कमजोरता प्रकट गर्छ । एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'मानिसको रिस उठाउन सक्ने कुरा ठूलो वा सानो होस्, तर मानिसको महानता जाँच्ने कसी यही हो ।' के हामी ईर्ष्या र रिसरागको अड्डा हौं ? तब हामी आफैलाई मूर्ख साबित गर्छौं । बुद्धिमान् मानिसहरूले यस्तो तुच्छ मतलबहीन व्यवहारले आफ्नो जीवन बर्बाद गर्दैनन् ।

**उपदेशक ७ः१०ः** *'पहिलेका दिनहरू अहिलेका दिनहरूभन्दा असल थिए, यसको कारण के होला त नि भनेर नभन !'* बितिसकेको समयमा जिउनुचाहिँ अर्को मूर्ख कुरा हो । हामी जहिले 'पुराना असल दिनहरू'को बारेमा कुरा गर्छौं, र 'ती दिनहरू फर्केर आए कति असल हुनेथियो' भनेर विगत दिनहरूको खूब चाहना गर्छौं । तर के यी बितेका दिनहरू साँच्चै यति असल थिए र ? कि के हामी सपना-जगत्मा जिइरहेका छौं ? हामीले परिस्थितिहरूको सामना गर्नुपर्छ; योचाहिँ असल कुरा हो । परिस्थितिहरू जेजस्ता किन नहोऊन्, हामी एउटा विजयी जीवन जिउनुपर्छ । अन्धकारलाई सराप्नुभन्दा मैनबत्ती बाल्नु असल हो ।

**उपदेशक ७ः११ः** *'पैतृक सम्पत्तिको साथमा बुद्धि हुनु असल हो;'* यहाँ सुलेमानको विचार दुईवटा कुरामाथि पर्न गयोः बुद्धि र अधिकारको भाग । अनि यो वाक्य निम्न तीन प्रकारले बुझ्न सकिन्छः **क)** पहिलो, अंशको साथ बुद्धि हुनु असल हो (के.जे.वी., एन.के.जे.वी. र एन.ए.एस.बी.); किनकि बुद्धिले अंसियारलाई उसको हकको सम्पत्ति होशियारसाथ प्रयोग गर्न सक्षम तुल्याउँछ । **ख)** दोस्रो, अधिकारको भागको रूपमा बुद्धि असल हो (जे.एन.डी.); कसैले एउटा मात्र सम्पदा रोज्न सक्छ भने, बुद्धि उसको सर्वोत्तम रोजाइ हुनेथियो । **ग)** तेस्रो, बुद्धि उत्तराधिकारजत्तिकै असल हुन्छ । बुद्धि धनको मूलस्रोत हो ।

*'... र सूर्य देख्नेहरूको निम्ति यसबाट लाभ हुन्छ;'* बुद्धि हुने कुरा सूर्य देख्नेहरूको निम्ति अर्थात् पृथ्वीमा बाँच्नेहरूको निम्ति फाइदाजनक छ । निम्न बाह्र पदमा यसको फाइदा केमा छ, सो स्पष्ट पारिएको छ ।

**उपदेशक ७ः१२ः** *'किनकि बुद्धि एउटा आश्रय हो, अनि रुपियाँपैसा पनि एउटा आश्रय हो;'* बुद्धिले यहाँ रुपियाँपैसाको ठाउँ लिएको छ; किनकि रुपियाँपैसाले जस्तो बुद्धिले पनि हामीलाई सुरक्षा र संरक्षण प्रदान गर्छ । रुपियाँपैसा लिएर एक व्यक्तिले आफूलाई बीमामार्फत भौतिक र आर्थिक हानिबाट जोगाउन सक्छ । तर बुद्धिले हामीलाई नैतिक र आत्मिक क्षतिबाट बचाउन सक्छ । यसकारण बुद्धि रुपियाँपैसाभन्दा श्रेष्ठ हो; किनकि बुद्धिले बुद्धि हुनेहरूको जीवन बचाइराख्छ, तिनीहरूको भौतिक सम्पत्ति मात्र होइन ।

हामी याद गरौंः ख्रीष्ट येशू परमेश्वरको बुद्धि हुनुहुन्छ, र उहाँलाई भेट्टाउनेहरूले जीवन भेट्टाएका छन् । तब बुद्धिको असीम श्रेष्ठता छरलङ्गै देखिन्छ । उहाँमा बुद्धि र ज्ञानको सारा धन लुकेको छ (कलस्सी २ः३ ) ।

**उपदेशक ७ः१३ः** *'परमेश्वरको काम विचार गर !'* एकजना बुद्धिमान् व्यक्तिले एउटा काम गर्छः उसले सार्वभौम परमेश्वरले आफ्ना कार्यहरू कसरी नियन्त्रण गर्नुहुन्छ, सो विचार गर्छ । उहाँले कुनै कुरा बाङ्गो बनाउनुभयो भने, कसले यो सीधा पार्न सक्छ र ? अर्को शब्दमा भन्नु हो भने, कसले उहाँको इच्छा सफलता-पूर्वक विरोध गर्न सक्छ ? उहाँका आदेशहरू अपरिवर्तनीय हुन्छन् र मानवीय हस्तक्षेपको अधीनतामा छँदैछैनन् ।

**उपदेशक ७:१४:** जुन परमेश्वरले हाम्रो जीवन सुव्यवस्थित गर्नुहुन्छ, ती परमेश्वरले हामीलाई समृद्धि र फलिफापका समयहरू दिनुको साथै हामीलाई प्रतिकूल समयहरू पनि दिन उचित ठान्नुभएको छ। जब समृद्धि आउँछ, तब हामी खुशी हुनुपर्छ र हामीले त्यसबाट आनन्द लिनुपर्छ। तर विपत्तिको दिनमा हामीले बुझ्नुपर्छ कि परमेश्वरले यस हेतुले असल र खराब, सुख र दुःख पठाउनुहुन्छ, कि अब के हुन आउने हो, सो मानिसलाई थाहा नभएको होस्। किनकि त्योचाहिँ कृपा हुन सक्छ, त्यो-चाहिँ निराशा हुन सक्छ।

यो कुरा पनि विचार गर्न लायक छः परमेश्वरले असल र खराब यस प्रकारले मिलाउनुहुन्छ, कि मानिसहरूले उहाँमा कुनै पनि गल्ती भेट्टाउन नसकून्।

जेजस्तो भए पनि यो सुनिश्चित छ, कि यी दिव्य निर्णयहरू सूर्यमनि भएको भौतिक जीवन मात्र असर गर्छन्।

**उपदेशक ७:१५:** 'अब मैले सबै कुरा देखेको छु' भन्ने हामीसँग एउटा भनाइ छ, जुन भनाइ हामी तब प्रयोग गर्छौं, तब हामीले अप्रत्याशित, अनपेक्षित कुरा देखेका छौं, अर्थात् हामीलाई असम्भव लागेको परम आश्चर्य देखेका छौं। अनि मलाई लाग्छ, कि यस पदमा सुलेमानले यही अर्थमा यसो भनेका हुन्। किनकि उनले आफ्नो व्यर्थ जीवनमा एक-अर्कालाई विरोध गर्ने हर किसिमको कुरा देखे। उनले धर्मी मानिसहरूलाई देखे, जो आफ्नो जवानीमा मरे, अनि उनले दुष्ट मानिसहरूलाई देखे, जो लामो समयसम्म बाँचे।

**उपदेशक ७:१६:** यी उपदेशकले यता एउटा धर्मी जीवन र आशिषको बीचमा अनि उता पाप र दण्डको बीचमा कुनै सुनिश्चित सम्बन्ध पत्ता लगाउन सकेनन्; यसकारण उनले यताको सुदूर किनारामा होइन, र उताको सुदूर किनारामा पनि होइन, तर यी दुई कुराहरूको ठीक बीचमा बस्ने नीति सबैभन्दा असल नीति ठानेर अपनाए। तर यो एउटा साह्रै फिक्का, अबाइबलीय निष्कर्ष हो, जसको नाम 'सुनौलो माध्य नामक निष्पक्षताको नियम' भनिन्छ।

सुनौलो माध्य नामक नियमअनुसार अत्यन्त धर्मी हुने र अत्याधिक बुद्धिमान् हुने कुरा टारेर मानिस अकाल विनाशबाट उम्कन सक्छ अरे। तर वास्तवमा यो कुरा सत्य होइन। परमेश्वरले आफ्ना जनहरूको निम्ति निम्न उच्च स्तर दिनुभयोः उनीहरूले पाप गर्नुहुँदैन (१ यूहन्ना २:१)। अनि उहाँले आफ्ना जनहरूलाई सुनिश्चयता दिनुभयोः उनीहरूको काम पूरा नहोउन्जेल उनीहरू अमर हुन्छन्।

**उपदेशक ७:१७:** सुलेमानको हिसाबमा अर्को खतरा पनि थियोः ज्यादा दुष्ट हुनु हो। दुस्साहसी मानिसचाहिँ आफ्नो समयभन्दा पहिले मर्न सक्छ। यसकारण यी उपदेशकले के भन्छन् भने, मध्यवर्ती नीति आदर्श नीति हो, जसकहाँ आइपुग्न हामीले प्रयास गर्नुपर्छ अरे।

यो सुनिश्चित छ, कि यस्ता धारणाहरू मानिसहरूका तर्कहरू मात्र हुन्, परमेश्वरका प्रकाशका कुराहरू होइनन्। परमेश्वरले पापलाई कुनै हालतमा पनि छोड़िदिन वा छूट दिन सक्नुहुन्न। सिद्धता सधैं उहाँको स्तर हो।

**उपदेशक ७:१८:** यी उपदेशकको विचार-अनुसार कुरा यस्तो थियोः सर्वोत्तम नीति भनेको निम्न कुरा बुझ्नु होः यता चाहिएको भन्दा बढ़ी धर्मी मानिसको अकाल मृत्यु भयो भने, उता उड़न्ता पुत्रको आत्म-नाश भयो। यसकारण जसले परमेश्वरको भय मान्छ, उसले मध्यवर्ती चाल अपनाउँछ र ऊ दुवै खाड़ल-हरूमा पर्नदेखि उम्कन्छ।

यस मानवीय सल्लाहअनुसार परमेश्वर पाप र अधर्मको विषयमा कठोर हुनुहुन्न, तर मध्यमार्गी र सहनशील हुनुहुन्छ। तर यो बिलकुल गलत हो। तर के गर्ने? यो त सुलेमानका अवलोकनहरूको फल थियो; किनभने उनले सूर्यमनि के-के भइरहेको थियो, सो नियालेर हेरेका थिए। यो कुरा हामीले सधैं

याद गर्नुपर्छ; नत्र ता हामी यस प्रकारको सांसारिक धारणाको विषयमा अलमल्ल पर्नेछौं ।

**उपदेशक ७ः१९ः** *'बुद्धिले बुद्धिमान् मानिसलाई शहरमा हुने दसजना शासकहरूभन्दा बढ़ी बलवान् तुल्याउँछ ।'* सुलेमानको विश्वास थियो कि बुद्धिले मानिसलाई बढ़ी बल र सुरक्षा दिन्छ, अँ, दसजना शासकहरूले एउटा शहरलाई दिन सक्ने बल र सुरक्षाभन्दा धेरै बढ़ी दिन्छ । यस भनाइको सरल अर्थ यो होः बुद्धि सशस्त्र बलभन्दा ठूलो छ । परमेश्वर अनिवार्य रूपले सबैभन्दा ठूला सेनाहरूको पक्षमा हुनु आवश्यक छैन ।

**उपदेशक ७ः२०ः** *'किनकि ...'* यो पद 'किनकि' भन्ने शब्दबाट शुरु भएको छ; यसकारण यो पद अघिको पदसँग जोड़िएको छ । तर यी दुईवटा पदहरूको बीचमा सम्बन्ध के छ त ? त्यो सम्बन्ध यसैमा छः हामी सबैलाई यी उपदेशकले अघि वर्णन गरेको बुद्धिबाट हुने लाभहरू चाहिन्छ; किनकि हामी सबैजना सिद्ध छैनौं । सधैं असल मात्र गरिरहने र कहिल्यै पाप नगर्ने सिद्ध धर्मी मानिस कोही पनि छैन ।

पापको व्यापकताको विषयमा सिकाउन प्रायः उपदेशक ७ः२० पद लिइन्छ, र यस प्रकारको अर्थ लगाइ ठिक्कै छ । तर यस पदको सन्दर्भको विषयमा श्री एच. सी. लोइपोल्डले के लेखेका छन् भने, 'भर्खरै वर्णन गरिएको बुद्धिसँग हाम्रो घनिष्ठ सम्बन्ध हामीलाई किन बढ़ी आवश्यकता पर्छ, सो कुरा यस बीस पदले बताउँछ ।' 29)

**उपदेशक ७ः२१ः** आफ्नो असिद्धताको विषयमा हामीलाई एउटा खाँटी भावना चाहिन्छ; किनकि यस प्रकारको भावनाले हामीलाई आलोचना र दोषारोपहरू शान्तिसँग लिन मद्दत गर्छ । कुनै नोकरले हामीलाई सरापेको हामी सुन्छौं भने, एउटा नोकर, जसको सामाजिक स्तर हाम्रो भन्दा निक्कै तल छ, तब उसले हामीलाई राम्रोसँग नचिनेकोमा हामी सधैं आनन्दित हुन सक्छौं; किनभने त्यसले हामीलाई राम्ररी चिनेको भए त्ससँग हामीलाई अझ धेरै सराप्ने कारणहरू हुनेथिए ।

जब शिमीले दाऊदलाई सराप्यो, तब अबिशैले त्यसको टाउको काट्न चाहे, तर दाऊदको जवाफबाट के बुझिन्छ भने, शिमीको श्राप पूरा रूपले कराणहीन भएको थिएन रहेछ (२ शमूएल १६ः५-१४) ।

**उपदेशक ७ः२२ः** अनि हामी यही कुराको विषयमा पनि दोषी छौं भन्ने कुरा हामीले सधैं सम्झनुपर्छ । किनभने धेरै पल्ट हामीले पनि आफ्नो हृदयमा अरू मानिसहरूलाई सराप्यौं । जब हामी आफै सिद्ध हुनदेखि यति टाढ़ा छौं, तब हामी अरूहरूबाट तिनीहरू सिद्ध हुने आशा किन गर्ने ?

सिद्धतावादीका निराशाहरूमध्ये एउटाचाहिँ यही होः उसले हरेक कुरा र हरेक व्यक्तिलाई सिद्ध भएको चाहन्छ । तर के गर्ने ? ऊ एउटा त्रुटिपूर्ण संसारमा जिउँछ; अनि धिक्कार, किनकि ऊ स्वयम् आफैले अरूको लागि तय गरेको लक्ष्यमा पुग्न सक्दैन ।

**उपदेशक ७ः२३ः** यी उपदेशकले जीवनका यी सबै क्षेत्रहरू अनुसन्धान गर्न आफ्नो असाधारण बुद्धि प्रयोग गरे। उनले सबै रहस्यहरूको भेद जान्न र सबै पेचिला गाँठाहरू खोल्न प्रशस्त बुद्धिमान् हुन चाहे। तर परमेश्वरबाट अलग रहीकन उनले आफ्ना सबै अनुसन्धानहरू गरे; यसकारण उनले के पत्ता लगाए भने, अन्तिम जवाफहरू फुट्ट उनको हातबाट निस्के । विशेष प्रकाश नपाईकन हाम्रो निम्ति जीवन एउटा जटिल पहेली पो रहि-रहन्छ ।

**उपदेशक ७ः२४ः** अस्तित्वमा आएका थोकहरूको विषयमा दिइएका स्पष्टीकरणहरू धमिला, अगम्य र अत्यन्त गहिरा छन् । हाम्रो संसार रहस्यहरूले भरिएको छ। अन्वेषण नगरिएको विशाल अज्ञात क्षेत्र रहिरहन्छ।

रहस्यहरू र उत्तर नपाएका प्रश्नहरूले हामीलाई सताइरहेका छन् ।

**उपदेशक ७ः२५ः** जवाफहरू प्राप्त गर्न असफल भएका सुलेमान आफ्नो खोजीमा दृढ़तापूर्वक अडिग रहे, र उनले मानिसको अस्तित्वको पक्ष-विपक्षको विषयमा अज्ञात राशिको योगफल निकाल्न अझै ठूलो बुद्धि पाउन खोजे । उनले मूर्खतामा हुने दुष्टता, अनि मूर्ख्याइँ र पागलपनमा भएको खराबी बुझ्न चाहेः मानिसहरूले आफूलाई किन विलासीता र लाजशर्ममा दिइहाल्छन् ?

**उपदेशक ७ः२६ः** त्यस सिलसिलामा उनले विशेष गरी एउटी छाड़ी स्त्री, एउटी वेश्याको बारेमा विचार गरे – एउटी यस्ती स्त्री, जसको दुष्ट प्रभाव मृत्युभन्दा पनि तीतो हुन्छ । त्यसको मन पुरुषहरूलाई पासोमा पार्ने जटिल युक्तिहरूले भरिएको थियो; अनि त्यसको पकड़मा परेकाहरू साङ्लोले झैं बलियो गरी बाँधिएका थिए । हरेक जसले परमेश्‍वरलाई प्रसन्न तुल्याउने इच्छा गर्छ, ऊ त्यसका फन्दाहरूबाट उम्कनेछ । तर जुन मानिसले पापसँग खेल्छ, त्यस मानिसको बाटो र त्यस स्त्रीको बाटो एक-अर्कासित अवश्य भेट्ने नै छन्, र त्यो मानिस त्यसको अङ्कुसेमा पर्ने कुरा सुनिश्‍चित छ ।

यो सम्भव छ कि यहाँ उल्लेख गरिएकी स्त्रीचाहिँ संसारको एउटा प्रतीक वा संसारको बुद्धिको एउटा चित्र हुन सक्छे (कलस्सी २ः८; याकूब ३ः१५) ।

**उपदेशक ७ः२७-२८ः** आउँदा तीनवटा पदहरूमा सुलेमानले आफ्ना सह-नागरिकहरूको विषयमा आफ्नो निराशा व्यक्त गरेको देखिन्छ । किनकि जब उनले कुनै व्यक्तिलाई पहिलो पल्ट भेटे, तब उनले यस व्यक्तिप्रति धेरै अपेक्षाहरू राखे; तर जब उनले यस व्यक्तिलाई राम्रोसँग चिने, तब उनका आशा र आकाङ्क्षाहरू चक्नाचूर भए; किनकि कोही पनि उनको आदर्शअनुसार थिएन । किनभने जब उनले कुनै आकर्षक व्यक्तिलाई देखे, तब उनले 'मैले यस व्यक्तिलाई राम्रोसँग चिन्नुपर्छ; म उससँग घनिष्ठ, व्यक्तिगत सम्बन्ध विकास गर्छु' भन्ने विचार गरे । तर जति बढ़ी उनी यस नौलो मानिससँग चिनजान हुन थाले, त्यति नै बढ़ी उनको मोह भङ्ग हुँदै गयो । उनले फेला पारे, कि कुनै सिद्ध बिराना छैन रहेछ; अनि आत्मीयताबाट अपमान पो उत्पन्न हुँदो रहेछ ।

सुलेमानले मित्रहरूको सङ्ख्या लिने निर्णय गरे; यसमा उनले केवल तिनीहरूको सङ्ख्या लिने विचार गरे, जसबाट उनले केही सन्तुष्टि पाएका थिए र केही मात्रामा उनका आशाहरू पूरा भए । उनले चिनेका सबै मानिसहरूमध्ये कति जनालाई उनले आफ्ना साँचो आत्मीय भाइहरू ठाने ?

उनी सिद्ध व्यक्तिलाई खोजिरहन्थे; तर उनले भेट्टाउन सकेनन् । उनले भेटेका सबै मानिसहरूमा कुनै न कुनै खोट थियो, तिनीहरूको स्वभावमा कुनै न कुनै कमजोरी थियो ।

उनले के पत्ता लगाए भने, असल पुरुषहरू विरलै पाइन्छन्, तर असल महिलाहरू झन् दर्लभ छन् । किनकि उनले एक हजारमा एकजना पुरुषलाई भेट्टाए, जुन पुरुष उनको आदर्शअनुसारको थियो – जो एक विश्‍वास-योग्य, भरपर्दो र निःस्वार्थ मानिस थियो ।

तर उनले हजारमा एउटी स्त्रीलाई भेट्टाउन सकेनन्, जुन स्त्रीचाहिँ उनको उत्कृष्ट आदर्श-अनुसारकी थिई, जसले उनलाई प्रभावित पार्न सकी । यति धेरैमा उनले कुनै स्त्रीलाई भेट्टाउन सकेनन् । अरे, पुरुषहरूलाई स्त्रीहरूभन्दा श्रेष्ठ मान्ने यो नीच धारणा कहाँबाट आयो ! हामी हिजोआजका मानिसहरूको निम्ति यस्तो विचार कति अनुचित देखिन्छ ! यो हाम्रो समझदेखि बाहिरको, कति नमिल्ने, तुच्छ भावना हो ! किनभने हाम्रा सबै फैसलाहरू इसाई शिक्षाहरूका उच्च आत्मिक स्तरहरूमाथि आधारित छन् । तर एउटा धर्मनिष्ठ यहूदी मानिसको निम्ति यो कुनै अचम्म लाग्ने कुरा थिएन; किनकि उसले

स्त्रीको रूपमा नजन्मेकोको खातिर हरेक दिन परमेश्वरलाई धन्यवाद चढ़ाउँछ। अनि यस संसारमा अरू समाजहरू पनि छन्, जुन समाजका पुरुषहरूलाई यस प्रकारको धारणाबाट घत लाग्दैन; किनभने तिनीहरूको दृष्टिमा स्त्रीहरू कि त दासीहरू, कि त सम्पत्ति हुन् ।

सुलेमानले यहाँ प्रयोग गरेका कड़ा शब्दहरूको चर्कोपन घटाउन टिप्पणीकारहरूले निक्कै व्याख्यात्मक कसरत गर्छन्, तर यसमा तिनीहरूको अभिप्राय जति असल किन नहोस्, तर तिनीहरूका यी प्रयासहरू तारो हान्दैनन्, तिनीहरूको उद्देश्य पूरा गर्दैनन् । किनकि यी उपदेशकले यहाँ जेजस्तो लेखे, उनले ठीक यही भन्न र लेख्न खोजे । अनि उनको यो धारणा अझै पनि यस संसारभरि यी पुरुषहरूमा पाइन्छ, जसको विचार सांसारिक र शारीरिक हुन्छ ।

स्त्री जातिको विषयमा सुलेमानको धारणा साह्रै एकतर्फी थियो । श्री जी. क्याम्पबेल मोर्गनले एउटा सन्तुलित दृष्टिकोण अपनाए, जब उनले निम्न टिप्पणी लेखेका छन्ः

> 'स्त्री जातिको प्रभाव एकदम शक्तिशाली छ, तिनीहरूको असल प्रभाव र तिनीहरूको खराब प्रभाव । मैले एकजना पोख्त निरीक्षकको मुखबाट निम्न कुरा सुनेको छुः मानव इतिहासमा मानिसहरूको उत्थानको लागि जति ठूला आन्दोलनहरू थिए, यी आन्दोलनहरूमध्ये एउटा पनि थिएन, जसमा स्त्रीहरूको ठूलो हात र प्रभाव थिएन । यो कथन एउटा अतिशयोक्ति हो वा यो कुरा साँचो हो, सो मलाई थाहा छैन । तर मेरो विचारमा, तिनको भनाइ सत्य हुनुपर्ला । तर यो उत्तिकै सत्य हो कि मानव जातिलाई भ्रष्ट पार्न स्त्री जातिको हात पनि ठूलो छ । किनकि जब कुनै देशका महिलाहरूको नैतिकता उच्च छ, तब त्यस देशको राष्ट्रिय जनजीवन मजबुत हुन्छ । तर जब त्यस देशका महिलाहरूको नैतिकता भ्रष्ट छ, तब त्यो राष्ट्र नाश हुन्छ । किनकि चाहे असलको गढ़ होस्, चाहे खराबको गढ़ होस्, महिलाचाहिँ त्यसको उच्च गढ़ हो । किनकि स्त्रीको दया र उसको क्रूरता साह्रै ठूलो छ ।' 30)

सुलेमानले पछि आफूलाई धर्मी ठहराए, जब उनले गुणवती स्त्रीका सर्वश्रेष्ठ सद्‌गुणहरूको सम्बन्धमा साहित्यको उत्कृष्ट श्रद्धान्जलि लेखेः हितोपदेश ३१ अध्याय । किनकि उपदेशकको पुस्तकमा उनले मानव पूर्वाग्रहको पार्थिव दृष्टिकोणबाट लेखे, तर हितोपदेश ३१ अध्यायमा उनले ईश्वरीय प्रकाशरूपी उच्च शिखरबाट हेरेर लेखे ।

इसाई विश्वास आएपछि स्त्री जाति उठेर आफ्नो इज्जत र सम्मानको शिखरमा पुग्यो । प्रभु येशू स्त्री जातिको परम मित्र र त्यसको स्वतन्त्रता दिलाउने उद्धारक हुनुहुन्छ ।

**उपदेशक ७ः२९ः** यी उपदेशकले आफूले भेटेका, चिनेका मानिसहरूको सम्बन्धमा आफ्नो कहिल्यै नटुङ्गिने निराशाको विषयमा विचार गर्दैथिए; तब उनी सठीक निष्कर्षमा पुगेः मानिस उसको शुरुको अवस्थाबाट पतित भएको हुनुपर्छ । यो कति सत्य र सही कुरा हो ! किनकि परमेश्वरले मानिसलाई आफ्नो स्वरूप र आफ्नो प्रतिरूपमा बनाउनुभयो । तर मानिसले धेरै पापका युक्तिहरू निकाल्यो, जुन युक्तिहरूले उसमा रहेको ईश्वरीय स्वरूप बिगारे र उसलाई एउटा कुरूप दिए ।

यस्तो पतित अवस्थामा पनि मानिसलाई सहज तृष्ण लाग्दैछ; उसले सिद्धता भेट्टाउन चाहन्छ । ऊ आफ्नो निम्ति सिद्ध जीवनसाथीलाई, सर्वोच्च जागिर र हरेक सिद्ध कुरा खोज्दै हिँड्छ । तर उसले न अरू मानिसहरूमा, न आफैमा त्यो सिद्धता पाउन सक्छ । उसको समस्या के हो त ? उसको खोज सूर्यमनि सिमित रहेको छ । यस पृथ्वीमाथि एकजनाको जीवन मात्र एउटा सिद्ध जीवन थियो, अनि त्यो सिद्ध जीवनचाहिँ प्रभु येशू ख्रीष्टको जीवन थियो । तर अहिले उहाँ सूर्यमनि होइन, तर सूर्यभन्दा अति उच्च स्थानमा हुनुहुन्छ; उहाँ उच्च स्वर्गमा परमेश्वरको दाहिने हातमा हुनुहुन्छ । अनि हे भाइबहिनीहो, के तपाईं सिद्धताको निम्ति तृष्ण

गर्नुहुन्छ ? तब ख्रीष्ट येशूकहाँ आउनुहोस्, किनकि परमेश्वरले तपाईंको यो तृष्ण प्रभु येशूमा मेटाउनुहुन्छ । उहाँमा सिद्धता छ, अरू कसैमा होइन, अरू केही कुरामा होइन ।

### ख) उपदेशक ८ः सूर्यमनि भएको बुद्धि यो हो

**उपदेशक ८ः१ः** सुलेमान आफ्नो मानवीय बुद्धिले आफ्ना सबै समस्याहरू समाधान गर्न असफल भए तापनि उनले अरू कसैको होइन, तर अझै पनि बुद्धिमान् मानिसको तारिफ गरे; किनकि वस्तुहरूको गुप्त अर्थ खोजिनिकाल्न अरू कोही पनि योग्य थिएन । अनि सुलेमान यी प्रचारक-राजा थिए, जसको बुद्धि उनको अनुहार चम्काइदियो । बुद्धिद्वारा उनको कठोर चेहरा बदलियो । ओहो, बुद्धिले हाम्रो रूप समेत बदली दिँदो रहेछ ! हाम्रो अनुहार बुद्धिको प्रतिबिम्ब गर्ने ऐना पो हुँदो रहेछ !

**उपदेशक ८ः२ः** चाहे ती राजाचाहिँ स्वर्गको परमेश्वर होऊन्, चाहे यस पृथ्वीका कुनै राजा होऊन्, हामीले राजाको उपस्थितिमा कसरी व्यवहार गर्नुपर्ने हो, सो कुरा बुद्धिले हामीलाई सिकाइदिन्छ । बुद्धिको प्रथम सल्लाह होः *'राजाको आज्ञापालन गर !'* बुद्धिको प्रमुख छाप आज्ञाकारिता हो । यस पदको बाँकी भाग हिब्रूमा अस्पष्ट छ; यो कुरा निम्न अनुवादहरूबाट देखिन्छः

**क)** 'परमेश्वरको शपथको कारणले' (के.जे.बी.) ।

**ख)** 'परमेश्वरको सामु गरिएको शपथको खातिर' (एन.ए.एस.बी.) ।

**ग)** 'परमेश्वरसित खाएको तिम्रो शपथको खातिर' (एन.के.जे.वी.) ।

यस शपथ-शब्दको सन्दर्भचाहिँ कि त मानिसले सरकारप्रति राजभक्ति गर्ने उसको प्रतिज्ञा हुन सक्छ, कि त सरकारको विषयमा परमेश्वरले खानुभएको शपथ हुन सक्छ, जुन शपथद्वारा उहाँले राजाहरूलाई शासन गर्ने अधिकार दिनुहुन्छ (भजन ८९ः३५) ।

**उपदेशक ८ः३ः** यस पदको अर्थ पनि अस्पष्ट छ । **क)** हामी यो पदको अर्थ कुनै खराब कुरा मच्चिरहेको बेलामा ढिला नहुने गरी राजाको उपस्थितिबाट निस्कने सल्लाहको रूपमा बुझ्न सक्छौं । **ख)** अथवा हामी यो पद कुनै खराब परिस्थितिमा हतारसँग राजाको उपस्थितिबाट ननिस्कने सल्लाहको रूपमा बुझ्न सक्छौं, जसरी के.जे.वी, एन.ए.एस.बी., एन.के.जे.वी.का बाइबल-अनुवादहरूले यो पद राखेका छन् । यहाँ भनिएको त्यो खराबी हाम्रो रिस हुन सक्छ, हाम्रो तर्फबाट कुनै अनाज्ञाकारिता हुन सक्छ, हाम्रो ढिठपन हुन सक्छ वा हामीले आफ्नो काम र कर्तव्य छोड़ेको कुरा हुन सक्छ ।

जेजस्तो भए पनि यस पदको जोड़ यो होः राजाको रिस उठाउने काम मूर्खता हो; किनभने राजालाई जे मन लाग्छ, त्यो गर्ने तिनको अधिकार हो ।

**उपदेशक ८ः४ः** जब राजाले बोल्छन्, तब तिनको वचनमा पूरा अधिकार हुन्छ । तिनको मुखबाट निस्केको वचन सर्वोच्च नियम हो र कुनै हालतमा पनि तिनको प्रजाका मानिसहरूले खण्डन गर्न सक्ने कुरा ठहरिँदैन ।

**उपदेशक ८ः५ः** जसले राजाको आज्ञा पालन गर्छन्, तिनीहरूलाई राजाको रिसको केको डर ! राजाका आदेशहरू पालन गर्ने सम्बन्धमा बुद्धिले हामीलाई त्यसको उचित समय के हो र त्यसको उपयुक्त तरिका के हो, सो पनि सिकाउँछ ।

**उपदेशक ८ः६ः** किनकि हाम्रो काम गर्ने तरिका सठीक हुन सक्छ र गलत पनि हुन सक्छ; अनि हाम्रो काम गर्ने समय पनि सही वा गलत हुन सक्छ । तर हाम्रो समस्या के हो भने, र हामीमाथि एउटा ठूलो भारीजस्तै हामीलाई के लाग्छ भने, हामी सधैं यी भाग्यशाली समुचित पलहरू कहिले हुन्, सो खुट्ट्याउन सक्दैनौं ।

**उपदेशक ८ः७ः** मानिसलाई थाहा नभएका कुराहरू छन्, उसले नजानेका कुराहरू कति हुन् कति ! उसले भविष्य जान्दैन; उसले के हुनेछ, कहिले के हुनेछ, सो जान्दैन ।

**उपदेशक ८ः८ः** मानिसले आफ्नो मर्ने बेलामा आफ्नो आत्मालाई ननिस्कन रोकिराख्न सक्दैन; न ता उसले आफ्नो मृत्युको ठीक समय जान्न सक्छ । उसले त्यस लड़ाइँबाट अवकास पाउँदैन । किनकि मृत्युले उसको विरुद्धमा अथक लड़ाइँ लड़िरहेको हुन्छ । उसले जति अक्कल लगाएर पनि कुनै छल वा कुनै युक्ति-द्वारा युद्धविराम पाउन सक्दैन ।

**उपदेशक ८ः९ः** यी उपदेशकले सूर्यमनि भइरहेको जीवन अध्ययन गर्दा उक्त कुराहरू पत्ता लगाए – एउटा यस्तो संसारमा, जहाँ एउटा मानिसले अर्को मानिसलाई आफ्ना खुट्टामनि कुल्चन्छ, जुन संसारमा एउटा मानिसले अर्को मानिसमाथि अधिकार जमाउँछ, र यसरी आफ्नो हानि पो गर्छ ।

**उपदेशक ८ः१०ः** जीवनका धेरै कुराहरू छन्, जसमा गहिराइ हुँदैन । एउटा दुष्ट मानिस मर्छ र गाड़िन्छ । एक समयमा त्यो निरन्तर आराधना-स्थलमा दाउँथ्यो । तर अब जब त्यो मानिस छैन, मानिसहरूले त्यसको निष्ठा त्यही शहरमा प्रशंसा गर्छन्, जुन शहरमा त्यसले आफ्ना टेढ़ा युक्तिहरू पूरा गर्थ्यो । ओहो, त्यसको धर्म त्यसको बेइमानीको निम्ति ढकनी पो भएछ । यो सब कति खोक्रो र अर्थहीन हुन्छ ।

**उपदेशक ८ः११ः** अपराधीहरूको न्याय-जाँच र फैसला साह्रै ढिलो भएको हुनाले त्यस्तो व्यवहारले अराजकताको वृद्धि गर्छ र न्याय व्यवस्था हेला गर्ने वातावरण सृजना गर्छ । हरेक आरोपित व्यक्तिले निष्पक्ष न्यायजाँच पाउनुपर्छ; यो महत्त्वपूर्ण कुरा हो; तर यसो गर्दा अपराधीलाई अतिरक्षा गर्नु सम्भव हुन्छ, र यसरी घायल पक्षको हानि हुन्छ । तत्काल हुने निष्पक्ष न्यायजाँचले अपराध थाम्ने काम गर्छ । तर बेहद स्थगनहरूले गर्दा अपराधीहरूले नियमकानुन भङ्ग गर्ने अझ बढ़ी हिम्मत पाउँछन्; किनभने तिनीहरूको विचारमा, तिनी-हरू कि त दण्डबाट पूरा उम्कन सक्छन्, कि त हलका सजाय पाउलान् ।

**उपदेशक ८ः१२ः** सुलेमानको रायअनुसार धीरज धार्नुहोस्, किनकि परमेश्वरको भय मान्ने-हरूको सफलता सबैभन्दा बढ़ी सुनिश्चित हुन्छ । ठिक्कै छ, यस कुरामा कतै अपवादहरू होलान्; सुलेमानले यस्ता मेल नखाने कुराहरू देखे । हो, हुन सक्छ, एउटा अपराध गर्ने बानी लागेको कुकर्मी धेरै वर्षसम्म बाँच्ला; तर त्यस अपवादले यसको विषयमा सुस्थिर सर्वमान्य नियम काट्न वा रद्द गर्न सक्दैनः धार्मिक कामको असल प्रतिफल हुन्छ-हुन्छ; अनि अपराधीको बाटो कठिन हुन्छ ।

**उपदेशक ८ः१३ः** यी उपदेशक सुनिश्चित थिए, कि अन्तिम आएर एउटा दुष्ट मानिस हार्छ । त्यसले परमेश्वरको भय मान्न इन्कार गर्‍यो; यो त्यसको असफलता थियो । यसकारण त्यसको जीवन छोटो हुन्छ; त्यसले यो दण्ड आफूमाथि निम्त्यायो । त्यसको जीवन छायाजस्तो क्षणिक, अँ, क्षणस्थायी हुन्छ ।

**उपदेशक ८ः१४ः** सुलेमान सामान्य नियमहरू र सुस्पष्ट अपवादहरूको बीचमा पालोपिलो गरेको जस्तै दिखिन्छ । कहिलेकाहीं धर्मी जनहरूलाई दुष्ट भएझैं सजाय दिइन्छ । अनि कहिलेकाहीं दुष्ट मानिसहरूलाई धर्मी, शिष्ट नागरिक भएझैं इनाम दिइन्छ । यी कहिल्यै हुन नहुने कुराहरूले गर्दा, यी अपवाद-हरूले गर्दा दार्शनिक-राजाले जीवनको व्यर्थतालाई घृणा गरे ।

**उपदेशक ८ः१५ः** उनको विचारमा, एकमात्र तर्कसिद्ध नीति के थियो भने, जीवनबाट सकेसम्म धेरै आनन्द लिनु हो । उनको निम्ति सूर्यमनि खानु, पिउनु र रमाइलो

गर्नुभन्दा असल कुरा अरू केही पनि छैन रहेछ। जुन जीवन परमेश्वरले मानिसलाई यस धरतीमा दिनुभयो, त्यस सारा जीवनभरि मानिसले परिश्रम गर्नुपर्छ। तब उसको साथमा के रहन्छ त? उसको साथमा उक्त कुरा रहँदो रहेछ। सुलेमान लड्डु घिउसँग खाने सपनादर्शी थिएनन्। उनले आफ्नो हिस्सा यहाँ र अहिले नै पाउन चाहन्थे।

**उपदेशक ८:१६:** यसकारण यी उपदेशकले सबै उत्तरहरू खोजिनिकाल्न आफूलाई पूरा दिइहाले। उनले आफ्नो मगजलाई दर्शनशास्त्र र तत्त्वज्ञान अध्ययन गर्न तालिम दिए; किनकि उनले जीवनका काम-कुराहरूको फेद र जगमा पुग्ने दृढ संकल्प गरे। तर यो एउटा यस्तो दिक्दारी काम थियो, जुन कामले गर्दा उनले दिनरात निद्रा पाउँदैनथिए।

**उपदेशक ८:१७:** त्यसपछि उनले के पत्ता लगाए भने, परमेश्वरले सबै कुराहरू यस प्रकारले व्यवस्थित गर्नुभयो, कि मानिसले ज्ञानका टुक्रा-टुक्रा लिएर पहेलीरूपी तस्बिर मिलाउन सक्दैन। अनि मानिसले जति कोशिश गरे तापनि ऊ यस प्रयासमा असफल हुने नै छ। अनि ऊ जति ज्ञानी किन नहोस्, तर उसले सबै प्रश्नहरूको निम्ति सठीक उत्तरहरू पाउनेछैन नै।

### ग) उपदेशक ९: सूर्यमनि जिएको जीवनको आनन्द यो हो

**उपदेशक ९:१:** यस अध्यायमा यी उपदेशकले यी सबै कुराहरू विचार गर्दैछन्; यसो गर्दै उनले सकेसम्म फराकिलो, विस्तृत दृष्टिकोण लगाउन कोशिश गरेका छन्। उनले असल मानिसहरूलाई र बुद्धिमान् मानिसहरूलाई देखे, र उनीहरूले गरेका सबै कामहरू उनले विचार गरेः उनीहरू र उनीहरूका कामहरू परमेश्वरको हातमा हुँदा रहेछन्। तर उनीहरू-माथि जे आइपर्छ, त्यो परमेश्वरको प्रेम वा घृणाको चिन्ह हो, सो कसैलाई थाहा छैन। सम्पूर्ण भविष्य अज्ञात छ र जान्न नसकिने हुन्छ, र जे पनि घट्न सक्छ।

**उपदेशक ९:२:** के धर्मी जन, के दुष्ट मानिस, के असल मानिस, के खराब मानिस, के शुद्ध मानिस, के अशुद्ध मानिस, के आराधना गर्ने मानिस, के आराधना नगर्ने मानिस – यी सबैको अन्त एकै ठाउँ होः तिनीहरू सबैजना चिहानमा पर्न जान्छन्। मर्ने हिसाबले धर्मी जनलाई दुष्ट मानिसलाई भन्दा फाइदा छैन। किनकि शपथ खानुहोस् वा शपथ नखानुहोस्! मृत्यु तपाईंको भाग हुनेछ।

**उपदेशक ९:३:** यो जीवनको जटिल समस्या होः मृत्युले अन्तमा सबै वर्गका मानिस-हरूलाई दाबी गर्छ। मानिसहरू निर्लज्ज जीवन जिऊन् र आफ्नो उटपट्याङमा जति उन्मत्त किन नहोऊन्, अनि त्यसपछि? त्यसपछि मृत्यु आउँछ-आउँछ। सबैको अन्त मृत्यु हुने हो भने, यो कत्रो अन्याय हो, होइन र? न्यायको माग होः परलोक हुनैपर्छ।

**उपदेशक ९:४:** मानिस जीवित होउन्जेल उसको निम्ति आशा छ; अनि सन्दर्भ-अनुसार 'आशा छ' भनेको उसले अझै केही न केही कुराको बाटो हेर्न सक्छ। अनि यस सिलसिलामा मरेको सिंहभन्दा जीवित कुकुर उत्तम हो। यहाँ कुकुरले मानिसको सबैभन्दा मिल्ने साथीको रूप लिँदैन, तर पशुजगत्मा पाइने सबैभन्दा तल्लो, नीच रूप पो लिन्छ।[31)] सिंहचाहिँ पशुहरूको राजा हो; त्यो शक्तिशाली र गौरवशाली छ।

**उपदेशक ९:५:** जीवितहरूलाई थाहा छ, कि तिनीहरू मर्नेछन्। तर यस संसारमा के भइरहेको छ, सो विषयमा मरेकाहरूले केही पनि जान्दैनन्।

'मृत्युपछि मानिसको आत्माको चिरनिद्रा पर्छ' भन्ने कुरा सिकाउन झूटा शिक्षकहरूले यो पद सधैं प्रयोग गर्छन्। तिनीहरूको भनाइ-अनुसार मानिसले अन्तिम सास लिएपछि उसको चेतना समाप्त हुन्छ। तर यस पदमाथि वा यस

पुस्तकमाथि परलोकको शिक्षा स्थापित गर्नु मूर्खता हो। किनकि हामीले बारम्बार जोड़ दिएका छौंः उपदेशकको पुस्तकमा मानिसले 'सूर्यमनि' आफ्ना जवाफहरू खोजेको र उसले पत्ता लगाएका निष्कर्षहरू पो पेश गरिएको छ। उसले जे पत्ता लगायो, यो ईश्वरीय प्रकाशको फल होइन, तर उसको अवलोकन र सोचाइको फल हुन्, र यो आधारित उसका निष्कर्षहरू हुन्। पवित्र बाइबलको प्रकाश नभएको खण्डमा बुद्धिमान् मानिस आफ्नो सोचविचारमा यहाँसम्म आइपुग्न सक्छ है।

तपाईंले कुनै व्यक्तिलाई मरेको र उसको लास चिहानमा तल झर्दै गरेको देख्नुभएको बेलामा तपाईंको मनमा के विचार उठ्छ? हो, उसको मृत शरीर माटोमा मिल्नेछ, ठिक्कै हो। हुन सक्छ, तपाईंको विचार निम्न प्रकारको होलाः 'ए साथी, तिम्रो अन्त यही हो; तिमी अब केही पनि जान्दैनौ; तिमी अबदेखि उसो यहाँ भइरहेको कुनै क्रियाकलापमा भाग लिएर त्यसबाट आनन्द लिन सक्नेछैनौ। किनकि तिमीले सबै बिर्स्यौ, र तिम्रो सम्झना धरि रहनेछैन।'

**उपदेशक ९ः६ः** अनि सुलेमानले ठीक यही सोचे। मानिस मरेपछि उसको मनमा प्रेम, घृणा, डाहा वा अन्य कुनै भावना उठ्नेछैन रे। यस संसारको कुनै पनि क्रियाकलाप र कुनै पनि अनुभवमा उसको भाग फेरि कहिल्यै हुनेछैन।

**उपदेशक ९ः७ः** यसकारण यी उपदेशक फेरि एक पल्ट हामीलाई आफ्नो आधारभूत निष्कर्षको नारा सुनाउँछन्: 'आफ्नो जीवन जिऊ, मोजमज्जा गर, आफ्ना खानेकुराबाट आनन्द लेऊ, दाखमद्य पिएर आफ्नो हृदय आनन्दित गर! तिमीले अपनाएको यो चाल-चलन परमेश्वरले अघिबाट अनुमोदन गर्नु-भएको हो। उहाँको दृष्टिमा यो सब ठीक छ।'

**उपदेशक ९ः८ः** 'भड़कदार वस्त्र लगाऊ, शोकको लुगा होइन! आफ्नो टाउकोमा खरानी दल्ने होइन, तर सुगन्धित तेल, सेन्ट लगाऊ!' कसै-कसैको विचारमा संसार त रमाइलो र हर्षउल्लास गर्न बनाइएको छ; सुलेमानले पनि यस्तै विचार गरे।

**उपदेशक ९ः९ः** सुलेमानको विचारमा, हामीले वैवाहिक सम्बन्धबाट आउने आनन्दहरू सकेसम्म बढ़ी उपभोग गर्नुपर्छ। किनकि जीवन व्यर्थ, रित्तो छ; 'यसकारण तिमीले आफ्नो जीवन सदुपयोग गर्नुपर्छ र यसबाट सकेसम्म धेरै लाभ उठाउनुपर्छ। हरेक दिनबाट आनन्द लेऊ; किनकि आफ्नो परिश्रम र आफ्नो गाह्रोसाह्रोबाट तिमी यति पाउँछौ।'

७-९ पदहरूको खण्ड र 'गिल्गामेश' नामक महाकाव्यको निम्न खण्ड अद्‌भुत प्रकारले मिल्दाजुल्दा छन्। गिल्गामेशचाहिँ ठूलो जलप्रलयको विषयमा लेखिएको पुरानो बेबिलोनी विवरण हो।

> मानिसलाई सृष्टि गरेको दिनदेखि
> देवताहरूले मानिसको निम्ति मृत्यु सुनिश्चित गरे;
> जीवन तिनीहरूको हातमा छ;
> यसकारण हे गिल्गामेश, आफ्नो पेट भर!
> दिनरात हर्षित होऊ!
> दिन प्रतिदिन तिमीलाई आनन्द होस्!
> दिनरात उत्ताउलो गर, मनोरञ्जन गर!
> तिम्रा बस्त्रहरू भड्किला होऊन्,
> तिम्रो शिर पानीले धोएर सफा होस्।
> तिम्रो चाहनाअनुसार तिम्रा छोराछोरीहरू थुप्रा
> होऊन्, तिम्रो उत्तम भाग होऊन्!
> र तिम्रो काखमा तिम्री पत्नी बसोस्, र उसको
> आनन्द उपभोग गर! [32)]

यी दुईवटा काव्यहरूको विषयमा एकजनाले अर्को काव्यको नक्कल गरेको वा नगरेको कुरा महत्त्वपूर्ण होइन; तर सूर्यमनि मानिसको बुद्धि एकै निष्कर्षमा पुग्दो रहेछ – यो पो मुख्य कुरा हो। जब मैले श्री डेनिस अलेक्जाण्डरले लेखेको किताब पढ़ें, तब तिनले मानवतावादको विषयमा दिएको सारबाट म निक्कै प्रभावित भएँ। आउनुहोस्, मानवतावादले हामीलाई प्रदान गर्न सक्ने कुरा के हो, सो हामी तिनको लेखबाट सुनौंः

'मानवतावादचाहिँ मेरोनिम्ति निल्न नसकिने ठूलो चक्की हो । किनकि म बीसौं शताब्दीको मानिस, यस पुस्तामा तीस वर्षको उमेर पुगेका मानिसहरूको प्रतिनिधि हुँ; अनि तिनीहरूले मलाई पहिले के विश्वास दिलाउन चाहन्छन् भने, म विकासको अनियमित प्रक्रमको परिणाम हुँ अरे । अनि यो प्रक्रम पूरा हुनको निम्ति केवल एउटा मूल पदार्थ चाहिन्छ, अनि समय र संयोग चाहिन्छ । अनि भाग्यको अनौठो तरङ्गले गर्दा हामी मानिसहरूचाहिँ ती एकमात्र प्राणीहरू भयौं, जसलाई आफ्नो अस्तित्वको विषयमा कुनै निश्चित चेतना प्रदान गरिएको छ । तिनीहरूको भनाइअनुसार क) खरायो, रूख र ढुङ्गा आदि भौतिक चीजहरू छन्, जुन चीजहरूभन्दा मैले आफूलाई र अरू मानिसहरूलाई धेरै मूल्यवान् ठान्नुपर्छ । तर मेरो विचारमा, हुन सक्छ, एक सय वर्षभित्र मेरो सड़ेको मृत शरीरका परमाणुहरू र ती चीजहरूका परमाणुहरूको बीचमा कसैले छुट्ट्याउन नसक्ला । अनि ख) मेरो टाउकोमा चलमलाउने अनगिन्ती परमाणुहरूमा खरायोको टाउकोमा भएका परमाणुहरूभन्दा बढ़ी अर्थ भएको, कसरी ? यो विचार गर्न लायकको तर्क हो ।

अनि ती विकासवादीहरूले मलाई भन्छन्, कि जीवन मृत्युसँग समाप्त हुन्छ रे । एउटा मूल तत्त्वबाट क्रमशः सबै थोकहरू बढ्दै आएको विकासवाद-अनुसार मेरो जीवन त समयको हिसाबले एउटा छिट्टै बिलिने वाफ मात्र हो । यसकारण यस जीवनमा मलाई मेरो मनमा ठीक-बेठीक लागेका कुराहरू जस्तासुकै होऊन्, अनि मैले गरेका मेरा सबै प्रयासहरू र मैले लिएका मेरा ठूला-ठूला निर्णयहरू जेजति किन नहोऊन्, ती सबै कुराहरू समयको क्रममा हराइहाल्नेछन् । समयलाई लाखलाख वर्ष बित्न दिनुहोस्, यो केही पनि होइन, यो त पृथ्वीको सम्पूर्ण इतिहासको तुलनामा एक थोपा मात्र हो, तब सबैभन्दा ठूलो साहित्यरत्न, सबैभन्दा उत्कृष्ट कला र महात्माहरूका जीवनहरूको सम्झना रहनेछैन, तर ऊष्मको गतिविज्ञानको दोस्रो नियमअनुसार क्षय हुनेछन्, जुन नियम कुनै हालतमा रोक्न सकिँदैन । अडोल्फ हिटलर के, मार्टिन लुथर किङ के, जेम्स सेवेल के, असिसीका फ्रान्सिस के, कॉमरेड माओत्से तुङ्ग के, राष्ट्रपति रोबर्ट केनेडी के – यी सबका सब एउटा अगम्य शून्यतामा मेटिनेछन् ।

यसकारण तिनीहरूले मलाई यसो भनेका छन्ः "यस्ता प्रतिकूल परिस्थितिहरूमा तिमीले आफ्नो जीवनबाट सकेसम्म ज्यादा गर्न सक्नुपर्छ !" मभित्र प्रबल अध्यात्मिक आभास छ; यसैले म विकासको प्रक्रमको कुनै अज्ञ तरङ्गको फल मात्र होइन, तर त्योभन्दा बढ़ी हुनुपर्छ भन्ने गहिरो बोध मसँग छँदैछ । तब मैले यस्ता चिन्ता बढ़ाइदिने प्रश्नहरू कसरी बिर्सूं, मलाई भन्नुहोस् ! तब मैले समाजमा आफ्नो जिम्मेवारी उठाएर कसरी वास्तविक समस्याहरूको विषयमा फिक्रीचिन्ता गर्ने, जसरी तिनीहरूले मलाई गर्ने सल्लाह दिन्छन् ? किनकि आन्विक जीवविज्ञानीको हैसियतले प्रकृतिका अन्य मेसिनहरूजस्तै मानिसको मस्तिष्क मेसिनको रूपमा अध्ययन गर्नु मेरो काम हो । तब अन्तर्निहित हिसाबले मानिसको मूल्य जनावरको मूल्यभन्दा ठूलो हुन्छ भन्ने कुरा मैले कसरी विश्वास गरूँ ? हो, मेरो भावनाले मलाई "यो कुरा सही हो" त भन्छ, तर ती विकासवादीहरूले किन, अँ, किन मलाई विश्वास दिलाउने कुनै ठोस प्रमाण दिँदैनन् ?' 33)

**उपदेशक ९ः१०ः** *'तिम्रो हातले गर्नलाई जे भेट्टाउँछ, त्यो आफ्नो शक्तिभर गर; किनभने चिहानमा, जहाँ तिमी जाँदैछौ, कुनै काम, कुनै युक्ति, कुनै ज्ञान र कुनै बुद्धि हुँदैन ।'* यस पदमा जुन आदर्श वाक्य वा सूत्र वाक्य उल्लेख गरिएको छ, जुनचाहिँ यस पुस्तकमा सबैभन्दा बढ़ी ज्ञात छ, त्यो आदर्श वाक्य वा सूत्र वाक्य ख्रीष्ट-विश्वासीहरूले 'इसाई सेवामा जोश र लगनशीलता देखाऊ' भन्ने प्रोत्साहन दिने हेतुले अक्सर प्रयोग गर्ने गर्छन्; अनि यस प्रकारको सल्लाह असल हो, हामी यसको विरोधमा केही पनि भन्दैनौं । तर यस पदको सन्दर्भ खास अर्कै हो; यस पदको सत्अर्थ यस प्रकारको छः 'समय छँदै हामीले सुख र मनोविनोद गर्ने हरेक अवसर छोप्नुपर्छ; किनकि जुन चिहानतिर हामी सुनिश्चित र अनिवार्य रूपले लम्किरहेका छौं, त्यस चिहानमा परेपछि हामी न काम गर्न, न

आविष्कार गर्ने, न कल्पना गर्ने, न विचार गर्ने, न ता केही जान्न सक्छौं ।'

यस पदमा दिइएको सल्लाह एकदम राम्रो छ; तर यसको निम्ति पेश गरिएको कारण पो एकदम खराब छ। यसकारण हामीले यहाँ दिइएको सल्लाह सीमित रूपले प्रयोग गर्नुपर्छः जुन गतिविधिहरू शास्त्रसम्मत हुन्छन्, जुन गति-विधिहरू लाभदायक र उन्नतिशील हुन्छन्, ती गतिविधिहरूको निम्ति हामीले यहाँ दिइएको सल्लाह सीमित राख्नुपर्छ ।

**उपदेशक ९ः११ः** यी उपदेशकले अर्को कुरा पत्ता लगाएः भाग्य र संयोगले जीवनमा ठूलो भूमिका खेल्दा रहेछन् । किनकि सबैभन्दा छिटो दौड़न सक्ने खेलाड़ीले सधैं दौड़ नजित्दो रहेछ । अनि शूरवीर सिपाहीहरूले सधैं लड़ाइँ नजित्दा रहेछन् । अनि बुद्धिमान् मानिसहरूले सधैं सर्वोत्तम भोजन उपभोग नगर्दा रहेछन् । अनि निपुण मानिसहरू सधैं धनी नहुँदा रहेछन् । अनि सबैभन्दा बढ़ी सक्षम भएका मानिसहरू सधैं शासनको आसनमा बस्ने राष्ट्रपति नहुँदा रहेछन् । हरेक मानिसले कदम-कदममा प्रतिकूल, अशुभ परिस्थितिहरू सामना गर्नुपर्छ । अनि हाम्रो सफलता वा असफलतामा समय र संयोगले महत्त्वपूर्ण भूमिका खेल्दा रहेछन् । अनि जब कसैले करोड़पति र तेल कम्पनीका मालिक श्री जे. पावल गेट्टीलाई 'आफ्नो सफलताको बारेमा एक-दुई शब्द भन्नुहोस्' भन्ने अनुरोध गर्‍यो, तब तिनले यसरी जवाफ दिएः 'कति मानिसहरूले तेल भेट्टाउँछन्; अरूले भेट्टाउँदैनन् ।'

**उपदेशक ९ः१२ः** अनि दुर्भाग्य कहिले आइपर्छ, सो कसैलाई थाहा छैन । जालमा परेका माछाहरू वा पासोमा फसेका चराहरूजस्तै मानिसमाथि कुनै दुर्भाग्य आइपर्छ, अँ, मृत्यु समेत आइपर्न सक्छ । कुनचाहिँ खराबी उसलाई प्रहार गर्छ, सो उसलाई थाहा हुँदैन ।

**उपदेशक ९ः१३-१५ः** जीवनमा अर्को हृदय पिरोल्ने दुःख छः बुद्धिको गुण सधैं गरिँदैन । सुलेमानले यसको निम्ति निम्न उदाहरण पेश गर्छन्ः थोरै बासिन्दाहरू भएको एउटा सानो शहर थियो; अनि त्यसको रक्षाको प्रबन्ध निक्कै कमजोर थियो । एक दिन एक शक्तिशाली राजाले तोपहरू लिएर त्यो शहर चारैतिर घेरे, र तिनी त्यसका पर्खालहरू ढान्न तयार भए । अनि जब परिस्थिति नाजुक देखिन्थ्यो, तब एकजना गरिब मानिस अघि सर्‍यो, र उसले एउटा धेरै बुद्धिमान् युक्ति प्रस्तुत गर्‍यो; अनि उसको योजनाले त्यस शहरलाई बचायो । त्यस बेलामा त्यो मानिस त्यस शहरको वीर भयो, तर उसको सम्झना धेरै दिन रहेन ।

**उपदेशक ९ः१६ः** यस कुराले यी उपदेशकलाई साह्रै दुःखित तुल्यायोः शक्तिभन्दा बुद्धि उत्तम भए ता पनि गरिब मानिसको सल्लाह पछि तुच्छ ठानियो । किनकि सङ्कष्ट पार भएपछि उसको रायमा कसैलाई चासो हुँदैन रहेछ ।

निस्सन्देह यस दृष्टान्तमा सुसमाचारको सुगन्ध हालिएको छ। मानिसको मन त्यो शहरजस्तै छः सानो र सुरक्षाहीन । अनि त्यो ठूलो राजा शैतान हो, जसले मानिसलाई आक्रमण गर्न लागेको र उसको आत्मा नाश गर्न लागेको छ (२ कोरिन्थी ४ः४; एफेसी २ः२) । अनि मानिसलाई छुटकारा दिनेचाहिँ मुक्तिदाता प्रभु हुनुहुन्छ; उहाँ हाम्रो निम्ति गरिब हुनुभयो (२ कोरिन्थि ८ः९); उहाँ बुद्धिमान् हुनुहुन्छ (१ कोरिन्थी १ः२४; कलस्सी २ः३) । उहाँले हाम्रो निम्ति मुक्तिको प्रबन्ध गर्नुभयो; तापनि उहाँलाई यसको श्रेय भएन; उहाँको सम्मान खोइ, कहाँ छ ? के तपाईंले यस महान् मुक्तिको निम्ति उहाँको गुण गर्नुभएको छ ? यस संसारका धेरैजसो मानिसहरू प्रभु येशू कहिल्यै नमर्नु-भएको झैं बाँचिरहेका छन् । अनि ख्रीष्ट-विश्वासीहरूले पनि उहाँको सम्झना गर्ने सम्बन्धमा लापर्वाह गरिरहेका छन् । आउनुहोस्, हामी परमेश्वरले निर्धारित गर्नुभएअनुसार प्रभु

येशूलाई र उहाँको त्राणात्मक मृत्यु प्रभुभोजमा सम्झना गर्ने गरौं !

**उपदेशक ९:१७ः** ठिक्कै छ, मानिसहरू कृतघ्न होलान्, वास्ता नगर्लान्; तर कुरा रहेको छः बुद्धिमान् मानिसका शान्तिपूर्वक बोलेका शब्दहरूचाहिँ मूर्ख मानिसहरूका शक्तिशाली शासकका चिच्च्याहटका नाराभन्दा बढ़ी मूल्यवान् हुन्छन् ।

**उपदेशक ९:१८ः** लड़ाइँका हातहतियार र युद्धसामग्रीहरूभन्दा बुद्धि उत्तम हो । २ शमूएल २०:१४-२२ पदको खण्डमा हामी एउटी बुद्धिमती स्त्रीको विषयमा पढ़्छौं, जसले बेतमाकाको आबेल नामक शहरलाई बचाइराखी, जब योआबले त्यो शहर घेरामा हालेका थिए ।

*'तर एउटा पापी मानिसले धेरै असल कुराहरू नष्ट पार्छ ।'* जसरी ससाना स्यालहरूले दाखका बोटहरू बिगार्न सक्छन्, त्यसरी नै एउटा पापी मानिसले आफ्नो मूर्खतामा बुद्धिमान् व्यक्तिले सुसम्पन्न गरेका धेरै असल कामहरू पनि उल्टाइदिन सक्छ ।

## घ) उपदेशक १०ः सूर्यमनि बुद्धिमान् मानिस र मूर्ख मानिस यो हो

**उपदेशक १०:१ः** जब झिँगाहरू अत्तर बनाउने मानिसको सुगन्धित तेलमा परेर मर्छन्, तब ती झिँगाहरूले गर्दा त्यो सुगन्धित तेल ठसठसती गनाउँछ । ठीक त्यस्तै मानिसको व्यवहारमा समानता छ । किनकि बुद्धि र सम्मानले सुनाम भएको व्यक्तिले एउटै गल्तीद्वारा आफ्नो सुनाम पूरा बर्बाद गर्न सक्छ । मानिसहरूले हाम्रो एउटा सानो लापरवाह सम्झनेछन्, तर हाम्रा वर्षौंवर्षका प्रशंसनीय उपलब्धिहरू बिर्सिदिनेछन् । याद रहोस्ः सर्वसाधारणमा तीनवटा अनुचित शब्दहरू बोलेर हामीले आफ्नो प्रतिष्ठा बर्बाद गर्न सक्छौं ।

**उपदेशक १०:२ः** दाहिने हात बढ़ी निपुण, अनि देब्रे हात बढ़ी अनाड़ी मानिन्छ । यसर्थ बुद्धिमान् मानिसले हरेक कामको निम्ति सही तरिका जान्दछ; तर मूर्ख मानिसचाहिँ साह्रै गड़बड़ गर्ने व्यक्ति हो ।

**उपदेशक १०:३ः** मूर्ख मानिस बाटोमा हिँड्दै गरोस्, यस्तो साधार काम गर्दा पनि त्यसले आफूसँग व्यावहारिक बुद्धि नभएको कुरा प्रकट गरिहाल्छ । त्यसले सबैलाई आफू मूर्ख भएको कुरा देखाउँछ । कि त त्यसले अरू सबैलाई 'लठुवा' भन्छ, कि त त्यसले आफ्नो सबै काममा आफ्नो अज्ञानता प्रकट गर्छ ।

**उपदेशक १०:४ः** कुनै शासक हाम्रो विरुद्धमा बम्के भने, के गरे असल होला ? हामीले रिसले आफ्नो काम र पद छोड्नुहुँदैन । त्यस बेलामा हाम्रो निम्ति बरु नम्र र विनीत हुन असल हो । यस प्रकारको व्यवहारले तिनको रिस शान्त पार्न सक्छ र सिकिस्त अपराधहरूको निम्ति क्षतिपूर्ति गर्न सक्ला ।

**उपदेशक १०:५-६ः** यस अस्तवस्त संसारमा अर्को नमिलेको कुरा सुलेमानलाई के झन्झट लाग्यो भने, शासकको तर्फबाट न्यायसँगत नभएका निर्णयहरू र अन्यायहरू आउँदा रहेछन् । किनकि उपयुक्त योग्यताहरू नभएका मानिसहरू उच्च पदहरूमा नियुक्त हुन्छन्, तर सुयोग्य व्यक्तिहरूले साधारण नोकरीहरूमा आफ्ना प्रतिभाहरू खर्च गर्नुपर्छ ।

**उपदेशक १०:७ः** यसकारण नोकरहरू घोड़ाहरूमाथि बसेर सवार हुन्छन्, र शासकहरूले पैदल यात्रा गर्नुपर्छ । यस्ता असँगत कुराहरू राजनीतिमा, व्यवसायमा, सेनामा र धार्मिक क्षेत्रमा पनि देखिन्छन् ।

**उपदेशक १०:८ः** जुन मानिसले अरूलाई हानि पुर्‍याउन खाड़ल खन्छ, त्यो मानिस आफ्नै दुष्टताको शिकार हुनेछ । आफ्नो असल-खराब कामको प्रतिफल सुनिश्चित हुन्छ ।

ढुङ्गाको पर्खाल भत्काउने व्यक्तिलाई साँपले ठुङ्छ; किनकि त्यसले फोरेर अवैध रूपले अर्कोको जमिनमा पस्न खोजेको, कुनै बदमास काम गरेको अथवा सिमानाढुङ्गा सारेर जमिन मिच्न चाहेको थियो । कुनै न कुनै तरिकाले

त्यसले यसको मूल्य चुकाउनुपरेको छ ।

**उपदेशक १०ः९-१०ः** अँ, स्वीकार्णीय क्रियाकलापहरूमा पनि खतराहरू छन् । ढुङ्गाको खानीमा काम गर्ने मानिसलाई ढुङ्गाको चोट लाग्ने खतरा छ, र दाउरा चिर्ने व्यक्तिलाई बन्चरोबाट खतरा आउँछ ।

तीखा हतियारहरू लिएर काम गर्नु असल विचार हो; नत्र काम पूरा गर्न धेरै मेहनत पर्छ । बन्चरो तिखार्नमा समय खर्च गरिन्छ, तर यसरी काममा समय र बल बचाइन्छ । बुद्धिले छोटो, सीधा बाटो देखाउँछ अथवा श्रम बचाउने उपायहरू सिकाउँछ। अथवा श्री एच. सी. लोइपोल्डले अनुवाद गरेअनुसार 'बुद्धिले सफलताको मार्गको तयारी गर्छ ।' 34)

**उपदेशक १०ः११ः** सपराले आफ्नो मोहनी शुरु गर्नुभन्दा अगाड़ि साँपले उसलाई ठुङ्यो भने, यस सपराबाट के लाभ भयो र ? अथवा हाम्रो भनाइअनुसार 'घोड़ाको चोरी भएपछि तबेलामा ताला किन लगाएको ?' यसकारण बुझ्नुहोस्ः कतिपय कामहरूको महत्त्व र प्रभाव उचित समयमा गरेको फल हो । कति कामहरू हामीले समयमै गर्नुपर्छ ।

**उपदेशक १०ः१२-१३ः** बुद्धिमान् मानिसको मुखका शब्दहरू निगाहवान् छन्; यसैले यी शब्दहरूले गर्दा उसले कृपादृष्टि पाउँछ । तर मूर्खको बोली नै त्यसको पतन र विनाश हो । त्यसले सीधासादा बकबकबाट कुरा गर्न थाल्ला, तर त्यसको बातचितको अन्तमा सनक्कै पागलपन हुन्छ ।

**उपदेशक १०ः१४ः** मूर्ख मानिसले कहिले बोल्न छोड्नुपर्छ, सो जान्दैन । आम्मै हो, त्यसको मुखबाट शब्दमाथि शब्द र शब्दमाथि शब्द ओरिन्छन् ! त्यसैलाई मात्र सबै कुरा थाहा हुने गरी त्यो बोल्ने गर्छ । तर त्यसलाई के पो थाहा छ र ! त्यसको कहिल्यै टुङ्गा नहुने बकबकमा 'भविष्यमा म यस्तो-उस्तो गर्नेछु' भन्ने डीङ र धाक समावेश हुन्छ-हुन्छ । त्यो र यो धनी मूर्ख मानिस उस्तै छन्, जसले भन्योः *'अँ, म यसो गर्नेछु; म मेरा ढुकुटीहरू भत्काउनेछु र झन् ठूला-ठूला बनाउनेछु; अनि त्यहाँ म मेरा सबै अन्न र मेरा मालहरू राख्नेछु । अनि म मेरो प्राणलाई भन्नेछुः "हे प्राण, तँसँग धेरै वर्षको लागि राखिएका थुप्रै सम्पत्ति छन्; आराम गर्, खा, पी र आनन्द गर् !" '* (लूका १२ः१८-१९) । तर अब के हुने हो, यस धनवान् मूर्खलाई के थाहा ? त्यसले बरु यसो भन्नपर्नेथियोः 'प्रभुको इच्छा भयो भने, हामी बाँचौंला, अनि यो वा त्यो गरौंला' (याकूब ४ः१५) ।

**उपदेशक १०ः१५ः** मूर्ख मानिसले आफ्नो अदक्षता अनि आफ्नो उपजयुक्त नभएको र आफ्नो उत्पादनशील नभएको कामले आफूलाई थकाउँछ । त्यसले शहरजत्तिकै सुस्पष्ट भएको कुरा पनि देख्न सक्दैन, न आफ्नो बाटो फेला पार्न सक्छ । हुन सक्छ, सायद पानीझरीबाट कसरी उम्काइन्छ, सो कुरा धरि सिकाउने त्यसको समझ पनि छैन होला । साधारण मामिला कुराहरूको सम्बन्धमा त्यसको अज्ञानता यति विघ्न छ भने, त्यसले भविष्यको लागि कसरी योजना तयार गर्न सक्ला ? त्यसका भावी योजनाहरू कति हाँसउठ्दा होलान् ? !

**उपदेशक १०ः१६-१७ः** हाय, त्यस देशलाई, जसका शासक एउटा केटाजस्तै अपरिपक्व र सजिलोसँग प्रभावित हुन्छन् र जसका प्रशासकहरू आफ्नो कर्तव्यमा ध्यान दिनुको सट्टामा बिहानैदेखि मातिरहेका हुन्छन् ।

धन्य त्यो देश, जसका राजा चरित्रवान् र सज्जन हुन्छन् र जसका सह-शासकहरूले सुचरित्र र आत्मसंयम देखाउँछन् । किनकि तिनीहरूले मात्तको निम्ति होइन, तर बल र स्वास्थ्यको लागि खाने गर्छन् ।

**उपदेशक १०ः१८ः** निरन्तर अल्छीपन र सुस्तीपनले गर्दा एउटा घर भत्किन्छ – त्यस घरले कुनै सरकार, कुनै परिवार वा कसैको व्यक्तिको जीवन चित्रण गरोस् । लगातार स्याहारसुसारविना जुनै पनि घरको छत चुहिन्छ ।

**उपदेशक १०:१९:** खाना खाने बेला कति खुशीको समय हो ! अनि दाखमद्यले जीवनमा चमकदमक थपिदिन्छ । अनि रुपियाँपैसाले सबै कुरा प्राप्त हुन्छ ।

के सुलेमानले साँच्चै रुपियाँपैसा नै सबै सुखको कञ्जी हो भन्ने कुरा विश्वास गरे त ? सायद उनले भन्न खोजेको मतलब यो थियो, कि मानिसलाई चाहिएको सबै खानेकुरा र पिउने कुरा रुपियाँपैसाले किन्न सकिन्छ । अथवा हुन सक्छ, उनले सोह्र पदमा उल्लेख गरिएका, बिहानैदेखि मातिरहेका शासकहरूको मुखको शब्द उद्धृत गरे कि ? किनकि तिनीहरूको यो दुर्व्यवहारले तिनीहरूलाई कहाँ पुर्‍याउँछ, यसको विषयमा तिनीहरूलाई अठार पदमा चेताउनी दिइयो । एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'हो, रुपियाँपैसाले खुशीआनन्दबाहेक अरू सबै कुराहरू किन्न सकिएला, अनि स्वर्गको निम्ति बाहेक अरू जुनसुकै ठाउँको निम्ति टिकट किन्न सकिएला ।' मानिसको जीवनचाहिँ ऊसँग भएको सम्पत्तिको भरपूरीमाथि निर्भर गर्दैन ।

**उपदेशक १०:२०:** होशियार, न राजाको विरोधमा, न ता तिनका धनी कर्मचारीहरूको विरोधमा खराब बोल्नु हुन्छ ! कसैले नसुनेको जस्तै हामीलाई लाग्ला । तर भित्ताहरूका पनि कानहरू छन् है ! अनि कतै कुनै चराले त्यो बोलेको शब्द बोकेर राजदरबारमा लैजाला ! याद गर्नुहोस्ः विवेकहीन व्यवहारमा पखेटाहरू पलाउने अवगुण छ है ।

### ङ) उपदेशक ११:१-१२:८: सूर्यमनि असल कुरा यसरी फैलिन्छ

**उपदेशक ११:१:** *'आफ्नो रोटी पानीको सतहमाथि फालिदेऊ; किनभने धेरै दिनपछि तिमीले त्यो भेट्टाउनेछौ ।'* यहाँ, यस ठाउँमा रोटी अन्नको एउटा प्रतीक हो, किनकि अन्नबाट रोटी बनिन्छ । अनि पानीमाथि रोटी फालेको अर्थ के हो ? यसको सन्दर्भ कि त पानी भरिएका पानीखेतहरूमा बीउ छर्ने काम हो, कि त समुद्र-यात्रा गरेर पानीजहाजहरूमा गरिएको अन्नको व्यापार हो । जेसुकै भए पनि, आउनुहोस्, हामी यहाँ प्रस्तुत गर्न खोजेको विचार पक्रौंः हामीले असल कुराको व्यापक वितरण र मोठव्यापार गर्नुपर्छ, तब फसलको समयमा हामी प्रशस्त प्रतिफल पाउनेछौं ।

यस पदको अर्थ सुसमाचारको सम्बन्धमा पनि सत्य छ । जीवनको रोटी बाँड्दाखेरि हामी तुरुन्तै कुनै स्पष्ट देखिने नतिजा देख्न पाउँदैनौं, तर अन्तमा यस कामको फसल सुनिश्चित हुनेछ ।

**उपदेशक ११:२:** सात-आठजनालाई भाग दिनु भनेको **क)** केही रोकथाम नगरिने उदारता बुझिन्छ, अथवा **ख)** व्यापारका उद्यमहरूमा भएको बहुरूपता बुझिन्छ । यसको पहिलो अर्थ ठीक हो भने, हामीले समय छँदै कुनै मतलब नभएको भलाइ र निस्वार्थ उपकार गर्नुपर्छ; किनकि सम्भव छ, कि विपत्ति र दुर्भाग्यको समय आउला, जब हामी यसो गर्न सक्नेछैनौं । धेरैजसो मानिसहरू आपतकालको निम्ति बचत गर्छन्; तर यस पदले हामीलाई के सल्लाह दिन्छ भने, जीवनको अनिश्चितताले गर्दा हामीले एउटा खुला, अप्रतिबन्धित उदारताको भावना अपनाउनुपर्छ । अथवा यसको दोस्रो अर्थ ठीक हो भने, यसको विचार यो हुन सक्छः हामीले एकै कुरामा मात्र सबै लगानी गर्नुहुँदैन; हामीले हाम्रो व्यापारमा वा हाम्रो कामधन्धामा विभिन्न कुराहरूसित सरोकार राख्नुपर्छ । किनकि जब एउटा काम असफल भयो भने, हामीसँग अरू कामहरू छँदैछन्, जससित हामी अघि बढ्न सक्छौं । यो कुरा विविधीकरण भनिन्छ ।

**उपदेशक ११:३:** यस पदले अघिल्लो पदमा प्रस्तुत गरिएको विचार अगाड़ि बढ़ाउँदै लैजान्छ; यसको विशेष दृष्टिकोणचाहिँ यस पृथ्वीमा हामीमाथि आइपर्न सक्ने अज्ञात खराबी नै हो । किनकि जीवनमाथि आइपर्ने विपत्तिहरूको बारेमा यस पदले के सुझाउ दिन्छ भने, ती विपत्तिहरूको सम्बन्धमा सुनिश्चित अपरिहार्यता

र अदलबदल नहुने अन्तिमता छ। जसरी पानीले भरिएका बादलहरूले पृथ्वीमाथि पानी बर्साएर आफूलाई खाली गर्छन्, त्यसरी नै मानिसका सन्तानहरूमाथि पक्कै पनि समस्या र परीक्षाहरू आइपर्छन् । अनि ढालिएको रूख मुढ़ा रहिरहन्छ । त्यसको सुनिश्चित नियति यही हो ।

निम्न कवितामा यस पदको विस्तृत प्रयोग यसरी दिइएको छः

जसरी रूख ढालिन्छ, त्यसरी नै त्यो रहनुपर्छ;
जसरी मानिस जिउँछ, त्यसरी नै ऊ मर्नुपर्छ,
अनि जस्तै मानिस मर्छ, त्यस्तै ऊ रहिरहनुपर्छ,
अनन्तकालका सबै वर्षहरूभरि त्यस्तै रहिरहनेछ ।

श्री जोह्न राय

**उपदेशक ११ः४ः** हामी चाहिएको भन्दा बढ़ी सतर्क भएको सम्भव हुन्छ । हामी सिद्ध परिस्थितिहरू नभएसम्म पर्ख्यौं भने, हामीले केही पनि गर्नेछैनौं । सधैं केही न केही हावा-बतास चल्दैछ र सधैं आकाशमा बादलहरू हुन्छन् नै । हामी हावा शून्य भएको स्थिति पर्ख्यौं भने, हामीले आफ्ना बारीहरूमा बीउ कहिल्यै छर्नेछैनौं । हामीले पानी नपर्ने मौसमको निम्ति पर्खिबस्यौं भने, फसल उठाउन पाउनुभन्दा अघि नै बाली कुहिजानेछ । पूरा निश्चयताको निम्ति पर्खिबस्ने मानिसले सायद सधैंभरि पर्खिनुपर्नेछ होला ।

**उपदेशक ११ः५ः** हामीलाई सबै कुरा थाहा नभएको हुनाले हामीसँग भएको ज्ञान लिएर हामी अघि बढ़्नुपर्छ र आफ्नो जीवन चलाउनुपर्छ । हामी हावाबतासको चाल जान्दैनौं, अथवा गर्भवती स्त्रीको गर्भमा हड्डीहरू कसरी बनाइन्छन्, सो कुरा बुझ्दैनौं । ठीक त्यस्तै हामी परमेश्वरले गर्नुभएको हरेक काम जान्दैनौं र उहाँले किन यसो कि उसो गर्नुभएको, सो बुझ्दैनौं ।

**उपदेशक ११ः६ः** हामीलाई उक्त कुरा थाहा नभएकोले हाम्रो जीवनको सर्वोत्तम नीतिचाहिँ यो होः हामीले आफ्ना दिनहरू सबै किसिमका उत्पादनशील कामहरूले भर्नुपर्छ। कुनचाहिँ कामहरू सफल हुन्छन्, सो हामी जान्न सक्दैनौं; यसको निम्ति हामीसँग कुनै निश्चित तरिका छैन । हुन सक्छ, हाम्रा सबै कामहरू सफल होलान् । कसले जान्दछ ?

परमेश्वरको वचन फैलाउने काम सफल हुन्छ नै, यसको सफलता सुनिश्चित छ । तर यस सम्बन्धमा पनि कुरा यस्तो छः कतिवटा तरिकाहरू अरू तरिकाहरूभन्दा बढ़ी फलवन्त छन् । यसकारण प्रभुको सेवामा हामी थाक्नुहुँदैन, तर बहुमुखी प्रतिभावान्, निपुण र विश्वासयोग्य हुनुपर्छ ।

अनि हामीले आफ्नो जीवनको बिहानीमा रोप्नुपर्छ, र आफ्नो जीवनको साँझसम्म अथक परिश्रम गर्नुपर्छ । उहाँको निरन्तर सेवा गर्ने हाम्रो बोलावट भएको छ ।

**उपदेशक ११ः७-८ः** यस पदमा ज्योतिले युवावस्थाका चम्किला, उज्याला दिनहरू सङ्केत गर्ला । जवान हुनु कति मज्जाको कुरा हो ! ओहो, स्वस्थ, बलियो र जोशले तातिएको, फूर्तिलो हुनु कति रमाइलो ! तर मानिसले जति धेरै वर्षहरूसम्म जोश र समृद्धिबाट आनन्द उठाओस्, तर ऊ अन्धकारका दिनहरू अवश्य आउने नै छन् भन्ने कुराको विषयमा सचेत रहनुपर्छ। बुढ़ेसकालका पीड़ा र दर्दहरू अपरिहार्य छन्। बुढ़ेसकालचाहिँ जीवनको उराठलाग्दो र कामसामविनाको समय हो ।

**उपदेशक ११ः९ः** यस पदको विषयमा हामीलाई भन्न गाह्रो छ, के यो वृद्ध मानिसको हितकारी सल्लाह हो कि ? कि के यो एक निराश भएको मानिसको कुटिलता हो ? उनको सल्लाह यस प्रकारको छः 'तिमीले आफ्नो हृदयका इच्छाहरूअनुसार गर्नू र आँखाहरूले भ्याएसम्म हेर्नू ! तर याद गर, कि अन्तमा परमेश्वरले यी सबै कुराहरूको विषयमा तिम्रो न्याय गर्नुहुनेछ !' अनि न्याय गर्नु भनेको यसको सन्दर्भअनुसार बुढ़ेसकालरूपी न्याय हो । किनकि बुढ़ेसकाल-चाहिँ सुलेमानको दृष्टिमा बाल्यावस्था र

जवानीमा गरेका पापहरूको निम्ति ईश्वरीय प्रतिफल हुन्थ्यो ।

**उपदेशक ११ः१०ः** *'यसकारण आफ्नो हृदयबाट चित्तदुःखाइ हटाऊ र आफ्नो शरीरबाट खराबी पर सार; किनभने बाल्यावस्था र जवानी व्यर्थै हुन् ।'* जवान हुँदा सकेसम्म धेरै आनन्द लेऊ, अनि फिक्रीचिन्ता र र दुःखकष्ट कम गर ! (खराबीको शब्दको अर्थ यहाँ पाप होइन, तर कष्ट होला) । बाल्यकाल र युवावस्था व्यर्थ हुन्; किनभने बाल्यावस्था र जवानीको समय धेरै छोटो छ ।

अब हामी बाह्र अध्यायमा पस्न लागेका छौं, जसको पहिलो भागमा बुढ़ेसकालको उत्कृष्ट परिभाषा गरिएको छ। अरू साहित्यहरूमा योजस्तै उत्कृष्ट वर्णन कहीं पाइँदैन । यसले त जराविज्ञानको पत्रिकाका सम्पादकको मनमा जलन पो पैदा गर्ला । यस खण्डमा अर्थ सतहमा छैन; किनभने यो वर्णन एउटा रूपकको रूपमा प्रस्तुत गरिएको छ । तर पढ्दै जाँदा नभन्दै हाम्रो मनका आँखाको सामु एउटा चित्र देखा पर्छः यहाँ हिँड्दै गरेको बेलामा पूरा डगमगाइरहेको एउटा बूढ़ा मानिस प्रस्तुत गरिएको छ, जो आफ्ना खुट्टाहरू घिसार्दै नरोकीकन चिहानतिर लम्किरहेको छ, जोचाहिँ मानौं एउटा हिँड़िरहेको जराचिकित्सक संग्राहालयजस्तै छ ।

**उपदेशक १२ः१ः** 'आफ्नो जवानीका दिनहरूमा आफ्ना सृष्टिकर्ताको सम्भना गर !' अब बुढ़ेसकाल र वृद्धताको शोकाकुल तस्बिर देख्छौं, जसले विशेष गरी हाम्रा युवाहरूलाई 'आफ्नो युवावस्थामा आफ्ना सृष्टिकार्ताको सम्भना गर' भन्ने चेताउनी दिन्छ । याद रहोस्ः 'आफ्ना प्रभु, आफ्ना मुक्तिदाता वा आफ्ना उद्धारकको सम्भना गर' भनेर सुलेमानले यहाँ भन्दैनन्, तर 'आफ्ना सृष्टिकर्ताको सम्भना गर' भनेर भनेका छन्। किनकि सुलेमानले सूर्यमनिको आफ्नो स्थान र दृष्टिकोणबाट हेर्दा परमेश्वरलाई सृष्टिकार्तको रूपमा चिन्नु नै उनको निम्ति एकमात्र तरिका थियो । तर उनले दिएको सल्लाह राम्रो छः हो, हे युवाहरूहो, तिमीहरूले आफ्नो जीवनका दिनहरू सकिनुभन्दा, त्यसको सूर्यास्त हुनुभन्दा अघि आफ्ना सृष्टिकर्ताको सम्भना गर्नुपर्छ; किनकि तिमीहरूको जीवन अस्ताएको बेलामा अप्ठ्यारा र क्रूर दिनहरू आउनेछन् – यस्ता वर्षहरू आउनेछन्, जुन वर्षहरूमा तिमीहरूको एउटै सुख र एउटै आनन्द पटक्कै हुनेछैन नै। यसकारण तिमीहरूको आकाङ्शा निम्न पङ्क्तिहरूअनुसार भएको होस्ः

हे प्रभु, मेरो शक्तिको पूर्णतामा,
म तपाईंको निम्ति बलियो हुन चाहन्छु;
मेरो जीवन सुखैसुखले भरिएर पोखिरहेको बेलामा
तपाईंकहाँ मेरो गीतको सोर उठ्नुपर्छ ।

म यस संसारलाई मेरो हृदय दिएर
'तपाईंलाई प्रेम गर्छुँ भनेर भन्दिनँ;
अनि मेरो बल सकिएको बेलामा
म तपाईंको सेवा गर्नेछैनँ ।

म ठूलो उमङ्ग र पूरा जोशको साथ
संसारले मलाई अह्राएका कामहरूमा लाग्ने होइनँ,
अँ, म गलेका खुट्टाहरूसित विस्तार-विस्तारै
स्वर्गीय पहाड़तिर उकालो लाग्ने होइनँ ।

अहँ, तपाईंको निम्ति मेरा कमजोर इच्छाहरू हुने होइनन्,
तपाईंको निम्ति मेरो घटिया, क्षुद्र भाग हुने होइन;
अहँ, तपाईंको निम्ति मेरो निभ्ने आगो हुने होइन,
तपाईंको निम्ति मेरो हृदयका खरानीहरू हुने होइनन् ।

हे प्रभु, मलाई मेरो सुनौलो समयमा चुन्नुहोस्,
मेरा परम आनन्दहरूमा तपाईंको भाग हुनुपर्छ;
मेरो गौरवशाली जवानी रमेरो सम्पूर्ण हृदय तपाईंको हुनुपर्छ। [35)]

श्री थोमस एच. गिल

**उपदेशक १२ः२ः** बुढ़ेसकाल कस्तो समय हो ? बुढ़ेसकालचाहिँ बत्तीहरू निभ्ने बेला हो,

शारीरिक हिसाबले र मानसिक हिसाबले पनि । तब दिनहरू उराठलाग्दा हुन्छन्, र रातहरू लामा हुन्छन्; तब उदासीनता र निरशा शुरु हुन्छ ।

हाम्रो जीवनका शुरुका वर्षहरूमा पनि केही पानीझरी भएको थियो, अर्थात् हाम्रो जीवनमा केही कष्ट र निराशा थियो । तर पानी परेपछि फेरि घाम लाग्थ्यो, र तुरुन्तै हाम्रो हिम्मत फेरि जाग्थ्यो । तर अबचाहिँ घमाइला दिनहरू गइसकेका र हरेक झरीपछि पानी पर्ने सम्भावना बोकेर बादलहरू फेरि देखा परिहाल्दा रहेछन् ।

यसकारण बुझ्नुहोस्ः युवावस्थाचाहिँ आफ्ना सृष्टिकर्ताको सम्झना गर्न सठीक समय हो; किनभने त्यस बेलामा सूर्य, चन्द्रमा र ताराहरू अँध्यारा हुँदैनन्, र पानीझरी भएपछि बादलहरू फर्केर आउँदैनन् ।

**उपदेशक १२ः३ः** अब यस पदमा एउटा घरचाहिँ वृद्ध मानिसको शरीरको चित्रण गर्छ । अनि घरका रक्षकहरू उसका पाखुरा र हातहरू हुन्; बितेको समयमा उसका हातहरू बलिया र सक्रिय थिए, तर अबचाहिँ ती हातहरू चाउरी परेका, कड़ा र पार्किन्सन-रोगले काँपिरहेका छन् ।

अनि ती बलवान् मानिसहरूको विषयमा कसो हो ? तिनीहरू उसका खुट्टाहरू र तिघ्राहरू हुन् । अब उसका खुट्टाहरू सीधा छैनन्, हृष्टपुष्ट छैनन्, तर कोष्ठक चिन्हहरूजस्तै खुम्चिएका छन्, मानौं शरीरको ओजनले गर्दा झुकिगएका छन् ।

जाँतो पिँध्नेहरूले काम गर्न छोड़ेका छन्, किनकि तिनीहरू थोरै भए; अर्थात् दाँतहरूले अब चपाउन सक्दैनन्; किनभने माथिका दाँत-हरूका निम्ति मनिका दाँतरूपी जोड़ी हुँदैनन् । दाँतका डाक्टरले यस अवस्थाको नाम ‘दाँतको अपुग टोकाइ’ भन्ने नाम दिएका छन् ।

झ्यालहरूबाट बाहिर हेर्नेहरू अँध्यारा भएका छन् । उसका आँखाहरू लगातार रूपले कमजोर हुँदै गएका छन् । पहिले उसलाई बाइफोकल लेन्सको चस्मा, त्यसपछि त्राइफोकल लेन्सको चस्मा र त्यसपछि मोटिबिन्दुको शल्यक्रिया आवश्यक भएको थियो । अनि अबचाहिँ उसका आँखाहरूले आवर्धक लेन्सको सहायताले ठूला-ठूला अक्षरहरू मात्र पढ्न सक्छन् ।

**उपदेशक १२ः४ः** सड़कमा ढोकाहरू बन्द भएका छन् । यसको सन्दर्भ उसका कानहरू हुन् । हरेक कुरा घरिघरि दोहोऱ्याएर उसलाई भन्नुपर्छ । किनकि घट्टको पिँधाइजस्तै ठूला-ठूला आवाजहरू समेत उसको निम्ति धीमा र अस्पष्ट भए ।

यो वृद्ध मानिस अनिद्राग्रस्त हुन्छ; बिहानै जब पहिलो चराले चिरबिराउन थाल्छ र भाले बास्छ, तब ऊ झसङ्ग बिउँझन्छ र सबेरै उठ्छ ।

सबै गायिकाहरूको सोर धीमा भयो; किनकि उसका स्वर रज्जुहरू निक्कै बिग्रिएका छन् । उसको आवाज खस्रो छ र हल्लिन्छ, गीत गाउने कुरा परै जाओस् ।

**उपदेशक १२ः५ः** ऊ अग्लो कुराबाट डराउने भएकोले उत्तुङ्गको डर पैदा हुन्छ; चाहे सीढ़ी चढ़ेर होस्, कि अग्ला-अग्ला भवनहरूबाट तल हेरेर होस् वा विमानमा सवारी गरेर किन नहोस्, उसलाई साह्रै डर लाग्दैछ ।

बाटोहुँदै उसलाई डरैडर हुन्छ। उसमा आत्मविश्वास छैन, त्यो हराएर गयो । कतै एकलै जानु, अहँ, उसले गर्नै सक्दै सक्दैन, रातको अन्धकारमा निस्कने कुरा नगरे हुन्छ ।

अनि हाड़े बदामको फूल फुलेको रूखको विषयमा के हो ? प्रायः त्यसले सेतो फुलेको कपालको अर्थ लिन्छ; किनकि पहिले हाड़े बदामको रूखका फूलहरू प्रशस्त हुन्छन्, त्यसपछि यी फूलहरू भुइँमा खस्छन् ।

फट्याङ्ग्राको अर्थ दुई किसिमले दिन सकिन्छ । पहिलो अर्थमा, फट्याङ्ग्रा एउटा भारी हो; यसर्थ वृद्ध मानिसको निम्ति सबै-भन्दा हल्का थोकहरू पनि बोक्न नसकिने भारी पो हुँदा रहेछन् । अथवा एन.ए.एस.बी.को अनुवादअनुसार दोस्रो अर्थमा फट्याङ्ग्राले यस

वृद्ध मानिसको व्यङ्ग्य-चित्रण गर्छ; ऊ झुकेको छ, ऊ कुप्रिएको छ, ऊ घिस्रँदै र सानो ढुङ्गामा ठोकिँदै र ठेस खाँदै ताल नमिलेको चालमा अगाड़ि बढ्दै जान्छ ।

उसको चाहना मर्छ । यसर्थ उसको भोक घट्छ र अन्तमा उसलाई भोकै लाग्दैन । उसको निम्ति खानामा मीठो स्वाद हुँदैन; उसलाई खाना खाने रुचि हुँदैन; अनि उसका अन्य आधारभूत चाहनाहरू पनि मरेर जान्छन् । उसको यौन-शक्ति हराएको छ ।

यो नष्ट पार्ने प्रक्रिया चल्दैछ; किनभने मानिस आफ्नो मृत्युरूपी दीर्घकालीन घरमा, उसको चिहानतिर जाँदैछ, अनि चाँड़ै उसको अन्तेष्टि गर्ने शोक-यात्रीहरूलाई सड़कमा जाँदै गरेका देखिन्छ ।

**उपेदशक १२ः६ः** अनि यसले गर्दा बुद्धिमान् मानिसको सल्लाह छः चाँदीको तार चुँड़िनुभन्दा अघि, सुनको कचौरा फोरिनुभन्दा अघि, मुहानमा माटोको गाग्रो फुट्नुअघि र इनारको चक्का भाँचिनुभन्दा अघि हामीले आफ्ना सृष्टिकर्ताको सम्झना गर्नुपर्छ । यी सबै शब्द-चित्रहरूमा सही अर्थ लगाउन हामीलाई गाह्रो छ ।

तर हुन सक्छ, चाँदीको तार चुँड़िनु भनेको शरीरबाट आत्मा निस्कँदा जीवनको कोमल धागो चुँड़िनु हो । श्रीमती फानी जे. क्रस्बी नामक अन्धा कविले निम्न कविता लेख्दै गर्दा कुरा यसरी बुझिन्ः

कुनै दिन चाँदीको तार चुँड़िन्छ,
र म अहिलेजस्तै गाउनेछैनँ;
तर ओहो, मेरो परम आनन्द तब हुनेछ,
जब म राजाको दरबारभित्र बिउँझनेछु ।[36)]

अब सुनको कचौराको कुरा आयो । सुनको कचौरामा मानिसको खोपड़ी बुझिन्छ; अनि खोपड़ी फुट्नु भनेको काव्यात्मक अर्थमा मृत्युको समयमा मानिसको दिमागले काम गर्न छोड्नु हो ।

अनि फुटेको गाग्रो र भाँचिएको चक्का सँगै लिँदा कुन अर्थ निस्कन्छ त ? हाम्रो अर्थ लगाइ सन्दर्भको फल होः हुन सक्छ, मानिसको रक्त सञ्चार बन्द हुने बेलामा सिस्टोलिक र डायस्टोलिक रक्तचापमा गड़बड़ी आएको होला त नि, कि कसो हो ?

**उपदेशक १२ः७ः** तब शव-काठिन्य शुरु हुन्छ । त्यसपछि त्यो मृत शरीर माटोमा फर्कन थाल्छ, तर मानिसको आत्माचाहिँ परमेश्वरकहाँ फर्कन्छ, जसले त्यो आत्मा दिनुभयो । सुलेमानलाई यस्तै लाग्थ्यो । अनि ख्रीष्ट-विश्वासीहरूको सम्बन्धमा उनको निष्कर्ष साँचो थियो । तर विश्वास नगर्ने मानिसको आत्मा पातालमा जान्छ, त्यो ठूलो सेतो सिंहासनको सामु न्यायमा नउभिएसम्म त्यहाँ पर्खनेछ । त्यसपछि मानिसको शरीरसँग त्यस आत्माको पुनर्मिलन हुनेछ र सम्पूर्ण व्यक्ति – त्यसको आत्मा, प्राण र शरीर आगोको कुण्डमा फालिनेछन् (प्रकाश २०ः१२-१४) ।

**उपदेशक १२ः८ः** अनि यसरी नै यी उपदेशक चक्कर लाएर शुरुमा आइपुगे, जहाँबाट उनले आफ्नो खोज शुरु गरेः सूर्यमनिको जीवन व्यर्थ छ, अर्थहीन छ, क्षणिक छ, रित्तो छ। यो उनको सामान्य सिद्धान्त थियो । उनको दयनीय नाराले मलाई एउटी सानी केटीको याद दिलाउँछ, जो मेलामा गएकी र त्यहाँ अबेरसम्म बसेकी थिई ।

म सङ्गीत सधैंभरि बजेको सुन्न चाहन्छु,
तर के, के म मेलामा बढ़ी समय बसेकी ?
मैले जोकरलाई निरन्तर आफ्नो अनुहार बिगारेको हेर्न चाहन्छु,
तर के, के म मेलामा बढ़ी समय बसेकी ?
मैले आफ्नो कपाल बाँध्न निला रिबनहरू किनेकी छु, तर मैले यहाँ मेरो वास्ता गर्ने एकैजनालाई पनि भेट्टाउन सकिनँ ।
अरे, हिँड़ोला सुस्त हुन थालेको छ;
आहा, म त मेलामा बढ़ी समय बसेकी रहिछु ।

मलाई सधैं मेला लाग्ने शहरमा बस्न मन लाग्यो,
जहाँ जताततै हाँसो र प्रेम छ ।
म आफ्ना साथीहरूसँग रोमहर्ष र मोज गर्न चाहन्छु ।

अनि कसैले मेरो वास्ता गरेको मैले चाहना गरेको छु ।
एक समयमा मेरा यी रिबनहरू चम्किला र नयाँ थिए, तर अब मैले ती रिबनहरू निला नभएका, तर फिक्का भएका देखें ।
किनकि हिँड़ोलाले मेरो ठट्टा गर्न थालेको छ;
के म मेलामा बढ़ी समय बसेकी ?
त्यहाँ मेरो निम्ति पाउनु केही पनि थिएन,
किनकि कसैले पनि मेरो चाहनाअनुसार गरेन;
के म मेलामा बढ़ी समय बसेकी होइन र ?
अवश्य । [37]

श्री बिलि बर्नस

हामी यहाँ सूर्यमनिको जीवनको शून्यताको बारेमा सुलेमानको अन्तिम सन्दर्भ-पदमा आइपुग्यौं । मलाई एउटा कथाको सम्झना आउँछ, जुन कथाचाहिँ श्री ए. स्टन्ली जोन्सले सुनाउने गर्थे:

'तिनले पानीजहाजमा यात्रा गर्दै-गर्दा धेरै मोटा जीउ भएका लोग्नेस्वास्नीसँग तिनको भेट भयो; तिनीहरूका अनुहारहरू भैंसीजस्ता मोटा थिए । तिनीहरू एक भोजनदेखि अर्को भोजनको निम्ति जिइरहेका थिए । तिनीहरू दुईजना कामबाट अवकाशप्राप्त वृद्ध मानिसहरू थिए; अनि तिनीहरूसँग प्रशस्त धन त थियो, तर तिनीहरूसँग खास केही पनि थिएन ।

वेटरहरूले तिनीहरूलाई उत्तम सेवा नदिएका हुनाले तिनीहरू उनीहरूसँग रिसाए । तिनीहरूलाई खाना नपाएर भोकले मर्ने डर लागेको थियो । कुरा मेरो निम्ति यस्तो देखिन्थ्यो । तिनीहरूको शारीरिक भोक नै तिनीहरूको एकमात्र चाहना थियो । मैले तिनीहरूलाई कहिल्यै कुनै किताब, कुनै पत्रिका वा कुनै खबर-कागज पढ़ेका देख्दिनथिएँ । तिनीहरू अर्को खाना खान पर्खे र तिनीहरू एकटक लाएर शून्यतिर हेर्दैबसे, वास्तवमा, तिनीहरूलाई साह्रै बोरिङ्ग भइरहेको थियो, र तिनीहरू अर्को खानाको लागि पर्खिरहे ।

एक रात मैले तिनीहरूलाई यसरी नै बसिरहेका र शून्यतातिर एकटक लाएर हेरिरहेका देखें; त्यस बेलामा अचानक लोग्नेको दिमागमा एउटा विचार चम्किएको थियो । ती लोग्ने आतसखानकहाँ गए र त्यसको डिलमाथि रहेका फूलदानीहरू उठाए, र तीभित्र हेरे; अनि त्यसपछि आफ्नी पत्नीकहाँ फर्केर तिनले यिनलाई भने: 'होनी, फूलदानीहरू रित्ता छन् !' तर ती फूलदानीहरू मात्र होइन, तर ती दुवैजनाका मन र दिमाग पनि खाली थिए । तिनीहरूका पैसाका थैलीहरूमा भरिभराउ त थियो, तर तिनीहरूका आत्मामा केही पनि थिएन । अनि त्यो नै तिनहरूको सजाय थियो । तिनीहरूको न्यास्रोपन सुनिश्चित थियो; तर तिनीहरूको जीवनमा चाख-लाग्दो, जोशिलो, फूर्तिलो केही पनि थिएन । तिनीहरूका पेटीहरू ठूला र लामा थिए, तर तिनी-हरूको ज्ञान र अनुभवको परिधि निक्कै साँघुरो थियो ।' [38]

# खण्ड ४

# उपदेशक १२:९-१४:

## उपसंहार: सूर्यमनि भएको सबैभन्दा असल कुरा यही हो

**उपदेशक १२:९:** यी उपदेशक आफै बुद्धिमान् थिए; योबाहेक उनले आफ्नो ज्ञान अरू मानिसहरूसित पनि बाँड़चुँड़ गर्थे । उनले आफ्नो बुद्धि हितोपदेशहरूको रूपमा प्रस्तुत गर्न खोजे; यसकारण उनले यी हितोपदेशहरू रच्दा यिनका शब्दहरू ध्यानपूर्वक जाँचे र यिनको विशुद्धता र यथार्थता परख गरेर हेरे ।

**उपदेशक १२:१०:** उनले यिनका शब्दहरू होशियारसाथ छाने । उनले सान्त्वनादायक, मनोहर र सत्य शब्दहरू एकसाथ जोड़्न प्रयास गरे । यो त एउटा पुष्टिकर, स्वादिष्ठ भोजन

तयार गर्नुजत्तिकै हो, जुनचाहिँ अजमोदा वा धनियाँका पातहरूको साथ पस्किन्छ ।

**उपदेशल १२ः११ः** बुद्धिमान् मानिसहरूका शिक्षाहरू तीखा सुइराहरूजस्ता छन्ः सरल, सीधा र विश्वास दिलाउने खालका हुन्छन् । अनि यी एकै गोठालाबाट संग्रह गरिएका उक्तिहरू तम्बूलाई स्थिरता दिने असल ढङ्गले गाड़िएका काँटी वा खुटीहरू हुन्छन् । यी उक्तिहरू शक्तिबल दिनुको साथै कीलाको काम पनि गर्छन्; किनभने हामी यी उक्तिरूपी कीलाहरूमा हाम्रा विचारहरू टँगाउन सक्छौं ।

अङ्ग्रेजीमा धेरैजसो बाइबलका संस्करणहरूले यस पदमा 'गोठाला' भन्ने शब्द बड़ा अक्षरहरूमा लेख्ने गर्छन्; यसको मतलब हो, कि अनुवादकहरूले यो गोठाला शब्द परमेश्वरलाई सङ्केत गरेको अर्थमा बुझे । तर हामीले याद गर्नुपर्छ कि मध्यपूर्वका मानिसहरूको धारणाअनुसार राजालाई प्रजाको गोठालाको रूपमा हेरिन्थ्यो । श्री होमरले भनेः 'सबै राजाहरू जनताका गोठालाहरू हुन् ।' यसो हो भने, राजा सुलेमानले यहाँ आफूलाई ती गोठालाको रूपमा पेश गरेका सम्भव देखिन्छ । अनि सन्दर्भअनुसार यो अर्थ बढ़ी मिल्दो हुन्छ ।

**उपदेशक १२ः१२ः** सुलेमानले यस विषयको तलाश निःशेष गरेको देखिँदैन । उनले यस विषयमा अझ धेरै लेख्न सक्नेथिए, तर यसो गर्दा उनी यही निष्कर्षमा आइपुग्नेथिए । उनले यहाँ पाठकवर्गलाई चेताउनी दिएर भन्छन्ः अनगिन्ती किताबहरू लेखिनेछन् र प्रकाशन गरिनेछन्; अनि ती सबै किताबहरू पढ्नुपरेको भए यस कामले हामीलाई निक्कै थकाउँथ्यो । तर हामीलाई यसको के फिक्री ! ती किताबहरूले अरू के प्रकट गर्नेथिए ? ती किताबहरूले जीवनको व्यर्थता प्रकट गर्नेथिए ।

**उपदेशक १२ः१३ः** उनको अन्तिम निष्कर्ष पढ्दा हामीलाई के लाग्छ भने, ओहो, बल्ल उनको धारणा सूर्यदेखि माथिको तहमा उठेको रहेछ । किनकि उनले अन्तमा यसो भनेका छन्ः *'परमेश्वरको भय मान र उहाँका आज्ञाहरू पालन गर; किनकि मानिसको सम्पूर्ण कर्तव्य यही हो ।'* मानिसको एकमात्र कर्तव्य परमेश्वरको भय मान्नु र उहाँका आज्ञाहरू पालन गर्नु हो रहेछ । तर परमेश्वरको भय मान्नु मुक्ति हासिल गरिने विश्वास होइन भन्ने कुरा हामीले मनमा राख्नुपर्छ । परमेश्वरको भय मान्नु भनेको यहाँ, यस ठाउँमा सृष्टि गरिएको प्राणी एउटा दासजस्तै आफ्ना सृष्टिकर्ताको सामु भयातुर हुनु हो । अनि उहाँका आज्ञाहरूचाहिँ पुरानो नियममा प्रकट भएको दस आज्ञारूपी परमेश्वरको व्यवस्था नहुनु सम्भव छ । तब उहाँका आज्ञाहरू हामी यहाँ कुन अर्थमा लिऔं ? उहाँका आज्ञाहरू ती आदेश र नियमहरू हुन सक्छन्, जुन आदेश र नियमहरू परमेश्वरले मानिसको हृदयमा लेखेर सहजज्ञानको रूपले हालिदिनुभयो ।

अर्को शब्दमा भन्नु हो भने, हामीले सुलेमानका यी शब्दहरूमा उच्च स्तरको आत्मिक अन्तर्दृष्टि देख्नुपर्दैन । हुन सक्छ, ती शब्दहरू एकजना बुद्धिमान् मानिसको निष्कर्ष होलान्, जुन मानिस आफ्नो सहजज्ञानबाट र आफ्नो व्यावहारिक अनुभवबाट यस निष्कर्षमा आइपुगे ।

परमेश्वरको भय मान्नु र उहाँका आज्ञाहरू पालन गर्नु मानिसको सम्पूर्ण कर्तव्य हो । उसको कर्तव्य मात्र होइन, तर यो त एउटा पूर्ण र सुखी जीवनका आधारभूत तत्त्व पनि हो ।

**उपदेशक १२ः१४ः** *'किनकि परमेश्वरले हरेक काम र हरेक गुप्त कुराको न्याय गर्नुहुनेछ, चाहे त्यो असल होस्, चाहे खराब ।'* यहाँ, यस पदमा परमेश्वरको भय मान्ने र उहाँका आज्ञाहरू पालन गर्ने प्रेरणाचाहिँ भावी न्यायको निश्चयता हो । हे ख्रीष्ट-विश्वासीहरूहो, हामी अनन्तअनन्तसम्म कृतज्ञ हुनुपर्छ; किनकि मुक्तिदाता प्रभुले हामीलाई यस प्रकारको भयबाट छुटकारा दिनुभयो ।

*'प्रेममा कुनै डर हुँदैन; तर सिद्ध प्रेमले डर निकालिदिन्छ; किनभने डरमा बढ़ी पीड़ा हुन्छ । जो डराउँछ, ऊ प्रेममा सिद्ध भएको छैन ।'* १ यूहन्ना ४ः१८

हामीचाहिँ डरको कारणले न विश्वास गर्छौं, न आज्ञापालन गर्छौं; तर प्रेमको कारणले हामी प्रभु येशूमाथि भरोसा राख्छौं र उहाँको आज्ञा-पालन गर्छौं। गलगथामा प्रभु येशूले पूरा गर्नुभएको त्राणको कामको खातिर हामीसँग यो निश्चयता छ कि हामी कहिल्यै न्यायमा पर्नेछैनौं; किनकि हामी मृत्युबाट जीवनमा सरिसकेका छौं (यूहन्ना ५ः२४)। अब हामी भन्न सक्छौंः

मेरो लागि कुनै दण्डको आज्ञा छैन,
मेरो लागि कुनै नरक छैन;
मेरा आँखाहरूले त्यो यातना र त्यो आगो कहिल्यै
देख्नेछैनन्;
मेरो लागि कुनै न्यायको फैसला छैन,
मेरो लागि कुनै खील छैन;
किनकि मलाई प्रेम गर्नुहुने प्रभुले
मलाई आफ्ना पखेटामनि रक्षा गर्नुहुनेछ ।

श्री पावल गेर्हार्ट

## FOOTNOTES:

1) **Introduction:** L. S. Chafer, Systematic Theology, I:83.
2) **Introduction:** See Gleason Archer, A Survey of Old Testament Introduction, pp. 478–88.
3) **Introduction:** Megillah 7a; Sabbath 30.
4) **Introduction:** W. Graham Scroggie, Know Your Bible, I:143.
5) **Introduction:** Solomon is widely held to be a "type" (or picture) of Christ reigning in peace during the Millennial Kingdom.
6) **Introduction:** Quoted by W. Graham Scroggie, *Know Your Bible*, I:144
7) **1:3:** H. L. Mencken, quoted by Bill Bright, Revolution Now, 1969, p. 15.
8) **1:4:** Will Houghton, "By Life or by Death."
9) **1:8:** Author unknown. "Thou Alone, Lord Jesus," in Hymns of Grace and Truth, no. 220.
10) **1:13:** Malcolm Muggeridge, Jesus Rediscovered, p. 11.
11) **1:13:** For example, this name was used by other Semitic nations, and even in the OT *Elohim* is used for false "gods." It is debated whether Satan's words in Genesis 3:5 should be translated "You shall be like God" (NKJV) or "You shall be like gods" (NEB, Knox).
12) **1:15:** Robert Laurin, "Ecclesiastes," in The Wycliffe Bible Commentary, p. 587.
13) **2:1:** B. E. "None but Christ Can Satisfy!" in Hymns of Truth and Praise, no. 306.
14) **2:8:** Samuel Johnson, The History of Rasselas, Prince of Abyssinia, ed. J. P. Hardy.
15) **2:8:** Quoted by David R. Reuben, "Why Wives Cheat on Their Husbands," in Reader's Digest, Aug. 1973, p. 123.
16) **2:11:** Ralph Barton, quoted by Denis Alexander, Beyond Science, p. 123. Used by permission of Lion Publishing.
17) **2:11:** E. Stanley Jones, Growing Spiritually, p. 4.
18) **2:17:** Choice Gleanings Calendar. Grand Rapids: Gospel Folio Press.
19) **2:18:** C. E. Stuart, *Thoughts on Ecclessiastes*, in Assembly Writers Library, Vol. 5, p. 186.
20) **2:21:** Robert Jamieson, A. R. Fausset, and David Brown, Critical and Experimental Commentary on the Old and New Testament, III:518.
21) **2:25:** Jules Abels, The Rockefeller Billions, p. 299.
22) **3:15:** *Table Talk*, Vol. 11, No. 4, August 1987, p.3
23) **3:21:** The same Hebrew word translated spirit can also mean breath.

**24) 4:1:** James Russell Lowell, “The Present Crisis,” in Complete Poetical Works, p. 67.

**25) 4:4:** Cited by Henry G. Bosch, Our Daily Bread, 24 May 1973.

**26) 4:4:** Quoted by Bill Bright, Revolution Now, p. 37.

**27) 5:15:** Choice Gleanings Calendar.

**28) 6:9:** H. C. Leupold, Exposition of Ecclesiastes, p. 141.

**29) 7:20:** H. C. Leupold, Ecclesiastes, p. 167.

**30) 7:28:** G. C. Morgan, Searchlights from the Word, p. 217.

**31) 9:4:** Dogs in the Middle East are often snarling curs that feed on garbage and run wild through the streets, not the beloved pets of Western homes.

**32) 9:9:** The Gilgamesh epic, quoted by H. C. Leupold, Ecclesiastes, p. 216.

**33) 9:9:** Denis Alexander, Beyond Science, pp. 132–33. Used by permission of Lion Publishing.

**34) 10:9-10:** H. C. Leupold, Ecclesiastes, p. 242.

**35) 12:1:** Thomas H. Gill, “Lord in the Fullness of My Might,” in Hymns, no. 26.

**36) 12:6:** Fanny J. Crosby, “Saved by Grace,” in Hymns of Truth and Praise, no. 621.

**37) 12:8:** Billy Barnes, “I Stayed Too Long at the Fair.” Used by permission.

**38) 12:8:** E. Stanley Jones, Is the Kingdom of God Realism?, pagination unknown.

## BIBLIOGRAPHY:

Delitzsch, Franz. "Ecclesiastes." In *Biblical Commentary on the Old Testament*. Vol. 18. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Eaton, Michael A. *Ecclesiastes*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1983.

Erdman, W. J. *Ecclesiastes*. Chicago: B.I.C.A., 1969.

Hengstenburg, Ernest W. *A Commentary on Ecclesiastes*. Reprint. Minneapolis: James and Klock Christian Publishing Co., 1977.

Lange, John Peter, ed. "Ecclesiastes." In *Commentary on the Holy Scriptures*. Vol. 7. Reprint (25 vols. in 12). Grand Rapids: Zondervan Publishing House, 1960.

Laurin, Robert. "Ecclesiastes." In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Leupold, H. C. *Exposition of Ecclesiastes*. Grand Rapids: Baker Book House, 1952.

MacDonald, William. *Chasing the Wind*. Chicago: Moody Press, 1975.